DS
493
.789+

# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या १०
माघ २०२६

Number 10
January 1970

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थानः
साझाप्रकाशन
पुलचोक, ललितपुर ।

To be had of :
Sajhaprakashan
Pulchok, Lalitpur

मूल्य रु. ५।—

Price Rs. 5/-

Printed at Jore Ganesh Press Pvt. Ltd. Kathmandu.

प्राचीन नेपाल
संख्या १०
माघ २०२६

Ancient Nepal
Number 10
January 1970

सम्पादक

रमेशजङ्ग थापा

Editor

Ramesh jung Thapa

# विषय-सूची

# Contents


| | पृष्ठ | Page |
|---|---|---|
| नेपालको इतिहास राजभोगमाला | १ | 1 |
| ऐतिहासिक पत्रस्तंभ | २५ | 25 |
| पालुङको मानवशास्त्रीय सर्वेक्षणको संक्षिप्त प्रतिवेदन | | |
| *ऋषिकेशवराज रेग्मी* | ३१ | 31 |
| नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण | | |
| *शङ्करमान राजवंशी* | ३५ | 35 |
| लिच्छविकालीन केही ब्रह्माका मूर्तिहरू | | |
| *बाबुकृष्ण रिजाल* | ४३ | 43 |
| नेपाली कलामा बुद्धजीवनी | | |
| *हेमराज शाक्य* | ४६ | 46 |
| वाभू तथा राजग्रामको भौगोलिक निर्णय | | |
| *मोहनप्रसाद खनाल* | ४८ | 48 |
| The Ancient and Medieval History of Western Nepal | | |
| *Ramniwas Pandey* | ५३ | 53 |

# नेपालको इतिहास राजभोगमाला

(गताङ्कको बाँकी)

एस्तै तर्हसंग दुईचार वार बिग्रंदा यो त वडो आश्चर्य भयो क्या कारण रहेछ भनि विचार गर्दा चुकवहालको गुभालले गऱ्याको ठहऱ्याई आफ्नै प्रोहित विश्वनाथ उपाध्या जाइ यत्रा इश्वरका प्रतिष्ठाकर्म गर्न लाग्दा जगे विघ्न गरिदिन्या काम नगर वरु तंलाई पनि जज्ञ पूर्ण भयापछि केहि द्रव्य दिउंला । मैले गऱ्याको जज्ञमा तैंले विघ्न गरिदिन्या काम नगर भनी बुझाई हात ली आइ कोटचाहुति जज्ञ वेदोक्त तंत्रोक्त प्रमाण गरि आफु होता भै विश्वनाथ उपाध्याले जज्ञ आरंभ गरि कर्म चलाउंदा एस समय कान्तिपुरका राजा प्रताप मल्ल र उनका प्रेमि जामन नाम गुवहालले सिद्धिनृसिंह मल्लका जज्ञ विघ्न गर्नको इक्षा गरी जज्ञ मंडपमा भुतका छौडाको रूप ली गै रुन लाग्या । किन रुंन्छौ भनि सोधदा षान्या कुरो माग्या । षान्या कुरो दिंदा भोटाका थैलामा थाप्या । दिंदा दिंदा पनि तिनिहरूको थैला भरिदिन नसकदा इनहरू त मानिस रहनेछन् विघ्न गर्न निमित्त आउन्या हुन् भनि जानी षोजि गर्दा तिनीहरू अदृष्ट भै गया । फेरि थोरै वेर पछि सर्पका रूप धरी जज्ञमंडपमा आउंदा इनिहरू विघ्न गर्न आउन्या हुन् भनि जानि मंत्रका वलले ति दुवै सर्पकन आसन गरि चाहिंदो कर्म चलाउन लाग्या । जब पूर्णाहुतिका बेलामा ति सर्प्पकन श्रुवामा राषि आहुति दिन तयार गरी तिमिहरू को हौ भन्या भया भन तत्र आहुति गरि दिन्छु भंदा तिनीहरूले हामी कांतिपूरका राजा प्रताप मल्ल र जामन गुभाल हौ । हाम्रा जिवकन वचाउ भनि विश्वनाथ उपाध्याका कानले सुन्या गरि विंति गर्दा फेरि तिमिहरूले कहिले एस्तो उत्तम कर्म गर्दा विघ्न गर्न्या काम नगर्नु भनि वाचा गराइ छाडि पठाया । एस्ता तरहसंग कोटचाहुति जज्ञ ४६ दिनसम्म लाई श्री कृष्णका कृपाले यज्ञ निर्विघ्न-सित संपूर्ण गऱ्या ।

ताहांपछि होता विश्वनाथ उपाध्याकन सुनका मकुट सुनका जनइ गहनाहरू वस्त्र पहिराई षेत, गावहालको घर, घरलाई चाहिदो सब सराजाम् गाई भैंसि आदि कमारा कमारिसहित गरि दान दिया । फेरि सुनका वृक्ष हिरा मोती नवरत्नले फलफूल फलाई कल्पवृक्षका आकार गरि चांदिका पोषरिसमेत विश्वनाथ उपाध्याकन दान दिया ।

ताहां उप्रान्त कोई यक दिनका रातृविषये राजाले पाषाण जस्तो देवालय गोपिनाथका अनुग्रहले तैयार भयो भनी हेरिरहंदा भगवान् श्री कृष्णले आफ्ना पूरण स्वरूपले राजा सिद्धिनृसिंह मल्लकन उद्धारनिमित्त क्षण मात्र दर्शन दिंदाभया । एसै दिनदेषि राजाका मनमा कस्तो आयो भने कलीयुगमा राजाहरूको चर्मचक्षुमा एस्ता तरहसंग दर्शन पाउनु अति हुर्लभ महाकष्टले पनि पाइनसकनु हो । भगवान् श्रीकृष्णका कृपाले मलाइ सहजैमा दर्शन मिल्यो । अव यो संसार व्यर्थ हो । केवल इनै इश्वर मात्र सत्य हुन् भनि जानि सरिरकन धेरै किस्मत गराया । गर्मि दिनमा ७ पाषी षापि अग्नि समीप गरि अंदरभित्र वस्दथ्या । जाडाका दिन सिलापल वनाइ उसमाथि सुति पातलो पक्षेउरा वढी वस्थ्या । एक मुठिदेषि अन्न वढाइ माथिसम्म ल्याइ भोजन गर्थ्या । पाथिमा येक मुठिदेषि घटाई मुठि सम्म गरि भोजन गर्थ्या ।। एस्ता तरहसंग देह साधि मेवा वस्तु त्याग गरि अनेक गीत ज्ञानका कविता नाच वनाई लोक जनले धन्य कहाई रह्याका थिया ।

इनै राजा गादिमा वसदा गोर्षाका राजा राम साह गादिमा वस्याका १४ वर्ष भयाका थिया । तिनै राजा राम साह नेपालमा आई राजा सिद्धिनृसिंह मल्लसंग भेट् गर्न आउंदा राजा सिद्धिनृसिंह मल्लले पनि वहुतै सन्मान गरि मर्ज्यादा राषी विदा गरी काजि प्रमानहरूकन गोर्षा सम्म पुऱ्याउन पठाया । इनै राजासंगको मित्रता रह्याको हुनाले राजा राम साहले ललितपट्टनका चौविस टोलका २४ भलामानिस मागी तावापत्र गराइ लैगी गोर्षामा

कोठी वसाइ वेपार कारोवार गराया । यहि समयदेषि गोर्षा गुलजार हुन गयो । इन राजाका महातारि लालमती रानीले आफुले स्थापना गर्‍याका विश्वेस्वरका देवालय सन्मुख अधिका २ धारा मानिग्लमा बनायाका थिया । पछि तीन धारा गरि सुनका वनाइन् । श्री कृष्णमन्दिरका नैरित्य कोणमा अघि आफुले वनायाका देवालयमा स्थापना गर्न निमित्त वनायाका कृष्ण र राधाजिका मूर्तिकन स्थापना गरी दिया । फेरि श्री कृष्णकन सुनका मूर्ति वनाइ फागुण फुक्ल पूर्णिमाका दिन हिन्डोलनयात्रा प्रतिवर्ष गराया । फेरि जेष्ट शुक्ल पूर्णिमाका दिन सुनका सिंहासनमा सुनका श्रीकृष्ण राधिका मूर्तिकन विराजमान गराई आफुले वनायाका ३२ गीत र श्रीकृष्ण आदि देवताहरूको मूर्ति लेष्याको पटांगी सोई ३२ राग ज्ञान लीलाको गित वर्षप्रति गाउनुपर्‍यो रीत चलाया ।

इन राजाले आफैं ग्रन्थकारी भै रामायण आदि अनेक नृत्य लीला बनाइ दर्वारसामन्नेका डवलीमा नचाया । फेरि कार्तिकमहात्म्यका नाच आरंभ गर्‍या । अहाँ उप्रान्त महातारि स्त्रि पुत्र परिवारकन वोध गरि पुत्र श्रीनिवास मल्लकन मन आउँज्याल राज्यको संभार गरि प्रजाकन प्रतिपाल गरिरह्या । पश्चिमतिर त्रिशूलगंगा संगम स्नान गरि अर्गपु समिका स्वयम्भू महादेवका स्थानमा शिवरात्री जागर्न गर्न जांछु निश्चय आउंला भनी नेपाली संवत् ७७२ साल माघ कृष्ण १३ बुध वारका दिन प्रस्थान गरि गोर्षाको बाटो गरि गया । इ राजा कस्ता थिया भन्या ज्ञानि वडा गुणि पण्डित कवि महादाता तपश्वि विवेक क्षमावह सात्विक मृदंग वीणा आदि वाद्य बजाउन गाउन जान्या थिया । नेपालमा एस्ता राजा अघि भै गयाका पनि छैनन् आउन्या पनि छैनन् । यस्ता राजा सिद्धिनृसिंह मल्लले देवप्रयाग वदरि केदार हरिद्वार श्री नगर नागरकोट लाहुर दिल्ली आगरा कुरुक्षेत्र मथुरा जगंनाथ. रामेश्वर. प्रयाग. वारानसि गया. नानादेश. नानातीर्थमा. श्राद्ध. दान. गर्‍या ।

जहाँ अघि ललितपट्टनमा श्रीनिवास मल्लले राजकाज गरिरहंदा सिद्धिनृसिंह मल्ल तीर्थ गर्न गयाका ८ महिनापछि सम्बत् ७७२ साल आश्विनि शुक्ल षष्टी मंगलवारका दिन कांछा भाइ ज्योतिनृसिंह मल्ल राजकुमार षस्या । वावा सिद्धिनृसिंह मल्ल वैरागी भया भन्या षवर सुन्दा श्रीनिवास मल्लका मन्मा वहुतै शोक प्राप्त भयो । फेरि धैर्य गरि भाइ ज्योतिनृसिंह मल्ल राजकुमारका नामले तिन तला देवालय वनाई श्री नारायणकन स्थापना गरिदिया । राजा सिद्धिनृसिंह मल्लले देशान्तर जाइ देवताहरूको दर्शन गंगास्नान गर्‍या । श्राद्ध तिर्थहरू गरि नेपाली सम्वत् ७७४ चैत्र शुक्ल ७ का दिन कतैं रोकटोक नभै फर्की नेपालमा आइपुग्या । साथ पुगी आउन्याहरू सवकन विसंच भयो । राजाकन केही भयेन । ललितपट्टनका राजा प्रजा स्त्रिजनहरू कांतिपूरका राजा प्रताप मल्ल प्रमानहरू सहित गरि गै लिन जांदा थांकोटदेषि पगरि जमिन्मा विछाइ सिंदुरजात्रा गरि नाना वाद्य वजाइ लोकजनहरू वहुतै हर्षमान भै राजा सिद्धिनृसिंह मल्लकन ललितपट्टन सहरमा प्रवेश गराया । ललितपट्टनका प्रजाहरूकन वहुतै आनंद प्राप्त भयो ।

जहाँ उप्रान्त राजा सिद्धिनृसिंह मल्लले सम्वत् ७७९ आषाढ शुक्ल ३ का दिन आपना महातारि लालमतीका नामले ज्यावल पोषरि वनाई जलजग्य गराया । संवत् ७७९ माघ शुक्ल पूर्णिमा संक्राति त्रेताजुग उदय महापर्वका दिन राजाले सांढेवाह्र हजार रूपैयां मोल जान्या हात्ति चंद्रशेषर नाम वारानसिका ब्राह्मणकन दान दिया । वराहक्षेत्र जाइ स्नान गर्‍या । फेरि नीलकण्ठ जाइ स्नान दान रात्रि जांगर्न गर्‍या । आफैं ग्रन्थकारि भै वनायाका रामायणादिका नाचहरूको तमासा हेरि धेरै धर्म किर्ति यस प्रष्यात गरी लोकजनले धन्य कहाई श्री पशुपतिनाथ मछिन्द्रनाथकन गहनाहरू चढाई संसारकन त्याग गरि केवल श्रीकृष्णजिका चरणको आश्रय गरि नेपाल सम्वत् ७८१ पौश वदि १ का दिन पुनर्वार देशांतर गमन गरि गया ।

**सिद्धिनृसिंह: सर्वज्ञो जीवन्मुक्तो जितेन्द्रियः।।**
**माधवप्रियः श्रीभक्तो योगीश्वर:कवीश्वरः।।**
**वीरो योगी भवत्यागी हरिसिंहस्य नन्दनः।।**
**इत्याख्यानं पठेन्नित्यं सर्वपापैः प्रमुच्यते ।।**

इ राजा सिद्धिनृसिंह मल्लले राज्याभिषेक पाया उप्रांत ४१ वर्ष राज्य भोग गरि संसार त्याग गरी गयाका हुन् । अस्य पुत्र श्रीनिवास मल्ल भोग वर्ष २६ इनका वावा सिद्धिनृसिंह मल्लले आफुले देशत्याग गरि गयाका दिन राज्याभिषेक दी गया । राजा श्रीनिवास मल्लकी रानि मृगावती नाम गर्‍याकी थिइन् । इन राजाले असल असल ७ घोडाका रथ वनाइ सर्वसंयुक्त गरि सुनका सुर्य

विम्ब रथमा राषि काशिका सामवेदि ब्राह्मणकन दान दिया । फेरि मछिन्द्रनाथकन आरति गुठ राष्या । प्रातःकाल मध्याह्नकाल संध्याकाल अर्घरात्रिमा आरति गराया। फेरि वुँगमतिमा सुनका धारा वनाया । सम्वत ७८२ बैसाष शुक्ल ३ का दिन प्रताप मल्लकि रानि षसदा मछिन्द्रनाथका यात्रामा वाजा शून्य गरि जात्रा गऱ्या र र अतिवेगसित हावा आइ धेरै रूष ढाल्या । घरका छानाहरू पनि उडाया । यसै साल छत्रनृसिह मल्ल राजकुमार षस्या । इनै राजकुमारका नामले दरबारभित्र ढुंगाका देवालय वनाई वंशगोपाल स्थापना गरिदिया । सम्वत् ७८३ कार्तिक शुक्ल १० का दिन अघि सिद्धिनृसिंह मल्ल राजाले पांच तला गरी ठुलो गरि वनाइ राष्याको देगुतलेका देवालयका छानामा अग्नीप्रवेस भै एक तलामात्र वांकि राषि सवै जलाउंदा देवताकन मात्र केही भयन । ताहांपछि चांडै आरंभ गरी छमैन्हा भित्रमा चार तला छानामात्र गरि सिध्यायि सुनका छाना छाइ. गजुर चढाया । सहरमा पनि धेरै ठाउं अग्नीप्रवेश भै घर जलाया । तहांपछि इन राजाले इ सब विघ्न भयाको मछिन्द्रनाथका जात्रामा वाजा सुन्य गरि यात्रा गर्नाले हो भनि सम्वत् ७८५ पौष कृष्ण अमावासि सूर्य्यग्रहनका दिन टौदह जाइ पुरश्चरण गराया ।

फेरि इन राजाका पालामा भक्तपुऱ्या मंत्रिका बुधीले राजाकि मित्यानी देवलक्ष्मीकी छोरी षस्दा एक श्रेस्ता नेपालमा बनाउनुपर्दछ, भन्या भक्तपुऱ्या मंत्रीका वचनले राजद्वारमा स्त्रीहरू जाई रोई विचार गर्नु भनी श्रेष्टा वनाई चुइंकी लाई रुवाई विचार गराउन पठाया । पैले पाटनमा भै पछि ३ सहरमा भै गया । नेपाली सम्बत् ७८५ माघ शुक्ल २ का दीनदेषि रुन्या प्रवंद भै गयो। फेरि यहि सालका माघ शुक्ल पूर्णिमाका दिन त्रेतायुग उदयका दिन शंषमूलमा कासिका गुजराति दामोदर नाम ब्राह्मणकन गोसत दान दिया। इनै दान लिन्या ब्राह्मणले-**लब्धं दशगुणं पुण्यमिति** वचन भनि एक ब्राह्मण कन १० गाइ दान गरिदिया । फेरि मछिन्द्रनाथको देवालयका माझ तलामा सुनका छाना वनाइ छत्रसहित गरि गजुर राषिदिया । त्रेताजुग उदय माघ शुक्ल पूर्णिमाका दिन ८ हजार रुपैयां मोल जान्या हात्ति दक्षिणि व्यास नाम ब्राह्मणकन दान दिया । फेरि ७८६ सालमा मूल चोकमा दक्षिणपट्टि तिन तल्ला देवालय वनाई गजुर राषि दिया । अघिका गजुर वीच तलामा राषिदिया । चोभाःरका चन्द्रविनायककन देवालय वनाई गजुर चढाया । सम्वत् ७८७ आषाढ शुक्ल ३ का दिन हरिसिद्धि देविका देवालयमा गजुर ३ चढाया । अघिका १९ गजुर तलातलामा विचमा राषिदीया । किर्तिपूर जान्या बाटामा पूल वनाइ प्रतिष्ठा गऱ्या । यसै साल आश्विन शुक्ल द्वितीयाका दिन मूल चोकका विचका देवालय सुनले जलप सारि देवालय वनाइ गजुर चढाया। मूलचोकलाई अधिभंदा चोक फराक गरि वनाई दिया । फेरि चंपापूर ग्रामका वज्रवाराहि सम्वत् ७८६ चैत्र शुक्ल ८ सोमवारका दिन विश्वनाथ उपाध्याले प्रतिष्ठा गरी ई. एकादशि बृहस्पति बारका दिन ललितपट्टन सहर घुमाइ यात्रा गरि चंपापूर लगी राषिदिया ।

सम्वत् ७८८ श्रावण कृष्ण षष्टिका दिन ललित पट्टनका राजा श्रीनिवास मल्ल भक्तपूरका जगत्प्रकास मल्लसंग मिलि कान्तिपूरका लगा मध्ये उनंतिस कोठिहरू जिति ललितपट्टनका राजाले लियापछि भक्तपूरका राजाले हामि दुई मिलि तिमिलाई राज्य वढाइदियाको साटो एक लाष रुपैया र दुई हात्ति लुभु ग्राम विसंघु यति हामीलाई देउ भनि माग्न पठाया । यसमा ललितपट्टनका राजाले केहि उत्तर नदी वंदोवस्त गर्नु पर्ला भनी रहंदा यस्तै समये कांतिपुरका राजा प्रताप मल्लले रातृविषये एक मानिस ललिलपट्टनका राजासंग पठाई भोलि केहि कुरा तिमिसंग सल्लाह गर्नुपर्न्या छ भनि पठाया र भोलिपल्ट सबेरै ललितपट्टनका राजाले प्रताप मल्लसंग टेषुदोभानमा भेट गर्दा हामि दुई सधै मिलिरहनु नछुट्टिनु भनी सत्यवाचा गऱ्या ।

यहां उप्रांत कांतिपूर ललितपट्टनका राजा दुई मिलि भक्तपूरमाथि चढाई गरि नाला चौकोट धुलिषेल दापचा जिति अम्वल गऱ्या । आहाँपछि भक्तपूरका राजाले रातृविषये सैन्य लि जाई कांतिपूरका कोट्हरूका श्रीनिवास मल्लका सेना हुं भनि कोटभित्र राति जाई ९ जनालाइ मान्या ३० जनालाई समात्या । अरू कांतिपूऱ्याहरू भागी गया। यहाँपछि कांतिपूरका राजा वहुतै रिसाई ठेमि नलिज्याल्ल पगरि गुतन्या छैन भनी प्रतिज्ञा गरि उत्तारि राष्या । तहाँपछि ललितपट्टनका राजासंग मिलि भक्तपूरका राजाले कपटसंग जिति लियामा कोटहरूकन फेरि आफ्नु गऱ्या । भाद्र कृष्ण ६ का दिन ठेमि लिनकन थाना वस्न गया । ठेमिसहरका चारौंतरफ घेरि नौ कोट बनाया । आश्विन मैन्हामा एक कोट जिति लिया । मंसिर मैन्हामा नकदेश जिति लिया । ठेमिसहरवासि

जनहरूलाई वाहिर निस्किन नदि वहुतै दुर्भिक्ष परि दुष दि माघ सुक्ल एकादशिका दिन ठेमि जिति लिया। वंदुक ६३ ढाल १०९ वलजफत गरि लुटि दुवै राजाले बांडी लिया। यस सेनाका दल मुषिया ललीतपट्टनका पुष्पकाजि विश्वराम कांतिपुरका मूल काजि विरजु थिया। सम्वत् ७८३ वैशाष मैन्हामा थिपोजोलमाथि जगत्ज्योति मल्लले वनायाको पोषरिका छेउ स्थापना गरि राष्याका जोगेश्वर महादेव सुनका छाना भयाको देवताकन उठाइ आफ्ना सहर कांतिपूरमा लग्या। फेरि यसै पोषरिविच राख्याका सुनका नागफणी उठाउ लगी कांतिपुरका भंडार-षालका पोषरिमा सुनका वसाहामाथि जोगेश्वर राषि नागफणी समेत राषिदिया।

तहांपछि प्रताप मल्लले पगरि शिरमा राष्या। यस्ता तरहसंग भक्तपूरका कोटहरू जिति लियाउप्रांत पनी राजा प्रताप मल्ल भक्तपुऱ्याका कपटबुद्धिदेषि वहुतै रीसायाका थिया र संवत् ७८३ भदौ मैन्हामा भक्तपूरका समीप चारौंतरफ कोट वनाई कांतिपूर ललितपट्टनका दुवै राजा मिलि ठाना वसि घरिराष्दा भक्तपूरवासि जनहरू कोई ढोकावाहिर निस्कन सकेनन्। यहांपछि कुन्यु लाई राष्याका धान सब झांटि पठुवासमेत वोकाई कांतिपुर ललितपट्टन लग्या। ललितपट्टनका राजाले भन्दा दोवर अन्न कांति-पुरका राजाले लग्या। तहां उप्रांन्त भक्तपूरवासि जनले षान नपाई वहुतै दुःख पाई धेरै मानिस मऱ्या। एक बर्षसम्म ठाना ताहां रहंदा कोई ग्रामबाट चावल च्यूरा वेच्नु जान नदि राष्या। सहरभित्र अतिदुर्भिक्ष भै दामका १२ गेडा मकै मोहोरका २ पाथि चांवल भै जांदा किन्न पनि नपाउंदा वहुतै गरिप भै षान नपाउंदा रुष पात कपास वीज घास पर्य्यंत षान लाग्या। फेरि प्रताप मल्ल राजाले इनायदोमा राष्याका ढुंगाका सिंह २ उठाई ल्याई आफ्ना राजदुवारमा राष्या। पोषरिका ढुंगाहरू ढुंगाका तोरण स्मेत् उठाई कांतिपूर लग्या। ललितपट्टनका राजाले मात्र किर्ति विगारि केहि कुरो लियनन्। भक्तपूरवासि जनले अनेक पुस्तक घर धनाचहरूकन वेचि षाया। वेच्दा पनि लिन्या कोई नहुंदा सहरवासि जनहरूले षान नपाउंदा श्रृंगार गर्न समर्थ नभै स्त्रिहरू गर्भाश्रित कोई भयनन्। मर्न्या सिवाय जन्मन्या कोई भयनन्। कोई मानिसहरू रात्रिविषय सहरबाट जिवको माया मारि निसकि परदेश भागी गया। यस्तो समय ललितपट्टनका मूलकाजि विश्वराम बेरामि भया। दुवै सहरका सेना ठाना छाडि फर्कि आया। ७८४ कार्तिक कृष्ण ९ का दिन मूलकाजि विश्वराम षस्या। ई काजि लडाईंमा वहुतै सुरा थिया। जोगि संन्यासि पर्देशिहरू ब्राह्मणहरू-कन अन्न वस्त्र दी वारंवार भोजन गराउंदथ्या।

जाहाँ उप्रान्त प्रताप मल्ल राजाले भक्तपूरका राजा त अतिदुर्वल भया भनी ललितपट्टनका राजा श्री निवास मल्लकन कपटसंग वोलाई वंदिषानामा राषनको मतलब ठहराई पठाउंदा राजाका मन्मा वहुतै संका प्राप्त भयो। तैपनि जान तैयार हुँदा मक्षिन्द्रनाथ एक जनाका सरिरमा प्राप्त भै प्रताप मल्लका मतलव संक्षेपसंग आज्ञा गर्दा श्रीनिवास मल्ल राजाले हामि दुवै जनाको जिव छंज्याल नछुट्टिनु भनि अघि सत्य वाचा गरि देवताका स्थानमा तांवापत्र गरि राष्याको छंदा पनि प्रताप मल्लले ममाथि येस्ता दुस्ट वुद्धि गऱ्या भनी मन्मा विरोध भै डराई कांतिपुर गयेनन् र कांतिपुरका राजाले अव म एकला हुन लाग्यां भनि डराई गुप्तसंग भक्तपूरका राजासंग मानिस पठाई हामि दुईको संघि गरि मिल्दछु भनि अनेक तरहसंग भनि पठाउंदा पनि भक्तपूरका राजाले प्रताप मल्लको विश्वास नमानि केहि उत्तर दियनन्। यहि वार्ता ललितपट्टनका राजाले सव थाहा पाइ आफ्ना पुरोहित विश्वनाथ उपाध्याका माहिला छोरा मधुसुदन उपाध्याकन संघिको वार्ता कहि भक्तपूर पठाउंदा सम्वत् ७८५ वैशाष शुक्ल द्वादशिका दिन भक्तपूरका राजा जगत्प्रकाश मल्ल भक्तपूरवासि प्रजाको दुःख कष्टदेषि अति दुःख मानि दाह्रि कपाल पनि नषौरि लामालामा रौ गरि अति मलिन मुख गरि ललितपट्टनका राजासंग सरन आउंदा श्रीनिवास मल्ल जाइ लिन गया। सहरभित्र ल्याई भोलिपल्ट दाह्री कपाल षौराई असल वस्त्र पैह्राई फेरि उन्को दुःखदेषि करुना गरि उनका राज्य आफुले लियाको सव सपुर्त गरिदिया। थोरै दिन आफ्ना राजकुलमा वास गराई विदा दि पठाया। उस्ताक कांतिपुर ललितपुरका कौनै राजाले पनि भक्तपूरका मूल तलेज्यूको दर्शन पाउँदैनथ्या। श्रीनिवास मल्लले धेरै पुजाको सरजाम तैयार गरि जाई तुलजा भवानिको दर्शन गऱ्या।

जहाँपछि कांतिपूरका राजा एकला हुन गया। सम्वत् ७८५ ज्येष्ठ शुक्ल दसमि हस्ता नक्षत्रका दिन भक्तपूरका राजा जगत्प्रकास मल्लले देवालय वनाई ललितपट्टनका विश्वनाथ उपाध्याकन भक्तपूरमा लगि श्री हरिसंकर मूर्ति स्थापना गराया। सम्वत् ७८५ आश्विन मैन्हामा मदाल-

सोपाध्यानको नाच वनाई मानिग्लमा नचाया । सम्वत् ७८६ कार्तिक शुक्लमा पुत्र जन्म्या । ७५ दिन मात्र वांचि षस्या । यहि साल तववहालका देवालयका विचतलामा सुनका छाना छाई सुनका छत्र सुनका पुष्प माला चह्राया । ललितपट्टन भक्तपूरका राजा मिलि रह्याका थिया । सम्वत् ७८६ आषाढ मैन्हामा केहि कारण नभै भक्तपूरका जगत्प्रकास मल्ल प्रताप मल्ल राजासंग मिल्न गया । थोरै दिनपछि प्रताप मल्ल राजाले कांतिपुरका दर्वार वनाउना निमित्त भक्तपूरका राजासंग १४ हजार गोटा काठ देउ भनि माग्दा इनसंग मिली वढिया हुवैन भनि ठानि छ मैन्हा पछि फेरि श्री निवास मल्लसंग मिल्न आया । यस कुरामा भक्तपूरका प्रजाले आफ्ना राजाकन प्रताप मल्लसंग लिन गयाको नचाहिदो काम गर्नु भयो भनि षै गऱ्या ।

सम्वत् ७८७ साल आषाढ मैन्हामा पुनर्वार ललितपट्टनका राजको प्रताप मल्ल राजासंग भेट भै सलुक गरि आवतजावत गर्न लाग्या । ताहांपछि भक्तपुरका राजा यकला हुन गया । सम्वत् ७८७ भदौ मैन्हामा प्रताप मल्लले हरिसिद्धि देविका देवालयमा सुनका छाना बनाइदिया । सम्वत् ७८८ कार्तिक कृष्ण पंचमिका दिन वुंगमतिमा रुद्रकुंड भैरवकन सुनका तोरण वनाई चढाया । अधिबाट भैरवकन मलाई ठुलो सुनका मुष वनाई स्थापना गरिदिया । श्रीमछिन्द्रनाथका आंषाबाट आंसु बहि आयो । एस साल धुमकेतु पनि उदय भयो । फेरि वाग्मतिमा गोकर्णदेषि देवपट्टनसम्म दुद जस्तो शुक्ल वर्णको जल बह्यो । राजा श्रीनिवास मल्लले सम्वत् ७८८ पौष वदि १० का दिन यथाक्रमले शान्ति गराया । सम्बत् ७८८ श्रावण मैन्हामा नीलकंठ जाई स्नान गरि अनेक दान पुन्य गऱ्या । सम्वत् ७८९ बैसाष शुक्ल चौथीमा सिद्धिनरसिंह मल्लका लवट पुत्र कृतिसिंहले स्वठमा तिनतल्या देवालय वनाया । सम्वत् ७८९ ज्येष्ठ शुक्ल येकादशिका दिन कुम्मेश्वर स्थान सर्वेश्वर कन सुनका नाग बनाई चढाया । सम्वत् ७९० साल फागुण सुदि सप्तमिका दिन देगुतलेका गजुरका चार कोनामा ४ गजुर वनाई चह्राया । सम्वत् ७९० ज्येष्ठ कृष्ण पंचमी आदित्य वारका दिन भंडारषालका छेउमा देवालय वनाइ यथाक्रमले इमाजु देवीकन स्थापना गरिदिया । सम्वत् ७९१ कार्तिक शुक्ल दशमिका दिन वकाथ बालकुमारि स्थानमा उचित प्रमाणले राष्याको षम्वामाथिका मयूर सारि दोश्रा गजुर वनाई राषिदिया । यसै साल थक्ष महालक्ष्मि पीठमा षम्वा षडा गरी सुनका सिंह बनाइ राषिदिया । ७९१ साल चैत्र कृष्ण त्रयोदशीका दिन ललितपट्टनमा भक्तपूरका विस्क्यातका प्रमाणले यात्रा वनाइ चतुर्दसिका दिन लिंग ढालनुपर्न्या रीत चलाया । फेरि रामायणका नाच वनाया । यस नस्वका वांदरहरू नाटेश्वरका प्रभावले सिद्धि पाई वडो अद्भुतसंग चटकी गऱ्याले गऱ्या झैं तमासा गरि नाचदा सहर गाउंका धेरै मानिस तमासा हेर्न आया । सम्वत् ७९१ साल वैसाष शुक्ल चतुर्थिका दिन १६० तोला सुनका वादर वनाई चढाया । सम्वत् ७९१ साल ज्येष्ठ कृष्ण ५ का दिन देवालय वनाइ सुनका छाना गजुर चढाई ठाउं सारि लक्षाहुति यज्ञ गरि श्री तुलजाभवानिकन देवालय स्थापना गरिदिया ।

श्रीनिवास मल्ल राजा नायक भै भक्तपूरका राजा गोर्षाका राजा तनहुंका राजा सहित गरि जाई मकवानपूर जिति पछि सलुक गरि शुभ सेन राजाले श्रीनिवास मल्ल राजाकन हाति २ चह्राया । इनै हाति मध्ये यक हाति गोर्षाराजालाई दिया । सम्वत् ७९२ माघ मैन्हा मोरङ्का राजा हरिहर सेन राजा आई सिंधुलिमा चढाई गर्न आउंदा मकवानपुरका राजा शुभ सेनले थाहा पाई जाई धेरैलाई मारि धेरै वस्तु लुटि घोडाहरू लुटिलिया । ललितपट्टनका राजाले विसंषुका खसहरूद्वारा मोरंका राजाकन हटाएर पठाया । तिनहरूले धेरै वस्तु लुटि ल्याया । सम्बत् ७०२ माघ शुक्ल श्रीपंचमीका दिन मछिन्द्रनाथकन सुनका ढोका तोरण समेत राष्या । यसै ढोकामा राजाले श्लोक वनाई राषिदिया ।

**मत्स्येन्द्रं योगिन : प्राहु : शाक्ता : शक्तिं वदन्ति यम् ॥**
**बौद्धा लोकेश्वरं तस्मै नमो ब्रह्मण्यरूपिणे ॥१॥**
**नेपालाब्दे लोचनच्छिद्रसप्ते ७९२**
**श्री पंचम्यां श्रीनिवासेन राज्ञा ॥**
**स्वर्णद्वारे स्थापितं तोरणं च**
**सार्धं श्रीमल्लोकनाथस्य गेहे ॥२॥**

सम्वत् ७९३ फागुण शुक्ल दशमिका दिन आफैराजाले ५ श्लोक वनाई शिलापत्रमा लेषाई अरू विस्तार नेपालि भाषामा लेषि सुनले भरि यात्रा गरि देश घुमाई श्रीमछिन्द्रनाथका देवालयमा पूर्वपट्टि थापिदिया । सम्वत् ७९४ वैशाष शुक्ल चतुर्थि वुधवारका दिन श्रीमछिन्द्रनाथका रथमा सुनको षटजला राषि यात्रा गराया । यहि साल कांतिपूरका राजा प्रताप मल्ल परलोक भयापछि

अघि प्रताप मल्लले साहिला पुत्रले राज्य गर्नु भन्याको रहेछ र यो त वेनिती भयो भनि श्रीनिवास मल्ल जोग नरेन्द्र मल्ल भक्तपुरे राजा नितामित्र मल्ल इनैका भाई समेत ४ जना सामेल भै कांतिपुर जाई श्रीनिवास मल्ल प्रमुख भै तिन पुत्रमध्ये ज्येष्ठ नृपेन्द्र मल्लकन राज्याभिषेक दिन लाया । इनिहरू सातै राजा सामेल भै सभा गरि बडो उत्सवसंग नाच कीर्तन गराया । सम्वत् ७९४ आश्विन मैन्हामा सेनराजाहरूको तक्रार भै मिलि शुभ सेन नाम राजा आई मद्दद माग्न आउंदा ललितपट्टनका राजा प्रमुष भै भक्तपूर कांतिपूर तनहुंका राजा सामेल भै पूर्वतिर हरिहर सेन राजाका मोरंगमाथि चढाई गरि रावा ह्लेसि आदि १७ ग्राम जिति शुभ सेन राजाकन दी फर्कि आया। दोश्रो साल मोरंगबाट ४ हात्ति शुभ सेन राजाले श्रीनिवास मल्लकन चढाइ पठाया ।

सम्वत् ७९४ मार्गशिर शुक्ल एकादसिका दिन भाग नाम काजिले लामु सतल वनाई उमामहेश्वर स्थापना गरिदिया । फेरी शिवालय पनि स्थापना गर्‍या । सम्वत् ७९५ चैत्र शुक्ल चतुर्थिका दिन श्रीनिवास मल्लका महातारि आपुरुव नाम रानि परलोक भइन् । सम्वत् ७९५ माघ कृष्ण ६ का दिन श्रीनिवास मल्ल राजाले भक्तपूरका राजा दुई भाई कांतिपूरका राजा तिन भाई तनहुंका राजा गोर्षाका राजा मकवानपूरका राजा दशपतिकन राषी पुत्र योगनरेन्द्र मल्लकन वर्तवन्द गर्दा बडो उत्सव गरी यात्रा गर्‍या । यस समये अघि भैरह्याका राजाहरू परलोक भै नेपाल पर्वतका राजाहरू वालक हुँदा इन राजाले सम्वत् ७९५ ज्येष्ठ शुक्ल ३ का दिन कांतिपूर भक्तपुर तनहुंका राजा काजि प्रमाण सामेल गरि श्रीगुह्येश्वरिमा जाई हामिहरू यति राजामा कसैले कलह नउठाउनु । आपुसामा मिलि आफ्ना–आफ्ना राज्यको भोग गरि मित्रत्व गरि मिलि आनन्दसित रहनु भनि वाचा वांधि षुसि राजीसित सवले कसम षाया ।

सम्वत् ७९५ भदौ मैन्हामा इकुहिटिमनिका षेतमा एक धानका विजमा १२४ धानका वाला उबजिरहंदा राजा प्रजा सव जाई हेर्न गया । सम्वत् ८९५ चैत्र शुक्ल पंचमीका दिन श्रीनिवास मल्ल जितामित्र मल्ल नृपेन्द्र मल्ल यि तिन राजा र गुरु प्रोहित चौतरा प्रमाण सव समुह भै मानिसहरू मर्दा १२ दिनमा घर सुद्ध । तेह्रौं दिनमा चाहिंदो कर्म गरि ब्राह्मण भोजन गराउनको रित चलेको थियो । यस रितमा प्रजाहरूले सर्वकिर्या पुर्‍याउन नसकी कर्महिन हुन जांदा शास्त्र स्मृतिका वचन प्रमाण गुरु प्रोहितहरूको वचन ली तिनै सहर आदि सव प्रजाले ४५ दिनमा सपिंडी जोर्नु । राजकुलमा मात्र तेह्रौं दिनमा सपिंडि जोर्नु भन्या वंदेज वांधि तामापत्र गरि ललितपट्टनका मूलचोकमा टांसिदिया । सम्वत् ७९६ वैशाख शुक्लमा हृतपात्रदेषि चौक्काठसम्म दर्वार बनाई संपूर्ण गर्‍या । सम्वत् ७९९ वैशाष कृष्ण ८ का दिनमा निग्लभट्ट आगम मूल चोकमा स्थापना गरिदिया । फेरि मूलचोकमा भगवति धुंवहा भैरव नाटेश्वर स्थापना गरिदिया । सम्वत् ८०० ज्येष्ठ कृष्ण ४ का दिन अमरसिंह कुवरले कोवहालमा ढुंगाका देवालय वनाइ श्रीकृष्णकन स्थापना गरिदिया ।

सम्वत् ८०१ मार्ग शुदि ६ का दिन भीमसेनका देवालय ठुलो गरि तिन तला गरि गजुर चढाया । फेरि किर्तिपुरमा कोट घर वनाई गजुर चढाया । सम्वत् ८०१ पौष कृष्ण अष्टमीका दिन रात्री दिग्दाह भयो । फेरि अति लामु धुम्रकेतु उदय भयो । ठुलो एक तारा पनि उदय भयो । फेरि अकस्मात् आकाशविषय सब्द भया । जेष्ट शुक्ल ७ का दिन रातृविषे भूमीकम्प भयो । धेरै घरहरू भत्क्या । सम्वत् ८०० माघ कृष्ण २ का दिन साह्रै तुषार वृष्टि भयो । पुत्रले मंत्रिका षेलले दर्वारका धन द्रव्य वोसारि लगनका स्थान संधि वसि वेपारिकन झिकाइ वेपार चलाया । न्हुपुषुल वनाया । दर्वार वनाउनको पनि इक्षा गर्‍या र छोराले ममाथि अप्रिति गर्‍या भनि वहुतै रिसाई राजाको काम गर्न यदि आयो त क्या होला । उसको मन्सुवा पुर्‍याई देउ भनि सांत सोभावका राजा हुनाले राजकुलमा वोलाइ सम्वत् ८०५ पौष कृष्ण ५ वृहस्पतिवार हस्ता नक्षत्र शुक्रमान योगका दिन पुत्र योगनरेन्द्र मल्लकन सुवर्ण नदिका कलस स्थापना गरि राज्याभिषेकका विधि पुर्‍याई राज्याभिषेक दिया ।

वावा सिद्धिनृसिंह मल्लका कार्तिक भर्का नाच जगाई मछिन्द्रनाथकन धेरै गहना गुठ राषी नीतिसंग प्रजा प्रतिपालन गरी धेरै धर्म किर्ति यस वढाइ धन्य कहाइ सम्वत् ८०१ माघ शुक्ल एकादशिका दिन राजा श्रीनिवास मल्ल परलोक भै गया ।

अस्य पुत्र योग नरेन्द्र मल्ल वर्ष २१ । इन राजाले सम्वत् ८०३ वैशाष कृष्ण ११ का दिन आफ्ना महतारि मृगावती रानिका नामले पोषरि वनाइ सुनका नाग फणि-

माथि बालगोपाल स्थापना गरीदिया । सम्वत् ८०५ भदौका ८ दिन भाग नाम काजि बावाका पालादेषिकाले सर्वकाजिहरूभंदा वडो भै आफ्ना मनोज्ञ गर्दा रानिकन वेमर्ज्यादिका वचन गर्दा प्रजाहरू राजि नहुंदा राजाले जुक्तिसंग मान षोसि पछिवाट मारिदिया । सम्वत् ८०७ फालगुण कृष्ण अमावास्याका दिनदेषि देश पूर्वपट्टि मैदान वढाई घोडाजात्रा प्रतिवर्ष गराया ।

सम्वत् ८१० मा कांतिपुर भक्तपुर मिल्याका वषतमा भक्तपूरमाथि चढाई गरि ढाल तरवार वंदुकहरू लुटि १२८ मानिस पक्रि ल्याया । यहि साल मछिन्द्रनाथका जात्रामा रथ ढलदा एक वांडाका शरीरमा देव प्राप्त भै दर्वारमा आई तिमिहरूले केहि संदेह मांनु पर्दैन । रथ ऐले षडा हुन्या छ भंदा राजाले यो कुरा निश्चय हो भन्या वाह्र १२ पल सुनको गहना चढाउंला भनी भाष्या । तहांपछि मछिन्द्रनाथकन रथबाट झिकि वाटामा राषि काठको ठेवा लाई डोरिले तानि रथ षडा गरि फेरि यात्रा गऱ्या । अघि भाष्याको सुनसिक्रि माला वनाइ चह्राया । सम्वत् ८१२ फागुण शुक्ल १२ का दिन लक्षाहुति यज्ञ गरि तुलजा भवानिकन गजुर चढाया । यहि साल मछिन्द्रनाथका ढलमाको भैरवका मुषबाट पसिना चुहीयो । चौथा दिनमा सहरका उत्तरपट्टि अग्नीप्रवेश भै धेरै घर जल्या । सम्वत् ८१३ माघ शुक्ल १० आदित्य वारका दिन जोगनरेन्द्र मल्लले देगुतलेमनि षम्व षडा गरि आफ्ना मूर्ति दुरुस्त गरी सुनका वनाई स्थापना गरि वसाया । यही साल इश्वरदास काजिले नुगलमा भवानिसंकर स्थापना गरि दिया । इन राजाकी राउन्तिनी स्त्री भनि पैले भनि मंडप वनाया । वाज्या सिद्धिनृसिंह मल्लबाट कार्तिक महात्म्प नामका नाच वनाया । आफै ग्रन्थकारि भै यसमाथी फेरि श्रीनीवास मल्लले थपि वनाया । यसमाथी फेरि श्रीजोगनरेन्द्र मल्लले थपि नचायि नाचकन जगाया ।

सम्वत् ८१५ साल गोदावरि तिर्थमा जाई अहोरात्र जज्ञ गरि गोसत दान दिया । सम्वत् ८१४ मछिन्द्र नाथका जात्रामा अघि मछिन्द्रनाथ नेपालमा ल्याउन्या नरेन्द्रदेव राजाको मूर्ति षड्ग भक्तपुरका राजाले सौपिदिनुपर्न्यामा उस्ताक भक्तपुरका राजासंग मेल नहुनाले भक्तपुरका राजा वाहेक गरि आफुले षड्ग ली कर्म चलाया । सम्वत् ८१५ सालदेषि चैत्र मैन्हामा जवरा स्थापि रामनवमिक्रम वर्षप्रति चलाया । सम्वत् ८१६ माघमा भक्तपुरका राजासंग मेल नहुंदा चांगुनारायणका साटो ललितपट्टनका आदिनारायण स्वथटोलकाकन पूजा राया । यहि साल योगनरेन्द्र मल्ल देवघाट स्नान गर्न जांदा तनहुंका राजासंग र पर्सुराम थापासंग भेट भयो । तनहुँका राजाले २ हात्ति दिया । तहांपछि मकवानपुरका वाटो गरि फर्कि आया । इनै हात्तिमध्ये एक हात्ति जितामित्रकन दि मिल्या । थोरै मैन्हापछि कांतिपुरका राजाले योगनरेन्द्र मल्लकन यक हात्ति दि भेटि मिलि भक्तपुरमाथि चढाइ गरि नाला सांगा जिति फर्कि आया ।

सम्वत् ८१७ ईश्वरदास काजिले क्काथछेपिथ वालकुमारिकन तिन तला देवालय वनाई गजुर चढाया । यही साल राजाले कुंभेश्वरका देवालय पांच तला गरि वनाया ।

सम्वत् ८२१ माघ शुक्ल एकादशिका दिन यज्ञमंडप वनाइ होता पूर्णानंद उपाध्याले अग्निस्थापन गरी कोटचाहुति जज्ञ गऱ्या । श्रीकुंभेश्वरमा गजुर चढाया । सुनका जलहरि राषिदिया । तिन दिनपछि यहि जापमा अघिका भिमसेन फेरि तामस मूर्ति दुःशासन वधका ध्यान गरि भूत भूतिनि सहित गरि मूर्ति वनाइ अचारहरूले रात्र्वलि देशवलि गराई यात्रा गरि दोवाटापिछे छाग मेष हंस बली चढाइ सहरका सव नाच वाजा सहित गरि वडो उत्साह गरि देश घुमाई जज्ञमंडपमा लगी यथाक्रमले प्राणप्रतिष्ठा गरि देवालयमा राषि जिवन्यास दिया । कस्ता तर्हसंग जगाया भन्या नाकका छिद्रमा पिउरि घुसारि राष्या । जीवन्यास मत्र सिद्धिका प्रभावले जव स्वासवाट प्युरि उडाया तसै क्षणमा राजाले भयो भनि थाम्या । तहांपछि राजा बहुतै खुसि भै आफ्ना हातको नवरत्न अंगुठि भीमसेनका अंगुलीमा राषी दिया । इ भिमसेन वडा प्रतक्षका हुन् । भक्तपुरका राजाले ललितपट्टनका राजामाथि रिस गरि संतान सून्य हुन्या क्रीया गरि सिवस्थापना गरि जलहरिसामन्य उत्तर दरवार पारि स्थापना गरि दिया । यो कुरा योगनरेन्द्र मल्ललाई अघि थाहा नहुंदा इनका पुत्र रिद्धिनृसिंह मल्ल वालषैमा षस्या । सभापालीमाथि पनि तला होच्याई धुरिमा हनुमान थापिदिया । धर्मधारा ध्वलहीटि पनि भर्नु नपर्न्या जलधेनु वागमति उत्तरवाहिनि भै रह्याको सोझो गरि वहाइ उत्तरवाहिनी नगराई विगाऱ्या । कोटारोकामा जंत्र गाडि फेरि दिया । सभापालिमा तला

होचाई धुरीमा हनुमान् थापिदिया । वालकौमारीका स्मसान फेरिदिया । मानिस मर्दा गल्लीं २ मा रोइ विचार गर्नु पर्न्या रित चलाया ।

सम्वत् ८२६ भाद्र कृष्ण ७ का दिन भक्तपुरका राजा भुपतिन्द्र मल्लका राज्ये वभू दषल गर्न निमित्त चागु जाइ वस्या । दलमुषि चौतरा आनंदहरि थिया । यस लडाइमा हात लिन सकेनन् । श्री बज्रजोगिनी चांगुनारायणका दर्शन गरि सकि रहदा भक्तपुऱ्या मंत्रीका षेलले तमांकुमा विष राषि षुवाउँदा सम्वत् ८२६ कार्तिक शुक्ल यकादशिका दिन योगनरेन्द्र मल्ल चांगुमा परलोक भया । यसैं दिन डोलामा राषी ललितपट्टनमा ल्याइ राष्या । कांतिपुरका भूपालेन्द्र मल्लका रानी र छोरा महेन्द्र मल्ल काजि प्रमान सुद्धा आई विचार गरि भोलि-पल्ट पलंमा राषि संखमूलमा लग्या । इनका संसर्ग सति जान्या रानि २ राउत्तिनी जना ७ वाहिरका जना २३ जम्मा सति जान्या ३२ गया । संस्कार गरि सक्यापछि चतुर्दशिका दिन राजाका भंडारहातिहरू कांतिपुरका प्रजाहरूले लैजान लाग्दा ललितपट्टनका प्रजा सव उठि कांतिपुऱ्याहरूलाई जाहां पाया ताहां माऱ्या । एस्ता तरहसंग मार्दा १०० जनालाई मारि सक्यापछि कांतिपूरका राजा रानि काजि कोठामोच्याहरूकन पुऱ्याउन पठाया ।

सम्वत् ८२३ कार्तिक कृष्ण ११ का दिन छोरी-पट्टिका संतान लोकप्रकाश मल्लकन भक्ततुरका राजा आई अभिसेष दिन लाग्या । तहापछि हातिमा सवार भै देशयात्रा गऱ्या । इ राजा योगनरेन्द्रका पुत्रि योगमति रानिका छोरा हुन् ।

सम्वत् ८२६ साल वर्सात नहुंदा योगमति रानि र लोकप्रकास मल्लले सबै ठाउँ देवताहरूकन पुजा पाठ मान्य गरि पानी मगाया । यहि साल आषाढ मैन्हामा वज्र-वाराहि वालकुमारि स्थानदेषि माथि बढी जाहेर भया । फेरि कुइनास गणेश पनि किर्तिपुर फर्किरह्या । सम्वत् ८२७ आश्विन वदि षष्टिका दिन लोकप्रकाश मल्ल ११ मैन्हा मात्र राज्ये भोग गरी मृत्यु हुंदा भया ।

जाहां उप्रांत वौद्ध मल्ल कुंवरका छोरा इन्द्र मल्ल-कन राज्याभिषेक दिया । इ राजा वालक हुनाले लोक-प्रकाश मल्लका महतारि योगमति रानिले कांतिपुरका राजाकन बोलाई मर्ज्यादा माफीक कर्म चलाई मछिन्द्र-नाथकन जात्रा गऱ्या । इनै योगमति रानिले ढुंगाका देवालय वनाई श्रीकृष्णकन स्थापना गरि दिईन् । सम्वत् ८३४ चैत्र वदि २ का दिन श्रीमछिन्द्रनाथका मुष उप्कि आयो । सम्वत् ८३५ पौष वदि २ का दिन वालक राजा इन्द्र मल्ल सितला भै परलोक भया ।

माघ शुक्ल १३ का दिन सतगल घरका रिद्धिनरसिंह मल्लकन ल्याइ राजाभिषेक दिया । भोग वर्ष २। सम्वत् ८३७ ज्येष्ठ कृष्ण अमावाश्याका दिन शिद्धिनरसिंह मल्ल परलोक भया ।

सम्वत् ८३७ आषाढ शुक्ल पूर्णिमाका दिन कांति-पूरका राजा महेन्द्र मल्लेकन मणिमंडपमा सिंहासन राषी राज्याभिषेक दिया । भोगवर्ष ५। इ राजा सुद्ध सूर्य्य-वंसका हुन् । इन राजाले कांतिपूर ललितपट्टन दुवै सहर भोग गऱ्या । इनका पालामा सम्वत् ८३६ चैत्र महिना देषि कांतिपुरमा महामारि आइ घरै मानीस मऱ्या । असारदेषि ललितपट्टनमा मऱ्या । ताहाँपछि भक्तपुरमा मऱ्या । काँतिपुरका महिन्द्र मल्ल ललितपट्टनका राजा रिद्धिनरसिंह मल्ल भक्तपुरका राजा भूपतिन्द्र मल्लका पर्ज्यायमा पैले हाति घोडा आदि पशु–पंछिहरू असंख्य मरि पछि मनुष्य मऱ्या । तिन सहर आदि ग्राम सर्वमा मर्दा व्यवहार विचार संचार सव वंध भै हाहाकार भै गया । सम्वत् ८४१ ज्येष्ठ शुक्ल १४ का दिन ब्याघ्र भैरवका नेत्रदेषि मनिको मूष पतन भयो । सवै देवता-हरूका स्थानमा उपद्रव भया । यस्ता तर्हसंग महाउत्पात भयापछि सम्वत् ८४२ भाद्र कृष्ण ११ का दिन अघि भास्कर मल्ल नाम भएका पछि महिन्द्र मल्ल कहायाका काँतिपुर ललितपट्टन दुवै सहरका राजा महेन्द्र मल्ल परलोक भया ।

जहाँ उप्रांत ललितपट्टनका राजाले महामारि उपद्रव सांगे निमित्त सम्वत् ८४३ माघ कृष्ण षष्टिका दिन लक्षाहुति जज्ञ मेल र भगवतिदास नाम दुइ काजी र राजा प्रमुख भै संपूर्ण गऱ्या । सम्वत् ८४४ जेष्ठ शुक्ल ७ का दिन मछिन्द्रनाथ-बाट वहालदा कुकुरले छोयो । फेरि वुगमति पुग्यापछि सुंगुरले छोयो र प्रायश्चित्त गराया । फेरि कोंतिका गौरिकुन्डवाट मांस उत्रि आयो । फेरि गुह्येश्वरि कुंडवाट हिलो जाहेर भै आयो । फेरि चांगुनारायणका सिर जमिन्मा षसिरह्यो । फेरि भक्तपुरका भैरवकन चढाई राख्याको महिषको शिर जिभ्रो निकालि उफ्रन लाग्यो । फेरि पनौतिमा ठेचोमा

देवगणहरू अघि सरि रह्या । सम्वत् ८४५ सालका मछिन्द्रजात्रामा धलमाको मुषका नाष आषा मूषवाट धेरै दिनसंम पानीको बूद गीर्दै रह्यो । यहि साल भक्तपुरका राजा एकला थिया । तिनले गोर्षाका राजाको सैने झीकाइ भदौमा विसंषु दषल गरि लिया । फेरी ललितपट्टनका राजाले कार्तिक मैन्हामा गोर्षाका सैन्यकन हात लि योगप्रकाश मल्लले विसंषु आफ्ना गऱ्या । ञहांपछि भक्तपुरका राजाले कांतिपुरका राजालाई एक हाति र १३००० रूपैंया दी जोगप्रकाश मल्लकन एकला गऱ्या। फेरि थोरै दिनपछि जगज्जय मल्ल योगप्रकाश मल्लसंग मिलन आया । फेरि मैन्हा दिनपछि कांतिपुर ललितपट्टन भक्तपुरका तिनै राजा कोटेश्वरमा भेट भै भक्तपुरका राजाले २ हाति २४००० रूपैया दिदा जगज्जय मल्ल जोगप्रकाश मल्ल गोर्षालिले तिन भाग गरि वांडि लिया।

सम्वत् ८४६ वैशाषमा मछिन्द्रनाथका देवालयमा चारैतर्फ ढुंगा वसाइ मिलाइ प्रतिष्ठा गऱ्या । ञहां कांतिपुर ललितपुरका राजा मिलि भक्तुरमाथि चढाई गरि फुलवारि नांवुढा दापचाका जगा जिति फर्कि आया । कांतिपुरका राजाले भक्तपुरका राजासंग हात्ति २ र १८००० रूपैयां लिया । सम्वत् ८४९ भाद्र कृष्ण १२ का दिन जोगप्रकाश मल्ल परलोक भया । विष्णु मल्लकन राज्याभिषेक दिया । भोगवर्ष १५। सम्वत् ८५१ पौष महिनामा जगज्जय मल्ल र विष्णु मल्ल राजा मिलि भक्तपुरमाथि चढाई गरि नाला सांगा आदि ६ ग्राम जिति ३।३ ग्राम वांडी लिया । विष्णु मल्ल राजाले आफ्ना भागमा गोर्षालिहरूकन राषि आया । ञाहांपछि तिनै राजा भेट भै भक्तपुरका राजाले आफ्ना ग्रामहरूकन छुटाउन निमित्त हाति र रूपैयां दि पठाउँला भनि कवुल् गराई फर्कि आयापछि कवुल नपुऱ्याउँदा रिसाइ चोरपुरमा ठाना वस्न गया । भक्तपुरमा ठाना वस्न गया । भक्तपुरका राजाले तनहुं लमजुङ मकवानपुरका सैन्य आफुसित मिलाई आइ हटाई पठाया । १२० जना गोर्षालीहरूकन समाति ग्रामहरू आफ्नु गरि लिया । ञाहांपछि रणजित् मल्लले विष्णु मल्लकन रूपैयां दि आफुसंग मिलाया ।

ञहांपछि कांतिपुरका राजाले गोर्षालिकन आफुसंग मिलाई ललितपट्टनका राज्य लामुडांडा दषल गरि गोर्षालीकन राख्या । फेरि विष्णु मल्ल राजाले गोर्षालीकन आफुसंग मिलाइ लामुडांडा आफुनु गऱ्या ।

सम्वत् ८५१ आषाढ कृष्ण ५ का दिन श्रीमछिन्द्रनाथकन ठुलो चांदिका ब्रह्मकुप वनाइ चह्लाया । फेरि सम्वत् ८५४ माघ शुक्ल १ देषि आरंभ गरि चौक्कोथ नाम गरि अति सुंदर गरि प्रजा गुहार मागी ३ मैन्हाभीत्रमा पुरानो भतकाई दर्वार वनाया । सम्वत् ८५७ साल विष्णु मल्ल राजाकी रानी चन्द्रलक्ष्मी देवीले श्रीतुलजा भवानि प्रिति गरि ठुलो घंट चह्लाई सुनका छाना छाइ गजुर चढाई सम्वत् ८६० पौष कृष्ण सप्तमिका दिन श्रीपशुपतिनाथकन चांदिका जलहरि वनाई चह्लाया । महास्नान यज्ञकर्म गराया ।

यहि साल फाल्गुन शुक्ल ९ का दिनमा विष्णु मल्ल राजाकि रानि विष्णुमति देवीले मातातीर्थमा अघि एक धारा मात्र थियो पछि जग्गा सुन्दर गरि वनाइ येका धारा वनाई प्रतिष्ठा गरिन् । सम्वत् ८५२ ज्येष्ठ शुक्ल ४ संषमूलका पश्चिमपट्टि वनाई लक्ष्मिनारायण वाग्मतिका मूर्ति स्थापना गरि प्रतिष्ठाकर्म गराया । सम्वत् ८६१ पौष कृष्ण ७ का दिन महादेव कासिमा अग्निस्थापना अरि यज्ञ पूर्ण गऱ्या । अद्यापि अग्निहोत्र ताहांका ब्राह्मणहरूले गर्दैछन् । चार हात चार पाउ चार कान भयाको भेडो जन्म्यो । फेरि लगनखेलका माजुसिमाका ठुलो एक हांगा अकस्मात् वायु नभई ठुलो शब्द आई पछिवाट हांगा भाचियो । याहांपछि गोर्षालि र लमजुंग्या मिलि देउरालि दषल गऱ्या । इन राजाले वज्रवाराहि देवीका स्थानमा जगा देवालय वनाइ सिलाका महिष मूर्ति वनाई स्थापना गरिदिया । इन राजाले ब्राह्मणहरूकन विर्ता दि धर्मको सन्मान गरि जगज्जय मल्लका पुत्र आफ्ना साला राज्यप्रकास मल्लकन राजाभिषेक दिनु भनि सम्वत् ८६५ श्रावण शुक्ल ८ का दिन पर्लोक भया । ञहांपछि राज्यप्रकास मल्ल राजा भया । भोग वर्ष १३। इन राजाले श्रीकरूणामयेकन नाहाल पूजा रथका अगाडी ध्वजा ढलमाका पछाडि पांचतल्या छत्र चह्लायि जात्रामा प्रतिवर्ष लैजानु पर्न्या रित चलाया । सम्वत् ८६८ पौषमा राजा सिद्धिनृसिंह मल्लले वनायाका कृष्णदेवालयका अगाडिको षम्वका गरुडको नेत्रवाट रक्त वही आया । यहि साल भदौमा तनहुंका राजाले चितलाङ दषल गरी लिया । पछि केही रुपैयां दी बुझाई जगा आफ्नु गऱ्या । तनहुंका राजाले लामुडांडा दषल गरि राषदा नेपालका प्रजाहरूले कपास लिन जान पनि पायनौ तुला काठहरू काटन जान पनि पायौन भनि राजा राज्यप्रकास मल्लसंग विंति गर्दा सयमा काजीले म युक्ति गरूंला केहि

संदेह मान्नु पर्दैन भनि पठाया । आहांपछि सयभा काजिले तनहुंका राजा संग वंदोबस्त गरि लामुडांडा छुटाइ दिन भनि आफ्ना गुरुकन पठाउँदा विचैमा गोर्षाका राजा आइ धनवंर्तसि काजिसंग सल्लाह मिलाइ लामुडांडा सपुर्द गरि पठाया र सयभा काजि रिसाइ फर्क्या। जगा छुटाइ दिन आउन्या तनहौका राजाको गुरु वहुतै दिक और सर्मिन्दा भै फर्क्या ।

सम्वत् ८७१ साल ज्येष्ठ वदि अमावास्याका दिन मछिन्द्रनाथका रथ नषुमा पुग्या । यसै दिन सूर्यग्रहण हुंदा राजा जयप्रकास मल्ल प्रभृति धरै प्रजाहरू जाई स्नान गऱ्या । राजाले धेरै दान धर्म गऱ्या । यस्तो महापर्व अघि भै गयाको सुन्याको पनि छैन । यहि साल भिष्वाल वन र धनवंत काजिले झिलटुं गोर्षाले दषल गरि राषदा कालु पांडेसंग भेट गरि छुटाउनको वन्दो-वस्त गर्दा कालु पांडेले हामिलाइ आउन षुलासा गरि दिछौ भन्या लौ भंदा यस कुरा प्रजाहरूले नमांदा फर्कि आया । इन राज्यप्रकाश मल्लका १६ रानि थिया । स्त्रिहरूका विरोधले नेत्ररोग भयो । ज्योतिकहरूकन देषाउँदा गणेशको दोष भनि ठहराउँदा चोभार गणेशकन देवालय वनाई गजुर चह्राई प्रतिष्ठा गर्दा तिनै सहरका राजा मंत्रीहरूकन निमन्त्रणा गऱ्या । भक्तपुरका राजा रणजित् मल्ल गणेश दर्शन निमित्त आया । कांतिपुरका राजा जयप्रकाश मल्लले भन्या २१ फेरासम्म वोलाउन पठाउंदा पनी अनेक विंति गरि पठाउंदा पनी आयेनन्। झनसारो पाटनका लगाभित्रको काठहरूमा आगो लाइ-दिया । श्रीगणेशदर्शन छाडि यस्ता तरहको वृद्धि गऱ्या। यहि षवर सुनि कालिदास धनवंत मंत्रीले गोर्षाका राजा पृथ्विनारायणलाई एक पत्र लेषी नुवाकोट दषल गरि लेउ भनी पठाउँदा गोर्षाका राजाले अवसर पाइ दषल गरिदिया । राज्यप्रकाश मल्ल राजाले ४ दिनसम्म राज गरि विधिपूर्वक प्रतिष्ठाकर्म गरि सहर फर्क्या ।

आहांपछि जयप्रकाशले नगर्कोटी झिकाई सिपाहि वनाई नेपालमा राजाका भंडार षराप गऱ्या । दर्माहा दिन निमित्त पशुपतिनाथका भंडार षोलि पनि लिया । थछे महालक्ष्मिका अगाडि षम्वा ढालि सुनका सिंह उठाइ रातृमा कांतिपूर लग्या । अनेक उपद्रव गऱ्या। ताहांपछि कालिदास मंत्रिका घरमा नगर्कोटि २ प्रजाकन चाकरि राषि भेद गरि ६ मैन्हा पछि दशैंमा स्थापना कर्म गरि चोकमा वसि तमाखु षाई रहंदा पर्सु प्रहार गरि कालि-दासकन मार्न लाया । इ नगर्कोटिहरूकन लगारि नक-वहिमा समाई माऱ्या । दोश्रा चाहिलाई वाग्मतीमा फेला पारि माऱ्या । आहांपछि कालिदासलाई मारि सक्या भनी जयप्रकासले वहुतै हर्ष मान्या । आहांपछि ठुला यक मंत्रीलाई मारिदिया भनि राज्यप्रकास मल्लको मन हारी रोगले पिडा गऱ्यो ।

यस्तै वषत्मा विष्णुदत्त नामा ब्रह्मचारि विरसांधना गर्न राज्य थामन सामर्थ भयाका ललितपट्टनमा प्राप्त हुंदा तिनकन वहुतै संमान गरि राजाको जय होस् भंदा कारणले वैष्णवि पीठमा साधन नाम गऱ्याको वांडा मंत्रसास्त्रमा जान्या थियो र साधन गर्न्याको चरित्र वुझ्न पठाउँदा साधन वांडाले रात्रिमा जाइ साधन गऱ्याको भ्रष्ट गरि यहि साधना गर्दामा थाप्याको मोहनी वांडाले पाई नहमहादेव भनाइ दुनियाले पूजाई मान्य गराई वहुतै उपाधिसंग अहंकार गर्दा पछिवाट मक्षिन्द्रनाथ मै हुं भनी सिरको छत्र लिन जांदा समाई ल्याइ माऱ्या । अघि साधना भ्रष्ट गरिदिदा विष्णुदत्त ब्रह्मचारिले वहुतै रिसाइ श्राप दि आफ्ना स्वदेश फर्कि गया ।

यहांपछि गोर्षालाई अवस्यले राज्य होला भनी श्राप दींदा भन्या । निचका बुधि लिकन राजा प्रभृति मंत्रीले मंत्रशास्त्र भ्रष्ट गऱ्या । यहांपछि ब्राह्मण देवताकन सन्मान गर्न्या गोर्षाका राजाले यो नेपाल राज्याभिषेक पाउला । ब्राह्मण देवताकन सन्मान गऱ्या उत्तरोत्तर वृद्धि होला भनी व्रह्मचारि विष्णुदत मैथिलले आज्ञा गरि गयाका छन् ।

महाँपछि राज्यप्रकास मल्लले नानाप्रकारले प्रजालाई पीडा दिकन वौलाहाको सोभाव भै नाना उपाधि गऱ्या । सम्वत् ८७३ चैत्र मैन्हा राज्यप्रकास मल्लका पुत्र राज-कुमार परलोक भया । यहि वषतमा गोर्षाका राजा नेपाल षाल्टामा प्रवेस गरि फर्कि धुलिषेल षडपुमा गोर्षाका राजाले ठाना राष्या । यहांपछि भिष्वाधन काजिले दह-चोक फर्पिङ आफ्नु गरि राज्यको चलन गरि रह्या । यहांपछि गोर्षाका राजा पृथिनाराजायण साहले नेपाल षाल्टाभीत्र प्रवेस गरि पाटनका लगाको धेरै ग्रामहरू दषल गर्दा सम्वत् ८७७ कार्तिकमा वुंगमतिमा रह्याका मछिन्द्रनाथकन पाटनमा ल्याया । नेममा रहन्या बाँडाहरूले वोकाइ ल्याउनाले ग्रामहरूका मानिस सहरमा जान नदि सहरका मानिस ग्राममा जान नदि राषदा पाटनका काजि-

हरूले केहि रुपैयां गोर्षाका राजालाई दि वुझाया । ठँव वांडेगाउं चापागाउं ठेचो सुनागुठि षोकना वुंगमति फर्पिङ् यति ग्रामहरू छुट्याइ लिया । इनै ग्रामहरूबाट घर्गनी उठाइ रुपैयां जंमा गरि गोर्षाका राजालाई महाजनहरूसंग सापट ली दियाको सापट टारि दिया । फेरि गोर्षाका राजाले थांकोट वलंवु संतुंगल दहचोक दषल गरि राषदा किर्तिपुर दषल गर्न निमित्त झंषेलमा ठाना वस्न पठाउंदा विश्वजित् मल्लका सेना र जयप्रकास मल्ल आफैं जाइ लडाईं गरि गोर्षाका काजिहरू भैयाहरूकन मारि हटाया। गोर्षाका राजा पृथ्विनारायण साह जीवको संसय गरी दहचोक चढी भागी गया ।

राज्यप्रकास मल्लको रोग साह्रै नानाजातिका सास्त्रमा विचार गराई समस्त उपकार दान कर्म चांहिदो गराइ नाना औषधि गराउंदा पनि रोग समन नभै सम्वत् ८७८ आश्विण शुक्ल सप्तमी पर अष्टमीका दीन परलोक भै गया । अहांपछि भिष्वालधन काजीले नुरलका विश्वजित मल्ल १८ वर्षका उमेर भयाकालाइ सिंहासनमा वसाई उपाध्या मंत्री प्रजाहरूसंग सम्मत गरि विश्वजित् मल्लकन संम्वत् ८७८ आश्विन शुक्ल ९ का दिन राजा थाप्या । भोगवर्ष २।९ ।

इन राजाले प्रजा प्रभृतिकन सुष दी राज्यको चलन गरी रह्याका थिया । इन राजाले कालिदास काजीकि छोरी छाकुवाहाल काजीका छोरालाइ दियाकि मयजु ठकुं राजाले ल्याइ स्त्रि गरि राष्या र चाकवाहाल प्रधानका छोराले कालिदासका छोरा देविदासको र तढि धनको वल पाइ राजामाथी दगा गरिरहंदा एक दिन विश्वजित् मल्ल राजा मछिन्द्रनाथको दर्शन गर्न निमित्त जांदा मछिन्द्रनाथकन स्थानमा मुहडा फिराइ राष्याको देष्या र राजाले आज किन लोकनाथकन ढेढो गरि किन राष्याको भनी हुकुम हुंदा अरू साथका मानिसहरूले सदाका माफिक रह्याका छन् भनि विंति गर्दा राजाले मनमा आज मलाई क्या भयो भनि आश्चर्य मानि दर्शन गरि फर्कंदा सिढीवाट लोटया । ताहांपछि दर्वारमा आया । यसै दिन चौक्वाथ पंचझ्यालमा रह्याका थिया । उसै वषत चाकवाहाल प्रधानका छोराले ढुंगाले हानि भाग्यो । राजालाई लागेन । यसका स्वास्नि मैले राष्या मलाई हान्याको हो भनि रिसले राजाले केहि नभनि चुप लागी रह्या । ताहांपछि राजाकन साथमा रह्याका काजि प्रधानहरूले राजामाथि यस्तो गर्न सक्न्यालाई सभाई सास्ती दिनुपर्छ भनि विंति गर्दा राजाले प्रजाकन जाउ समाई ल्याव भनि झ्यालवाट भित्र पस्या । काजिहरू आपना आपना घर गया । प्रजाहरू जाई चाकुवाहालका काजिका घरलाई घेरा दिया र चाकुवाहाल प्रधानका छोरा दुंई भाइले अव हाम्रो जीवरक्षा हुन्या छैन सक्या सम्मको पौरूष गर्न्या हो भनि जिवको माया मारि दुइ भाइले तरवार षिचि पट्टा षेली जाई घेरा दिन्याहरूकन धपाया । प्रजाहरूकन मारि आउनु भंन्या हुकुम थियन र मारेनन् । समाउन भन्या सकेनन् । ति दुइ भाइले भन्या हटाउंदा भीमसेनथान नघाई धपाया । दर्वारका ढोकाहरूमा रहेका मानिसहरू पनि दवदा यक कोइ ढोकाबाट पसि दर्वारभित्र जादा राजाले षवर पाई तलेजुमा लुकन भनि जांदा चाकुवहालका प्रधानका छोराले सस्त्र हातमा ली केवल मार्न आटी लगारि ल्याउंदा विश्वजित् मल्ल राजाले अव मेरो जीव रक्षा हुन्या छैन भनि ठहराई यसका हातले मर्नु चाहि त आफ्नै हातले मरूं भनि कम्वरवाट सस्त्र हातमा ली पेट चिरि सम्वत् ८८० भाद्र वदि १४ का दिन प्राण त्याग गन्या ।

एस्ता तरहसंग राजा विश्वजित् मल्लकन परलोक गराई चांडै फर्कि देस त्याग गरि मधेसतर्फ भागी गया । ताहांपछि काजिहरूले थाहा पाई दर्वारमा आई वहुतै दुषिन भयापछि धनवंत काजिले उसै वषत कांतिपुर जाइ जयप्रकास मल्लका हजुरमा पुगी जुनकन वावा भनि मानिरह्याथ्यौ तस् कन चाकुवहाल प्रधानका छोराले दगा गरि अंतकाल पान्या । अव हजुरकन वावा भनि मान्न आयौं भनि विंति गर्दा जयप्रकास मल्लले माया गरि ललितपट्टनमा आया । राजा मरण भयापछि विश्वजित् मल्लका महतारिले वहुतै विलाप गरि रोई झ्यालमा वसि प्रजाहरूकन मेरा पुत्रकन अहांसम्म आपदा पर्दा क्या हेरिरह्यौं भंदा प्रजाले केहि विंति गर्न सकेनन् । सवै टोलाइ रह्या र प्रजाहरूकन औसरमा वल नआवस् भनी श्राप दि छोराका संसर्ग सति गईन् ।

अहांपछि सम्वत् ८८० का दिन जयप्रकास मल्ल राजा भया । अहां उप्रांन्त पाटनका काजीहरूले भक्तपूर जाई रणजीत् मल्लकन बुझाइ सम्वत् ८८२ साल जेष्ठ मैन्हामा ल्याई ललितपट्टनमा राजा थाप्या । भोग वर्ष १। इन राजाकन मन नपरि शंषमूलमा श्राद्ध गर्न जांदामा तेसै वाटो धपाई पठाया । फेरि इनै प्रजाहरूले कांतिपुरका राजा जयप्रकास मल्लकन अनेक तरहसंग बुझाई

ल्याई राजा गऱ्या । मैन्हा ६ राजा भया उप्रांन्त काजी-हरूहरूसंग यी नमिलि राजा जयप्रकास मल्लले दगा गरि कांतिपुरका देवानंद उपाध्याकन पाटन पठाइ धालाछै काजी धनवंत भीष्वाधन आदि छ प्रधानहरूकन जयप्रकास मल्लका आज्ञाले सात पुर्षाको धर्म्म दी सत्य वाचा गरि वंदेज गरि राजाले वोलाया भनी अनेक तर्हसंग सत्य-वाचा गरि कांतिपुर लग्यापछि जयप्रकास मल्ल सत्य छोडि छवै काजीहरूकन वन्धन गराया । भिष्वाधन काजिले जयप्रकासका वंधनमा रहन्या छैन पृथ्विनारायन साहकन सलाम गर्न्या छैन भनि प्रतिज्ञा गऱ्याका थिया र वंधनमा पर्दा कमरवाट सस्त्र झिकि मुटुमा रोपि प्राणत्याग गऱ्या । यस कुरा पाटनका प्रजाहरूले थाहा पाई हुल उठि रातमा अठकोनारायणका स्थानसम्म पुग्दा जयप्रकास मल्लले षवर थाहा पाई २ जनालाई मारि ५ जनालाई समाई हटाई पठाया । ताहांपछि ५ काजीहरूकन स्त्रीको पोसाक पैह्राई आवरु ली फजिहत गरि छाडि पठाया । जयेप्रकासले पाटनका काजीहरूकन वन्द गरि राजा, काजी, सून्य भै रहंदा पाटनका प्रजाहरू जाइ गोर्षाका राजा पृथ्विनारायण साहकन राज गर्नु पऱ्यो भनि विति गर्न जांदा राजाले आफ्ना भाइ दलमर्दन साहकन आफ्नु साटो छाप चिन्ह दि पठाया । भोगवर्ष १।

सम्वत् ८८४ माघशुक्ल १५ शुक्र वारका दिन पाटन सहरमा प्रवेस गराइ राज्याभिषेक दिया । थोरै दिन वेतित भयापछि नुन कपास राजा पृथ्वीनारायण साहले पठाइ नदिंदा यस कुरा प्रजाले दलमर्दन साहकन भन्या—हामि प्रजाकन सुष होला भन्ना कारणले हजुरकन राजा थाप्यौं नुन् कपास झिकाई देउ भनि विति गर्दा राजा दलमर्दन साहले केहि धंदा मानु पर्दैन म झिकाई दिउंला भनि दिलासा दि राष्या । ताहांपछि दाज्यू पृथ्विनारायण साहकन पत्र लेषि पठाउंदा ई प्रधानहरू प्रजाहरू मिलि राजा पृथ्विनारायण साहको नाम कांतिपुरका टीका हरण गरि दलमर्दन साहकन राजा थाप्या । भोगवर्ष १। ताहां-पछि पृथ्विनारायण साह माथी वढाइ तैपनि नुन कपास दि नपठाउंहा प्रधानहरू प्रजा रिसाई दलमर्दन साहकन छेकि पछिवाट छाडि पठाया । ताहांपछि सम्वत् ८८५ वैशाष शुक्ल १२ वृहस्पति वारका दिन पाटनवासि ठाकुर तेजनर्सिंह मल्लकन राज्याभिसेक दिया । भोगवर्ष ३ ।

यहि साल गोर्षालीले नेपालमा प्रवेस गरि ठाना राष्या । ठानामा रहन्याहरूसित सत्य विश्वास गरिकन तिमिहरूकन मार्न्या छैन भनि निदानमा सवैकन मारी-दिया । २ सर्दारहरूकन समाइ नुवाकोटमा लगी सास्ति दिंदा नदिमा डुवाई दुष दिंदा एक जना मऱ्या । धन-वंतका छोरा विरनर्सिह मरेन । चौकि राषिकन कर्त जान नदी राषदा पछिवाट तेरा वावुलाई चिठी लेष फलाना गाउं हाम्रा हात पारि देउ वहांपछि छोडि दिउंला भनि केहि गाउं हात पाऱ्या । पछिवाट नेलमा रह्या । विरनर्सिहले नेलैसंग त्रिसुलगंगामा फाल हाल्दा चौकिदार-हरूले फेरि समाइ राष्या । यस्तै समय धेरै चिठी गोर्षाका राजावाट पाटनका काजिको उत्तरा उत्तरि हुंदै थियो । पछि काजि धनवंतको छोरा विरनरसिंह वावुकन चिठी पत्र लेषदा छोराको मायाले पृथ्विनारायण साहवाट चिठीपत्र पठाई झिकाउंदा पाटनका काजी मान छोडि गोर्षाका भरमा गया ।

यहि साल श्री वज्रजोगिनीका द्वारमा अकस्मात् रक्तविंदु देषियो । बैशाष कृष्ण १४ शनिश्चर वारका दिन वालाज्यूका कोटमा गोर्षाका सैन्यले प्रवेश गऱ्या । सम्वत् ८८६ नष्ट चैत्र शुक्ल ९ का दिन का रातृमा किर्ति-पूरमा गोर्षाले प्रवेस गऱ्या । देशप्रजाहरू मात्र देषा पर्न्या आइलाग्न्याहरूकन समाई मान्या । पछिवाट अघि कालुपांडे आदि सर्दारहरूकन र सुरप्रताप साहका नेत्र तीरका प्रहारले फोरिदिया भन्या रिसले किर्तिपुऱ्या प्रजाहरू १२ वर्षभन्दा वढि उमेरमा भयाकाहरूकन नाक काट्या, भागी दवि रहन्याहरू मात्र वांच्या । ताहांपछि सम्वत् ८८७ साल पौष कृष्ण दसमिका रातृमा प्रजाहरू सव जम्मा भै चिराक वाली दगा छोडि किर्तिपूरका कोट घरमा प्रवेश गऱ्या ।

ताहांपछि सम्वत् ८८८ भाद्र शुक्ल १४ उत्र फाल्गु-णी नक्षत्र सोम वारका दिन गोर्षाका राजा पृथ्विनारायण साहले कांतिपुर प्रवेस गऱ्या । पछि जयप्रकास भागी पाटनमा आया । ताहांपछि आश्विन वदि ७ का दिन पाटनका तेजनरसिंह मल्ल दुवै भागी भक्तपूरमा गया । पाटन काजि सयष्वाधन भोजनरसिंह सयमचा सिपाहिहरू सवै भक्तपूरमा गया । ताहांपछि सम्वत् ८८८ आश्विण वदि ११ का शनिश्चर वारका दिन गोर्षाका राजा पृथ्विनारायण साहवाट ललिटपट्टन दषल गऱ्या ।

तहांपछि श्रज्यू वाहावल राना धनवंतसि प्रधान तढि प्रधान कृतिलक्ष्मीसि इ छ जनालाई पानीको भारा दिया ।

वाहांपछि इ प्रधानहरूकन वोलाई स्वंय घरमा सल्लाह हुंदा मिश्रज्यूले तिमिहरू छ जनालाई कूलकपट मैले गर्न्या छैन भनी जनै मुठिमा राषि पानि लि सत्य वाग गन्या । वाहाबल रानाले ढालमा तरवार राषि तिमिहरू माथि मैले छल कपट गन्या इ भगवतिको कुष्टि लागला भनी सपत गरि कांतिपूर जाइ राजाका पिछामा ल्याया-पछि सम्वत् ८८९ पौष मासमा राजा पृथ्विनारायण साह पाटनमा प्रवेस गर्दा सिदुर लात्रा गरि लग्या-पछि ६ प्रधानहरूकन पाउ रषवारि ल्याई समाइ कांति-पूर लगी सर्वस्वहरण गरि इनमरू मध्ये यगूवाहालको प्रधान भागी मध्येसतिर गया कसैले फेला पार्न सकियन। अरू पांचै प्रधानहरूकन कुल्याहा हुन् भनी जमलोक पठाया । सबै मयजु सति गया । धनवंतसिंह सरण आयाको हुनाले वांच्या सबै जगा जमिन् घरषेत फोई वक्स्या । ९० षेत जागीर वुंगमति षुवा गरि १२५ षोडा तैयार गर्नु भनी भारा वक्स्या । यस्ता तरहसंग राजा पृथ्विनारायण साहवाट नीष्कपट गरि राज्य गर्दा भया।

## फेरि कांतिपूरको विस्तार कहिंछ

सिवसिंह मल्लका ज्येष्ठ पुत्र लक्ष्मीनृसिंह मल्ल सम्वत् ७३३ मा राजा भया। भोग वर्ष ११। इन राजाका पालामा आफना कष्टकालमा अघि सह्यार गर्न्या भनी समझि देव-पट्टनका रजीक पुत्री फिकुचा परूचाकन डोलि पठाई लिन पठाउंदा डोलिमा वस्न्या हाम्रो रित छैन भनी हिडि आई राजासित भेट गरि जलवंधमोचन गराया । धेरै षेत मागी गुठि राषि रानिगुठि भनि भनाया । राजाले इनहरूमाथी वहुतै अनुग्रह गरि षुसि गराइ पठाया ।

जहांपछि नित्यानंद स्वामीले श्रीपशुपतिनाथकन ढोक दिंदैन । यस्ता पुजाहारि राषि वढिया छैन भनी कोहि दुर्जनले राजालाई सुनाउंदा राजा आफै जाई हेर्न जांदा स्वामिले अर्थ वुझि केहि नवोलि नित्यपूजा सकि वाहिर आई चण्डेश्वर पुजा गरि आइ कामदेवकन ढोक दिया र कामदेवका पादुका भंग भै षस्या । फेरि धर्म्मसिलामा ढोक दिंदा धर्मसिला फुटि दुइ चिरा भयो । फेरि दक्षीण दर्वाजा भीत्र पसि डंड प्रणाम गर्दा त्यो सिला पनि दुइ टुक्रा भै फुट्यो । फेरि हर हर भनी भित्र जाई श्रीपशुपतिनाथकन सिरले छुवाइ डंडवत् गर्न तैयार गर्दा वेलामा स्वामीकन वलले समाइ राजाले कर जोरि वहुतै प्रार्थना गरि वुझाइ स्वामिदेषी डर मानी राजा कांतिपुर फर्क्या । इन दीनदेषि स्वामिले गुप्ती प्रभाव षोलनु पऱ्यो भनी दिक भै संसारमा रहनको ईच्छा त्याग गरी नित्यपूजा सकि वाहिर आइ नैऋत्य कोणमा षडा भै पकडो ३ भनी तिन वार नित्य भनि रह्या । थोरै दिनपछि इ नित्यानंद स्वामी समाधि लि प्राण षैचि सून्य-मा गया । इ स्वामिलाई उनका गुरूले यो गुप्ती प्रभाव षुलन गयापछि तैले प्राणको माया नराषी संसार त्याग गर्नु भन्या वाचा थियो र स्वामिले प्राणत्याग गऱ्याको हो । इन राजाले श्रीगुह्यश्वरीदेषि वागमतिमा जग वसाइ श्रीपशुपतिका स्थानको चरणोदक वागमतिमा पर्न्या गरि नाल वनाइ जल वहाया ।

सम्वत् ७५३ माघ शुक्ल ७ का दीन श्री तुलजा भवानीकन सुनका चंदुवा चह्राया। दीपमाला सवा लाष बाली कोटेश्वर मषन्मा गुदाल राषी दिया । भित्र ठुलो घंट चह्रााया। इन राजाका २ पुत्र थिया। जेठा प्रताप मल्ल कांछा भीम मल्ल थिया । ११ वर्ष राज्य भोग गरि सक्दा मंत्री वर्गका षेलले ज्येठा छोरा प्रताप मल्लले बाबुको टीका हरण गरी राजा भया । भिम मल्ल बहुतै बुद्धिमान् अवतारि पुरुष हुनाले बालपनैमा मंत्री भया । बाबुको टीका छोराले हरण गरि बन्द गरि राष्या र मनहारिबाट रोगले पीडा गराई रह्याका थिया। राज्याभिषेक पाया उप्रांत ४४ वर्ष वांची आफ्ना पुर्षा-देषी कुलमा चल्याको तुलजा जगाउन्या महामन्त्र वावाबाट पायाको मंत्र छोरा प्रताप मल्ललाई मंत्रीका षेलले दिन नपाई मंत्र लोप गरी नेपाली सम्वत् ७७७ भाद्र कृष्ण १३ शुक्र वारका दीन परलोक भया ।

अस्य पुत्र प्रताप मल्ल राजा भोग वर्ष ५१ । इन राजाले वावा छंदै वावाको टिका हरण गरी सम्वत् ७४४ मा राजा भया । इन राजाका पर्यायमा श्री दक्षीणकाली प्रसन्न भै मलाइ मूर्तिमान प्रकास गर भनी स्वप्नविषे प्रसन्न हुंदा राजाले याद नगरी रहंदा फेरि कंन्याकुमारीमा प्राप्त भै मेरा स्वयंभू मूर्ति अप्रकाशित छ मलाई मूर्ति बनाइ स्थापना गर। महामारि भय निवारण होला । आयू वृद्धि होला । साम्राज्य प्रष्यात होला भनि आज्ञा हुंदा राजाले अब त नबनाइ भयन भनि मूर्ति वनाउन लाया । जव सक्याथ्या. यहांपछि फेरि त्यो मूर्ति मेरा अप्रकासित ध्यान हो दर्वारभित्र स्थापना गर भनी स्वप्ना प्रसन्न हुंदा दोश्रा मूर्ति बनाई श्रीनृसिंह भट्ट लंवकर्ण गुरू पाइ इनका द्वाराले श्रीदक्षिणकालि

श्रीसुन्दरकालि अष्टमातृकाकन दक्षिनभागे पूर्णवति गंगा वामभागे उद्धारवति गंगा संगम श्रीस्वयंभू दक्षिणकालीका स्थान निकटमा स्मसानवासिन प्रकास स्वरूप महाकाली सुन्दरकालीकन सहश्रवली नरबली महापूजा कोटचाहुति यज्ञ गरिकन प्रतिष्ठाकर्म विधानपूर्वक पुराई वैशाष शुक्ल ३ का दिन स्थापना गरि विराजमान गराया । श्रीसुंदर-काली कन आफना राजकुलमा मोहनचोक बनाइ त्रिशक्ति षडाम्नाय मृत्तिकामूर्ति प्रतिमा चौसठ्ठी जोगिनी आवरणदेवता संजुक्त गरी श्रीसुंदरकाली कन स्थापना गऱ्या । इन फर्पिंका ईश्वरि प्रसन्न हुंदा असंख्य धन द्रव्य कुवेर संतुष्ट भै ऐश्वर्य पाउंदा भया ।

श्री गुरू नृसिंह भट्ट राजा प्रताप मल्ल मंत्री भीम मल्ल इ तिन जनाका सम्मतले इश्वरिकन स्थापना गर्दा ईश्वरिका प्रसादले भोट राज्य लासा कुति अम्वल गरि धेरै दौलत प्राप्त हुंदा मोहनचोकमा पांच कोटी द्रव्य भंडार थाप्या । चार कोणमा चारध्वजा षडा गरि जल-धनुमा षोडस प्रकारका अक्षर लेषी राष्या । फेरि कोटि धन षर्च गरी परलोक उद्धार इह लोक ऐश्वर्य साम्राज्य पाउनको कामनाले श्री देगुतले भवानीका मूर्ति बनाई जथाक्रमले स्थापना गरि कडेवल चोक भनी नाम प्रष्यात गरि षम्ब षडा गरि आफनु मूर्ति बनाई सालीक थाप्या । श्रीपंचमुषि हनुमान्का मूर्ति देवालय वनाई भित्र स्थापना गऱ्या । फेरि दोश्रा हनुमान्का मूर्ति बनाई राजद्वार विषे स्थापना गरि हनुमान्ढोका भनी नाम प्रष्यात गरि दिया ।

वावा लक्ष्मी नरसिंह मल्लवाट रोगले पिडा गराई दुष पाई रह्याका थिया । इनका मंत्री भक्तपुरका कचिंगल नरदेव काजि थिया । प्रताप मल्लका कांजि प्रतापधोज भट्ट जोसि थिया । प्रताप मल्लले राजकाज गऱ्याको देषि वावा लक्ष्मीनृसिंह मल्लले मनमा संताप छोडि मन हर्ष गरि भन्या—पैले गुरूका वुद्धि सुन पुत्रले गुरूका सार्वसामर्थ सुनिकन गुरूका प्रसादले गुटिको लिन सामर्थ भयो धन्य मेरा गुरू भन्नु यसो भया पनि पुत्रले पुर्षाको नाम राष्यो । मेरा मनमा दुष छैन गुरूका किर्पाले मेरा पुत्र उदार भयाको देषि सक्यां । अघि मात्र मेरा मनमा दुष भयो पछिवाट मेरा चितले देष्या भक्तपुऱ्या मंत्रीका बुद्धि सुन्नु रह्यनछ तेसैका वुद्धि मैले सुँदा छोराले यस्तो गऱ्याको हो । उत्तरपट्टिका राज्य भोग गर्न पाउन्या गरी गुरूबाट कृपा गरि प्रसन्न भयो । मेरा गुरूका कृपाले चतुर्दिग्को भुक्तमान होला भनी कृपा भयाको वृद्धि भयो । भक्तपुऱ्याको वुद्धि सुनी घरकलह कुटुम्वनास भयाको देषि सक्यां भनि लक्ष्मी नृसिंह मल्लले भन्या ।

महारानी र भिम मल्लकि रानी दुई जना वहुतै मिल्यांका थिया । आफना कुलमा सिद्धपुरुषले उपदेश गऱ्याको काम समझि पिठदेवता कोटेश्वरसम्म सडक वाग् सास्त्र मर्ज्यादा सहर पर्जामा दस्तुरवमोजिम वन्दोवस्त र यस्तो पाठ तयार गर्न सक्या यहि इन्द्रासन भयो । छयासि हजार जोजन हिड्नै पर्दैनथ्यो भनी दुई जना रानी वसि कुरा गऱ्याको राजा प्रताप मल्लले र भिम मल्ल मंत्रीले सुन्या छन् र इनै कुरा पूर्व विर्तांत सुनी विरपिठमा विरसक्तिले सिद्ध हुन्छ भनी राजा प्रताप मल्लले मंत्री भिम मल्ललाई धन पूर्ण गरि कार्य सिद्ध गर्न निमित्त देस देसमा तिमिले गऱ्याको थिति प्रजा-प्राणिले मान्नु भन्या वंदेज गरि दिछु सकौला भाई भनी हुकुम गर्दा भिम मल्लले विन्ति गऱ्या भोट—मध्येस पहाड जाई बुझि वसि वंदोवस्त गरि प्रजा तसल्लहमा राषी दौलथ कमाइ ल्याइ धन पाटन शहर जग्यांग देवताका नामले टोलै वोलाइ वैकुंठ जस्तो गरि सिद्धपुरुषको आज्ञा श्रीपशुपति आर्ज्याको इछ्या. हजुरको कलीजुगमा विरकिर्ति रहन्या काम स्थिति गरी वक्स्या टहलमा म भर्सष्य गरी पुऱ्याउंला भनी विन्ति गऱ्या । उही उद्योगनिमित्त राजाले वंद वाधि भीम मल्ल मंत्रीले गऱ्याका स्थितिमा सर्वै प्रजाले राजी भै सामेल रहनु भनी सहर सिमाना डंका बजाई दिया । मंत्री भिम मल्लले पनि मध्येस पाहाड भोट राज्येतक सर गरी मिलाप राषि सोगात पत्र पठाइ राज्यैको सोझो चिताई प्रजा मिलाइ थितिबाट ढकसार रित भात श्रीपशुपति आर्ज्याको पूजा सज्जन पण्डित पुराण जोगीहरूमा भक्तीसंग मिलाप राषदै धर्म्म मार्गले आयाको धन जम्मा गरि ढुकुटि भंन्या नाम षजाना रषाया । पाहाड मध्येस सर गर्न उद्योग गरि रह्याका थिया ।

यस्तै वषतमा मन्त्रि भिम मल्लले श्रीभिमभक्तेश्वर-महादेव स्थापना गरि देवालय वनाउंदा भक्तपुऱ्या मन्त्रीको वुद्धिले तुलजामा देवालयभन्दा अग्लो गरि वनाउन लाया । तुलजामा देवालयभन्दा अग्लो भै तुलजा अप्रसन्न हुंदा वहुतै मेहनतसित तिन दिनमा वनाइ सक्याको देवालये येकै दीनमा भत्कीइ डेड वर्षभीत्र पनि सिध्या-उन सकेनन् । यस्तै विचमा उत्तरापथवाट फल आउंदा

राजा प्रताप मल्लले भीम मल्ल मंत्रीकन कील गरि उत्तरापंथ राज्य गर्नको मनसुवा गरि पठाउंदा मंत्री भिम मल्लले भक्तपुऱ्या मंत्रिको कपटवुद्धि थाहा पाई पछि मलाई चुगली गरि विगार पर्ला फर्कि आउन पाउन्या छैन भनी चिताई पत्र लेषि आफ्ना तकीया मनि यस्ता तरहका वेहोरा लेषि राष्या । भक्तपुऱ्याका वुद्धिले राज्य नासला पछिवाट राज्य नाश हुन जाला । मेरा वावाका वुद्धि छैन भंदा ज्ञनसारो मेरा दाज्यूको वुद्धि रहनेछ मलाई विदेश पठाउनको मनसुवाले वागमति-पूर्वपट्टिका मनुष्यको विस्वास सुन्याका नेपालराज्य धाम रहन्या छैन । उप्रांत टिकाधारिका आज्ञा सुनि ज्ञान पस्या भनी मैले भंदा लियाको होईन परंतु मेरा राज्यमा आउन पाउंला भन्या आश्रा देषदिन भनी यस्ता तरहको पत्र लेषी गयाथ्या । राजा प्रताप मल्लले भाइ भिम मल्ल मंत्रीकन वारह वर्षको विदा बक्सी सांषुसम्म राजा आफै जाइकन भोटतिर पठाई सहर फर्की आया ।

भीम मल्ल मंत्री पनि मुलुक सर गर्दै भोट जाई विस्तार लेषदै वुझि हेर्दा सर्वत्र सुन चांदिका षानी पाई गुप्त मार्गका ज्यादा भंन्या गुनक जाति कहीन्या लासादेषि वायव्य उत्तर दिसातीर १५।२० दिनका रस्ताभित्रमा नुन पानी जम्याको वालुवा नुन उतैतिर सुनषानि येक विता जमीन षन्यापछि सुनका झर्के झर्कों धेरै मिलन्या । पानिले पषाल्या र ल्याया वुकिसुन् कहिन्या । लासा दिगर्चा गैह्रको भोटचा महाजनका फौज एकट्ठा भै हतियार तिर कमान गैन्ह् ली षचडा च्यांग्रो भेडाहालाई सत्तु चिया वोकाई गुडुक जातिका देशमा जाई सुन सत्तु चिया वरोवर साटी नुन मौफतैमा ली षचरा गैह्रमा वोकाई ल्याउन्या । यक्लै ५।७।१५।२०।६०।७०।जना सम्मले नजाई सक्नु गुरूक जाति भूतजस्ता । मार्नाकन कत्ति दया नभयाका राक्षस जस्ता भोक लाग्या वेपारिका मुष्यांजी च्यांग्रो समाति दांतले घोक्रामा च्यापी तातो रक्त प्यून्या । येस्ता तरहका मानिसका हातमा द्रव्यको षानि रह्याको थाहा पाई भीम मल्लले सामर्थीवाला थिया र मनमा यस्तो विचार गऱ्या—तिनिहरूसंग सर गर्न सक्या सिद्धपूरूषको आज्ञा श्रीपसुपति आर्य्याको इक्षा कलीजुग-माको वीर किर्ति महाराजको सोझो टहल पुऱ्यायां भनि मनमा सवार भै थोरै मानिस साथ ली सलुक गर्दै जांदामा वाटामा सिद्धपुरूषसंग भेट हुंदा सिद्धले तिमि को हौ कतावाट आयौ काहां जान्छौ किन जिवको माया मारि जांछौ भनि भंदैमा तपश्वी जानि घोडावाट उत्री साष्टांग प्रणाम गऱ्या ।

श्रीपशुपति आर्य्याको इक्षा हाम्रा राजाको टहल तपाइका दर्शन पाउनु मलाइ जन्माउन्या मेरा वावा महतारि धन्य हुन् भनि अश्रुपात गरि विंति गर्दा सिद्ध-पुरूष षुसि भै चिन दिल्ली भोट सर भोग तपयोग जागरण उनका अवतारलाई त्यो काम सिद्धि छ । सोहि राजा काजी पछि नेपालमा सत्यवादि हुन् । त्यो किर्ति उनैहरू गर्नन् पु-याउनन् । तिमि विरवल हौ । छ्वा-सकामिनीमा जाइ तम्री रानिलाई पत्र लेषि संग वसि तिमिहरू योग तप तर । फेरि जन्मौला । उहां धेरै अनाचार वढचाको छ मर्ज्यादा नपुगदामा तपस्वी जन्मी वाह्र हजार कारिगर फौज जमाई कार्यसिद्धि गर्नन् । तिमिलाई मैले कायप्रवेस विद्या दियाँ । यही ज्ञान रानिलाई पनि भनि पठाउ भनी सिद्ध गया ।

उप्रांत लासाका अजीत लामाले भिम मल्लकन भोटका महाकालस्वरूप देषी वहुतै सम्मान गरि मित्रता गरि मिल्यापछि दाज्यू प्रताप मल्ल राजाकन मोहनचोक-मा भंडार राषन निमित्त भनी ५ करोड द्रव्ये पठाया ।

फेरि भिम मल्ल याकुमा आफ्ना हातका पाँच अंगुलीको छापा चीन्ह राषि द्रव्य राषि मुलुक सर गर्दै थिया । भिम मल्ल मंत्रीले वहुतै राजाको सोझो गरि सहरमा महाजनहरूका मऱ्याका अपुताली आफ्ना गरि कुती ग्राम आधा आफ्नु गरिराष्या । यस्तै बेलामा भक्त-पुरमा मंत्रीका बुद्धिले तम्रा काजी भिम मल्ल भाइ भनि पठायौ तमाट्का राजा भै भोटचासंग मिलि रजाईं गर्दा छन् भनी चुकलि गर्दा क्याहो भनी संदेह मानी लिन मानिस पठाउंदा तस्तै वेलामा भीम मल्लले पनि धेरै द्रव्य लाष पल सुन वोकाइ आया भन्या खबर आयो । जव भक्तपुर आई पुग्या भक्तपुरका राजा मंत्रीले राजाको डवल निको छैन दौलत यहीं राषि जाउ भनी भीत्री चिवा षवर प्रताप मल्ललाई पठाउंदा रिसाइ मन्मा दगा लीया । भीम मल्ललाइ तलेजुका दर्शन गरि राजाको दर्शन गरौंला भनी सिंहढोकाबाट भित्र जाँने वितिकै कसाहीहरूलाई तिनले अघि दुदको गोलपु रोजछौं की रंगतको गोलपु रोजछौ भनी भैंसी मार्न छुटायाको थियो रिसियाका छन् उनीहरूलाई काट भनी अह्राई राष । वरु गोत्रहत्या निमित्त धर्मकिर्ति शिव स्थापना गरि दिउंला भनी राजा प्रताप मल्लले हुकुम दिराष्याक

रहेछ। भिम मल्ल आइ सिंह ढोका छिर्दा त्रीशूल ढवली पुग्यामा दस बाह्र जनाले पक्र्या । तरवार गरी विवेक नगरि मार्न लाया । उनकि रानी सति भै स्वै रंगतमा हातको पंजा भिजाइ हातको पंजा ढोकामा छापा मार्दा यो ढुंगा ढोकाको सोझो जो गर्ला सिद्ध पुरुषको आज्ञा पौष शुक्ल र सोमबारका दीन महापराक्रमी पर राज्यका राजाले अति मान्याका दुर्जनका वचन सुनछन् तपश्चि जोगिवाहेक षानु नषानु कसैलाइ नहोस् भनी आर्य्याघाटमा गै प्राण छोड्या पछि चितामा मुर्दा देषिइन् ।

भीम मल्लका रानीले पनि कायप्रवेश विद्या सिद्ध पुरूषका आज्ञाको चिठी पाउंदा ज्ञानपूर्ण भयाको थियो र दुवै जना घोडा चढ्या । सिद्ध प्रलंभले स्थापना गर्‍याका भगवान् महाकालका स्थानमा भिम मल्लका भतीजाले दुवैलाइ देषी आश्चर्य्य मानि वोलाउन पनि नसकि हेरी मात्र रह्या । उनीहरू दुवै जना वात गर्दै गया । घोडा टागन पनि विस्तारै चलाया । रानिपोषरि-छेउ धेरै मानिसले देष्या । अघि षिल्लत् दिनु भंन्या सल्लाहको बात सुनिन्थ्यो पछि काटछन् भनि सुनियेथ्यो आजै आईपुग्या भंथ्या । आजै दुवै जना यकै टागनमा चढि जांछन् क्या आश्चर्य हो भंदै हेरिकन मात्रै रह्या । देउपाटनमा पुग्दा प्रताप मल्लको भडान्या ज्ञानधर मास्कीले भेटी प्रणाम गरि रोयो क्या आश्चर्य हो भनी विंति गर्दा मानीसका हात चिठी पठाई दियाको छ सब वात-स्मेत् हामी दुवैको छ विंति गरि दिनु कागज वमोजिम् बुझि लिउन् । सबै वा दाज्यू जान्यै छन् षिल्लत पाई छासकामिनि जांछौ भन्थ्या भनी विंति गरिदिनु भनि अह्राई गया । रूंदै ज्ञानधर फर्क्या । आइ राजासंग विंति गर्दा मोह भै दोश्रा लस्करस्मेत येतैवाट गया मात्रै भंन्या भेटाउन कसैले पायनन् । फर्कि कागजवमोजिम बुझदा सव वृतान्त वुझी राजा प्रताप मल्ल वहुतै पछितो मान्या । वावा लक्ष्मीनृसिंह मल्ल हाय भिम मल्ल ! २ भनी कांछा छोराका सोकले वौलाहा जस्ता भया । यहांपछि भीम मल्ल मंत्रिका नामले यतषा टोलमा जथा-क्रमले सिव स्थापना गरि देवालय वनाइ गुठी राषि नित्यार्चन गराया ।

राजा प्रताप मल्लले सम्वत् ७७७ माघ शुदि १५ का दिन विश्वरूपका मूर्ति ढाली सुनका जलप सारी लायकुल वहिमा राषि दिया । यहि साल वावा लक्ष्मी-नृसिंह मल्लले आपना अंतकालका वेलामा मंत्रिहरूका षलले वावु छोराको चित दुष्याको थियो र कस्तै भया पनि यो तुलजा जगाउन्या मूलमंत्र हाम्रा कुलमा अघि-देषी संतति चलि आयाको हो यो कुरो त छोरालाई दियी जानुपर्छ भनी छोरालाइ वोलाउन पठाई पुत्र प्रताप मल्ल आउंदा येक दुर्वुछि मंत्री जांदा राजाले वावाले मलाई वोलाउनु भयाको हो कि भनि सोधदा मंत्रीले भन्या म दिन भरि वहिं थिया वोलाउन भयाको होइन तेस छोराकन मार्न पाया हुंदो हो भनी भंनुभयो तसर्थ पावलागनु नहोस भंदा राजा आउन तैयार भयाको पनि छोडि विमुष भया । याहांपछि त्यो मंत्री वावाचाहिं संग जांदा छोरो आयन भनि सोधदा छोरालाई अनेक तरहसंग बुझाइ विंति गर्दा पनी तेस वावुसंग ७ जन्ममा पनि मिलन नपरोस् भनी भंन्नु भयो भनि विंति गर्दा लक्ष्मीनृसिंह मल्लले वहुतै मन्मा फिक्का गर्‍या । यहां पछि कलस स्थापना गरि कलसमा मंत्र पढि मंत्र स्थापि इनारमा षसालि दिदा अग्नि ज्वाला प्रकास भै उर्द्ध मार्ग गरि गै मंत्र लोप भयो ।

यहांपछि प्रताप मल्लले मन्मा विचार गर्‍या । इनै काजी नरदेव प्रयासिका षेलले ठुलो कुरा उमकायां अहँकारि भै विवेक नगर्दा वावाकन वेमर्ज्यादासंग राषदा आपना कुलदेषि चलि आयाको मंत्र लोप गरायां भनी वहुतै पछितो मान्या । आहांपछि तेस मंत्रीका वंस नास गरि सहरका आगम षोली हेर्दा पनी मंत्र मिलेन । यस्ता तर्हसंग मंत्रका लागी धेरै आगम् षोलदा दुइ चार ठाउँ हेर्न सकेनन् । पाटन मुलछेमा जाइ तारपत्र षड्ग षोल्दा वहुतै त्रास हुन गया र भागी फर्कि आया ।

इ राजाले तुलजा जगाउन्या मंत्र पायनन् तपनि बडो सामर्थवान् थिया । इ राजा वडा ज्ञानि प्रतापि वडो श्रुतिधर वित्पन्न थिया । तिह्नौतदेषि २ रानी ल्याई विवाह गर्‍या । अघि ठकुरि राजाका पालादेषि लोप भयाको लोकेश्वरको जात्रा फेरि रथारोहन गरि देश घुमाइ प्रतिवर्ष रथजात्रा गराया । फेरि देसि परदेसि पंडितहरू जंमा गरि विद्या सिकि षोडस जातका अक्षर अध्ययन गरि नेपालमा ठुला ठुला देवताहरूका स्तोत्र-वनाई शिलापत्रमा लेषि स्थापना गर्‍या । पशुपतिनाथ आदि देवताहरूका स्थानमा अद्यापि छंदै छन् । फेरि नासलचोक नृसिंह नृत्यनाथ तामस गरि सर्वदृष्टि हुन्या लक्षणक्रमले वसाई नासलचोक भनि प्रष्यात गर्‍या । फेरि काष्टमंडप संघि एक प्राचीन लींगाकार भीत्र देवालयका

नृत्यनाथका ध्यान निकासि सुन्दर मूर्ति वनाइकन आफुले वनायाको कविता श्लोक शिलापत्रमा लेषी कविंद्रपूर नाम राषि ठुलो सतल बनाई मदु नासलदेव कहलाई वसाया। फेरि पंचलिगेश्वर भैरवकन अघि लंम्बा प्रमान भयाका लिंग छोपि साना गराया । महादेवकन हिंसा गर्छन् भनि देसि परदेसिहरूले ठट्टा गऱ्या भनि जलहरि छोपि दिया। फेरि भंडारषालमा पनि जथाजुक्त गरि वनाई भुजंग जलसयन नारायन वनाई राषनको इक्षाले आदि रूपि नीलकंठ जलसयन नारायण स्थानमा जाइ वक्साउंदा दोश्रा मूर्ति वनाउनका आज्ञा भयो तर विसाल नगरको प्राचीन ज्ञानेस्वर संधिका जलसयन मूर्ति उठाई ल्याइ तलाउ विचमा वसाया ।

फेरि इनै नारायणकन उत्तम शक्ति वर्द्धमान निति बुढानीलकंण्ठका जल ल्याई तलाउमा भर्ने इक्षाले आदि जलसयन नारायणकन धेरै विधि गरि वक्साइ कुलो षनि जल ल्याउंदा रानी वनसंधी पुग्दा कुलो चलेन र महा-कष्ट पाया । राजाले पनि धेरै कष्ट पाई वर्ष दिनसम्म तहिं वसि यहि कुलासंग मात्र म दर्वार जाउंला जल लैजान नसक्या यो राज्यभोग छाडि जोगिरूप धारि देशांतर जांला भनि प्रतिज्ञा गरि इन्द्रजात्राहरू पनि आफु वस्याकै ठाउं झीकाइ नाच कितन गराया । धेरै मानिसकन माटो कटाई पुरि चपरि लाइ चापातनाजोल भनि प्रष्यांत गरि पानी ल्याया । नवरात्रि कर्मका दिनमा जलसंग आफु आई पोषरीमा पवित्र जल भरी जलसयन नारायणकन सोभा गराइ प्रतिज्ञा पुऱ्याया ।

इनै दिनका रात्रिविषे राजाकन स्वप्ना भयो । आज देषि तम्रा संतान पर्ज्यंत राजाहरू आहाँ नआउनु । यहां आया देषि मर्नु होला । म ताहीं आयां भनि जल-सयन नारायणवाट आज्ञा प्रसन्न गर्दा भया

**नाविष्णुः पृथिवीपतिः ।।**

इन दिनदेषि राजाहरू वुढानीलकंठ जानुमा कोप भ गयो । फेरि केहिं दिनपछि जलसयन नारायण ल्यायाका स्थानसंधी वाटोका पोषरिमा ठुलो येक भयंकर मूर्ति शिला घोपटिरह्याको छ भनी राजाले सुन्या र आफै जाइ धेरै कारिगर लैजाइ हेर्छन् त वडो ध्यानसंयुक्त भिम भैरव देषि राजा वहुतै षुसि भया । सवैलाई सुनाया—हे प्रजाहरू ! भिमभैरव द्वापर जुगमा नेपाल सव तलाउ भै रह्यामा डुंगामा वसि जलविहार गर्न्या आदिरूप प्रभुको ध्यान हो भनि उठाइ लैजाइ दर्वारसंधि दिगुल-तलेका देवालयका अग्रभागमा उत्तर मुष गरि यथा-कर्मले विधि पूऱ्याइ जगाइ स्थापना गऱ्या । इ स्थूल काय भैरव वडो ध्यानसंयुक्त माहाप्रतक्षे भयाका हुन् ।

फेरि विसाल नगरका प्राविनसाकुल्हा भन्याको स्थापनामा कालिनाग मथन गरि रह्याका ध्यानले संयुक्त भयाका नारायण माटाले छोपि रह्याको गरुडसहित कान्तिपूर लैजाइ सुन्दरचोकमा स्थापना गरि वसाया । गरुडले इ राजाकन धेरै दुष दिया र नारान्धाराका नारायणसंधिमा ज्यथाक्रमले वसाया । इ राजाका पुत्र-हरू दुई र दुई अरू पुत्र गरि चार पुत्र भया । पुत्रहरूका नाम नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल, महिपतेन्द्र मल्ल, चक्र-वर्तेन्द्र मल्ल ४ पुत्रहरू सहित भै आनन्द गरि रहंदा समय दक्षिण देशदेषि एक ज्ञानानन्द नाम षोडान्न्यासी स्वांमी आइ पशुपतिनाथमा वस्याका छन् भनि सुन्या र आफै जाई स्वामीसित वसि परिक्षा गर्दा पशुपतिनाथका पूजक जोग्य भनी ठहराई पशुपतिनाथका मंदिरभित्र प्रवेश गराई दिया ।

इ श्वामिले राजाकन सास्त्रको भेद वताउँदा राजा षुसि भै पंचायत मंत्र संख्या क्रमले कांचनछत्र वनाइ तदुपरि आफुले वनायाको कवीता भुजंग लेषि ल्याइ स्वामिकन देषाया र स्वामीले पनी अर्को तान्डव मंत्र सहित महाकालोक्त आगमार्थ नृत्य लिला प्रसंनार्थ छत्र-माथि लेषि पशुपतिनाथकन अघि नभयाको छत्र रचीत गरि चह्राया । अधिका पूजाहारिले रुद्राक्ष रूपका चदुवा वनाइ चह्राउंदै गर्थ्या ।

फेरि इ श्वामिले पशुपतिनाथ खुसिनिमित्त निलकंठका स्नान मेला पाई पशुपतिनाथकन निलकंठ शयन भावना राषी श्रावण शुक्ल चपुर्दशिका दिनमा राजा वक्साइ पंचगव्यले वेदवाक्य प्रमाण गरि देवालय सर्वत्र साधना गरि सूतले वांधी अलंकार प्रक्षालन गरि सवै भडाऱ्याकन प्रवेश गराइ नेम क्रीया पुऱ्याइ श्री पवित्रारोहण नाम गरि शुत संष्या प्रमाण धार्नि ७ सेर १ गरि पशुपति-ताथकन शास्त्रोक्त प्रमाण गरि चह्राया । चतुर्थ दिन-सम्म कर्म्म गरि राजाकन पवित्र प्रसाद चह्राउनु भनी वतलाया । फेरि इ श्वामि वडा हुन् भनी इनकन नित्य स्वकर्म्म गर्नु निमित्त देवपाटनमा भुतल क्रीया स्थिरासन

जयसिद्धि निमित्य घर वनाई मध्ये भागमा उच्चो आसन वनाई दिया । इ स्वामीले तेहि स्थान संधी श्वेतमूल मूर्ति उर्द्धाम्नाय आवाहन गरि अर्को घर वनाई यथाक्रमले वसाई नित्यार्चनले रिझाइ पशुपतिनाथका पुजा गर्दथ्या ।

इ श्वामिसित राजाले सम्मत गरि आफ्ना पुत्रहरूकन राजकुलमा उत्पति हुनाले स्वेच्छा पुरणार्थ वर्ष १ राज्य गरि आफुले गादि छाडि भोग गराया । नृपेन्द्र मल्लले गादिमा वसदा पशुतिनाथका नंदीमूर्तिकन सुनका कवच वनाइ जथाक्रमले नन्दी वसाया । तीन पुत्रले तीन वर्ष भोग गऱ्यापछि चौथा पुत्र कांछा गादिमा वसदा अहोरात्र राजा भै सुन्य पदवीमा गया । इ राजाका नामले छाप मोहोर वनाउंदा स्वामिले त्रीकोण वालास्त्र पास अंकुश सर चाप राषि लेषिदियाका हुनाले राजा मरण भयापछि इ मोहोर प्रसूतकालमा कष्ट हुंदा त्यो छाप प्रक्षालन गरि पिलाइ दिया क्षणमात्रमा प्रसुति हुन्या भै गया । इ राजाले अति सुलक्षणी कांछा पुत्र क्षमाग हुनाले वडो कल्पना गरि इनका नामले धेरै रूपैया वर्ष गरि चारै दिसामा गमन गौरव जाहांसम्मको हो ताहासम्म पठाई धेरै तिर्थका जल ल्याइ मगाइ नागतलाउ नाम राषि मध्य भागमा स्वेष्टदेवता राषी रानीपोषरि वनाया ।

इ पोषरिमा नीलकंठका जल भरि सबै तिर्थका जल राषि तंत्राकारले वनाइ नाग शंख फणि राषि सम्वत् ७९० कार्तिक शुल्क १५ का दिन प्रतिष्ठा गरि पुत्रकन उद्धार गराया । भुवनलक्ष्मी रानिले संस्मरण गरि पछि रानिपोषरि भनी प्रष्यात गऱ्या । फेरि इ राजाले जामन नाम गऱ्याका कांतिपुरवासि गुवाहाल सार्मथि १ कोहि थियो । तनसित भेट गरि वौध मतका क्रिया पर्व निमित्य देशमध्ये गरि जथाक्रमले इंटुँवाल केसोचंन्द महाजनले राजासित मतो गरि वनायाको हो ।

फेरि सिंभुका चैत्याकार यकै प्रासाद सोभा छैन भनी स्वेक्षाले पार्श्वस्थ पुग्म देवालय वनाउंला भंदा स्वयंभुका इक्षा भयन र राजा कोप भै छमाससम्म सुन्यालय गरि राषि स्वयंभुकन वलसंग मनाइ पार्श्व विषये देवालये कविंद्रपुर प्रतापपुर नाम गरि गमन गम वनाइ मध्ये भागमा वडो वज्र कुलिस वनाइ स्थापना गरि वौधहरूकन जगाया । यस्ता विर राजा हुन् । फेरि इ राजाले योवन अवस्था पूरणार्थ स्त्रीभोग लक्षयोनि क्रिया पुऱ्याउने इक्षाले स्त्रीहरूकन बुझाई मनोमानसंग क्रीया गर्दा तिन हजार ३००० सम्म पुग्दा येक वाल स्त्रिसंग भोग गर्दा स्त्रिमरण भै गइ र राजाकन ठुलो पाप भयो भनी पशुपति नाथ जाइ मास तीन ३ वसि कोटिलिंग स्थापना गरि विचमा वाटुला देवालय वनाइ कोटचाहुति यज्ञ गरि अधिका विगऱ्याको गजुर वनाइ पशुपतिनाथकन चह्राया । सव परिवारकन दक्षिण दर्वाजामा सिला षम्व षडा गरि तुलादान सर्व द्रव्यले गरि तुला पांच ४ स्थापना गरि सर्व परिवारका मूर्ति वनाइ सालीक स्थापना गरि चतुर्थि कर्म गर्दा ग्रामका उत्तरपट्टि धेरै गौचर संकल्प गरी भूदानषेल कहाया ।

फेरि इन राजाले पशुपतिनाथ प्रारंभ कांतिपूर पर्यंत लीङ्गाकारले देवालय वनाइ सिव स्थापना गरि देवपाद एकका प्रमाण राषि वनाइ स्थापना गऱ्या । फेरि एकै पताकाले श्रीपशुपतिनाथका गजुरदेषी वांधी लैजाइ मोहन चोकका देवतासम्म ल्याइ वाँधिकन पशुपतिनाथकन ताहां चह्राया । यति धर्म क्रति गरि पाप छुटाया ।

फेरि इ राजाका पालामा चोवाहालका नाग वाग्मति वंधाइ पशुपतिनाथमा जाइ आर्या तिर्थमा जल थुनी पशुपतिनाथका निर्माल्ये जान्या जलद्वार वाटो भीत्र जाइ अनेक द्रव्यहरू सवै त्याग गरि कवचमा जडी राष्याको शुद्ध एकमुषि रूद्राक्ष चोरि लैजान तैयार गर्दा श्री वासुकी नागराजाले चाल पाया र अगाध जलमा फाल हाली नाग समाती मारि रुद्राक्ष ल्याइ जलहरिमा राषी गया । यो रुद्राक्ष कस्तो भन्या परापूर्वकालमा मोहनसिंह माहाजनले नाथका कवच वनाउंदा वेलामा एक संन्यासि रूप जोगि आइ श्री पशुपतिनाथका दक्षिणमुषमा चह्राउ भनी दी गयाको हो । एहि रूद्राक्ष नागले चोरि लैजांदा सवै जना जाइ हेरि रहँदा जल वगी गयापछि राजराज्येश्वरि संधी ठुलो एक नाग मरी रह्याको देष्या र राजाकन षवर पुऱ्याउँदा राजा प्रताप मल्ल गुरु सहीत भै आइ हेऱ्या । यहांपछि लम्वकर्ण भट्टले शास्त्रोक्त प्रमाणसंग नागका गमन वंध सर्वदा गरि वासुकि कन जगाइ अघिका देवालयमा जीर्णोद्दर गरि गजुर वनाइ चह्राइ दिया । फेरि एक वाजा रात्रीका ४ प्रहरमां वजाउनु भनी धंपाटि नाम गुठ राषी नीत्य निरय भजन गराया । यसै दिन देषि नागको भय वासुकिका क्रपाले निवारण भै गयो ।

श्री गुह्यश्वरीका स्थान अघि शंकरदेव राजाका

पर्ज्यायमा नृसिंह थाकुर नाम गर्‍याका महापुरुषकन स्वप्नमा दर्शन दि मलाई प्रकास गर भनि आज्ञा प्रसंन हुंदा कूण्ड वनाई स्थान सुन्दर गरि वनाइ राष्याको स्थान भासि विग्रन जांदा राजा प्रताप मल्ले गुरु लम्वकर्ण भट्टसंग सम्मत गरी सम्वत् ७७४ वैशाष शुक्ल ११ रोज ५ का दिन श्रीगुह्येश्वरी कुण्डमा वडो जत्न गरी फलामका दलिनलाई चारैतिर पर्षाल वनाइ ढुंगाले छोपि इश्वरीका जल ज्वाला ढाकी अष्टदल पत्र यंत्राकार भैरव सहित गरि कुण्ड सुन्दर गरि वनाइ फटिकका कलसाकार वनाइ नित्य नैमित्य पूजा गराया। आवर्ण देवता सव यथाक्रमले स्थापना गरी षम्वमा सिंह सालिक राषी दिया ।

सम्वत् ७७५ श्री तुलजा भवानिका देवालय तल्लातलाको छाना सुवर्णको वनाया । चारै ढोकापीछे सुवर्णको सिंह बनाइ चारैतिर आफ्ना मूर्ति र परिवारका मूर्ति वनाइ षम्व षडा गरि स्रालीक राष्या । येक षम्वमा सुवर्णाकार सिंह वनाइ राष्या । फेरि सव देवताकन आवाहन गरि कोटचाहुति तिन फेरासम्म गर्‍या ।

यहांपछि इन राजाले जामन नाम गर्‍याका गुभाहाल साथ गरि जापा इनार नाम कुप बौधमार्गका शास्त्र प्रमाण यथाविधिले बनाया । यो इनार वर्षा सुन्य हुंदा मात्र चलाउनु अघिपछि कैले पनि नहेर्नु भनि सिद्ध कुप वनायाको हो ।

फेरि श्री गुह्येश्वरीका स्थानमा तेली षड्गी द्योला गरी राषि दिया । फेरि लम्वकर्ण भट्ट, प्रताप मल्ल, जामन नाम गुवाहाल, यति तीन जना सहित भै अनेक पिठमा जाइ नानातरहको तमासा गरि सुष विहार गरि रह्याका थिया ।

यक दिन फिर्नु जांदा रातका समय अवेर भयो र डांकिनीहरू धेरै पिठहरू विषे सेवा गर्न गयाका रह्याछन् र लम्वकर्ण भट्टले आज घंटाकर्ण चतुर्दशि हो भन्या र राजाले सवै डाकिनीहरूकन फजीहत गरूंला भनी पंचसुत्रले सहर घुमाइ वांधि दिग्वन्धन देश अगम डांकिनि मंत्र नास कर्म गरि राषि तिनै जना फर्कि दर्वारमा आया। भोलिपल्ट ब्याहान हेर्न जांछन् त डांकिनीहरू सवै देश भित्र आउनु नसकी चारै दिसामा वसि मुष मात्र ढाकि रह्याका थिया । राजाले मुष उघारि हेर्दा आफ्ना सुहित काजीका स्त्री अनेक जात छोटा वडाका स्त्रीहरू धेरै डांकिनि मंत्र सेवन गर्न्याहरू देष्दा असंष्य कर्म भनि पंचसूत्र झिकि दिया र डांकिनीहरू सवै उठी सहरभित्र पसि आफ्ना आफ्ना घर गया ।

फेरि यक दिन फिर्न जांदा ललितपट्टनमा एक घरभित्र धेरै वौद्ध मार्गिहरू जम्मा भै ध्वजा गाइ रहंदा राजाले यहां तमासा गरूँ है भनी घरमा मंत्र गर्दा घरभित्रका वांडाहरू सवै रोया । फेरि क्षण मात्रमा अति घोर शब्द गरि हाँस्या । फेरि कराल शब्द गरि रोया । यस्ता तरहसंग दुइ घरिसंम तमासा गरि कांतिपुर फर्कि आया। फेरि ललिटपट्टनमा कोटचाहुति जज्ञ गर्दा इ राजाले सर्पको स्वरूप धारी हेर्न जांदा सिद्धिनृसिंह मल्ल राजाका प्रोहित विश्वनाथ उपाध्या यज्ञमा होता भयाकाले यो सर्प विघ्न गर्न आउन्या हो भनी मंत्रका वलले आसन गरि पुर्णाहुति गर्न तयार गरि रहंदा जामन नाम गुभालले थाहा पाइ गरुड भै जाइ सर्प भै रह्याका राजाकन ल्याइ वचाया ।

फेरि नेपालमा गणेशहरू तीन वडा प्रतक्षका हुन् भनि जगाया । कांतिपुरमाका लगाभर्का सिद्धिदाता चयहिलका श्वेतहिनायक १ ललिटपट्टनका लगाभर्को चोवाहाल चन्द्रविनायक १ भक्तपुरका लगाभरको सूर्यविनायक १ यति तिन सहरका मूल पणेश हुन् जगाया । फेरि इन राजाले भीमसेनका दुइ मूर्तिकन वुझाइ यथाक्रमले वाटामा पादुकापिछे हंसवलि टोलपिछे छागवलि दोवाटापिछे महिषवलि दिकन दर्वार मोहन चोकसंम ल्याइ द्रौपदिका मूर्ति वनाइ जिवन्यास गरि कलसमा व्यास मुनि आवाहन गरि ठुलो जज्ञ गरी भीमसेनकन द्रौपदि व्यास मुनिले कंन्यादान दिलायाको भाव गरि अघिका दुइ भिमसेनका मध्य भागमा मथाक्रमले राषि अघि गमन गरि लैजांदा झै वलिपूजा गरि स्वस्थानमा लैजाइ विराजमान गराया। इन दीनदेषी द्रौपदिका मध्य भागमा यथाक्रमले विराजमान गराउंदा युग्म भीमसेनका उपद्रव सांति भै गयो । अघि ठकुरि राजाका पालामा दोलषाका भीमेश्वर मनुष्य रूप भै आइ उन्का घरमा रहंदा भिमसेन भनि ठहराइ वहुतै प्रार्थना गरि वुझाइ मूर्तिमान वनाइ भीममेनकन प्रवेस गराइ स्थापना गर्‍याको हो । एक तामस मूर्ति एक सांत मूर्ति गरि विराजमान गरायाको हो ।

अघि गंगा रानीका पालादेषि सति जान्या स्त्रिहरूकन सिंदुर सुपारि दिन्या रित चलायाको यियो । इन राजाले

अतलस्थान्‌ह रूपैयां एक १ भै दिन्या मर्ज्यादा कांतिपूरका लगाभरमा चलाइदिया । फेरि इन राजाले श्री पशुपतिनाथका देवालयभित्र अघिका तावाको वसाहा पुरानु भयो भनी चांदिका ढलवत् गरि वसाहा वनाइ जिवंन्यास गरि स्थापना गरि दिया । केहि दीनपछि वसाहाले देवपट्टनका लगामा रात्रिविषे पर्जाहरूका वाली षाइ नास गऱ्या र यो वसाहाका उपद्रव हो भनी ठहाराइ भंडारमाथि राषि दिया । फेरि तावाको वसाह ल्याइ राषि दिया ।

अघि परापूर्व कालमा विर विक्रमाजित राजाका पर्ज्यायमा श्री उग्रतारा निलसरस्वती प्रसन्न भै राजालाई आज्ञा गरि मेरा एक नाटक प्रख्यात गर भनि आज्ञा हुंदा मैले कस्ता तर्हसंग गर्न्या हो भनी विंति गर्दा यस नाटकको पद्धति हरिसिद्धि पुराण भनि प्रष्यात भयाको ऐश्वर्य आयुर्दाकारी यहि विधान मैले भन्याका पुराण प्रमाण मेरा गुरु महेश्वर थाकुर वुद्धिसेन मंत्री वसि सम्मत गरि लंकाविधान यस प्रवंध वानेश्वरका पूर्व स्थापित गरिकन यो नाटक वनाउनुपर्दछ भनि इश्वरिबाट आज्ञा प्रसन्न हुंदा विर विक्रमाजित राजाले हरिसिद्धि पुराण प्रमाण त्रिसक्ति देवि मुष्य गरि सुत्र विरले नागेन्द्रलाई वंध गराइ पुराण प्रमाण आफनु ज्यस प्रष्यात निमित्त तिन तल्या छत्र शिरमा राषि आपना नामले मंकुडा वनाइ चौदिग्‌का राजाकन जित्याको भाव गरि चार राजा र सिद्ध मंत्रीका मुष वनाइ आदि नृत्य विधान वनाया ।

विक्रम सम्वत् फिराई सक्यापछि ३ वर्ष उप्रांत मानेश्वरका स्थान छोडि ठेवदेस विसालनगरका अंतमा इनै इश्वरीको प्रवास भयो । फुलचोक ग्रामसंधि विक्रम सम्वत् ७४५ साल पर्यंत वास भै नृत्यलीला चलि रह्याको थियो । यो नाटकका प्रभाव सुष ऐश्वर्य पृथ्विवृद्धि राजाधिमान राज्य लक्ष्मी वास हुन्या यस्तो थाहा पाइ पछि विश्वरूप पशुपतेश्वर ज्ञानेश्वर इ तिन महादेववाट हरिसिद्धि नाटक दृष्टीकर्ण इक्षा गऱ्याका भाव गरि भेटि चह्लाइ नाटक पर्ज्या चलाया । विक्रम सम्वत् १००३ बर्षसम्म यो पर्ज्या चलिरह्याको थियो । यहां उप्रांत यो पर्ज्या लोप भै रहंदा शेषांतरमा ललितपट्टनका ज्यापूहरू फुलचोक वनमा काठ लिन जांदा काठ लि फर्कि आउंदाका स्थान एक चौर थियो सोहि चौरमा दाउराको भारि विसाइ च्युरा षाइ वसिरहंदा इश्वर प्रसन्न भै उनीहरूका सरिरमा प्राप्त भया र ज्यापूहरू आफु आफै दाउराका कच्यांत हातले ली युद्धभाव गरि नाचिरह्या । यस्ता तरहको आश्चर्य अद्‌भुत समाचार सुनी तीन सहरका राजाहरू मिलि ज्ञानि पंडित तांत्रिक जंमा गरि विचार गराउंदा ललितपट्टनका गर्भदत्त ब्राह्मण तांत्रिककन वोलाइ यो त अद्‌भुत प्रेत पिसाच प्राप्त भयाको होइन साक्षात् हरिसिद्धि भवानी प्रख्यात ठहराइ इश्वरी ठहराइ मानिता गर्दा इश्वरीवाट आज्ञा गऱ्या–मलाई गुप्त गरि नराष मलाई भिमेश्वरका स्थान जानको इक्षा भयो भनि आज्ञा हुंदा यस कुरामा माफ गराइ इश्वरिकन प्रार्थना गरि थाम्या ।

यहांपछि इश्वरिवाट मेरा नृत्यलीला विधानको पुस्तक नानिह्म आगममा होला त्याहां पुस्तक ली मलाइ विधि पुऱ्याइ प्रख्यात गर्नु भनी आज्ञा हुंदा सोहि पुस्तक पाइ हरिसिद्धि नाम गरि अधिका चलन प्रमाण बाह्रवर्षमा उत्पन्न पूजा गरि मूल श्रीकलस विराजमान गराइ २९ गणदेव देवीका मुकुट वनाइ प्रगट गरि जज्ञ पूजा विधि पूर्वक पुऱ्याइ नृत्य लीला गराया । यति सक्या उप्रांत भिमेश्वरका स्थानमा जानु पर्न्या प्रवंध चौवन्न षट्‌ नृत्य लीला गराउनु पर्न्या पर्ज्या वनाइ राष्याको थियो । यहि नाचकन कांतिपूरका सूर्यवंसि अमल्ल राजाले जगायाथ्या । यहि नाचकन राजा प्रताप मल्लले ललीतपट्टनका राजासंग सम्मत गरि हरिसिद्धि देविका नृत्य विधान ललीतपट्टन गावह्वालमा ब्राह्मणलाई भारा दि नाचमा चाहिंदो कर्म गर्न अधिकारि गरि यथास्थित गरि देविका नाचकन जगाया ।

इन राजाले वहुतै धर्मकिर्ति ज्यस वढाइ अनेक तरहका सुषभोग गरि रह्याका थिया । पछि वाह्र वर्षका हरिसिद्धि नाचका मेला इ दर्वारमा नृत्य लिला भै रह्याका वेलामा रात्रिविषे पोसाक बदली तमासा हेर्नको इक्षा गरि एकलै जांदा हीटिचोकका डवलिमा श्री हरिसिद्धि त्रिशक्ति मूर्ति अतिसुंदरि मनुप्य रूपधारि विराजमान गरि रह्याका देविकन राजाले देष्या र सुन्दरि स्त्रि हुन् भनी था जाइ हस्त क्रीया गर्न गया र त्यस वेला देवि कोप भै राजाकन आज्ञा गऱ्या–हे राजन् तिमि अति छिनारि कर्म गर्दा रह्याछौ बिवेक विचार केहि रहेनछ अव तम्रा राज्य भोग यतिकै मात्र हो भनी देवि कोप भै अंतरध्यान भै गया । येस वेला इ राजाकन अचेष्टा भै पृथ्विमा लोटद्या । कोहि बाटोमा जान्याहरूले देषि उठाइ राजा ठहराइ दर्वारभित्र लैगयापछि घरि १ सम्म वांची

सं ७९४ चैत्र शुक्ल ११ पर द्वादसि सोमवारका दिन २४ घरि रात जांदा वडा प्रतापि सास्त्रमा प्रविण कवि भयाका धेरै धर्म कृति ज्यस प्रख्यात भयाका यस्ता राजा प्रताप मल्ल पर्लोक भया । इनका संसर्ग गरि रानि प्रभृति स्त्री ९ जना सति गर्या ।

अस्य पुत्र नृपेन्द्र मल्ल वर्ष १३। सम्वत् ७९४ आषाढ सुदि षष्ठी सोमवारका दिन ललीतपट्टनका श्री निवास मल्ल भक्तपुरका जितामित्र मल्ल कांतिपुर आइ प्रताप मल्लका ज्येष्ठ पुत्र नृपेन्द्र मल्लकन राज्याभिषेक दिया । इन राजाले मेरा पिताकन विसर्जन गर्‍या भनी हरिसिद्धिका नाचकन मेरा संतान भर कांतिपुर नल्या उनु भनी मनाही गरी कांतिपुरको साटो देवपट्टनमा नचाउंन्या रित चलाया । फेरि इ राजाका पालामा सिष्याल प्रधान भन्याका काजि थिया । तनले राजा वक्साइ पशुपतिनाथका चारै दर्वारमा सुनका षंम्व तोरण चह्राया । फेरि महास्नान पंचविसति प्रस्थले गुठि राषि कार्तिक शुक्ल पुर्णिमाका दिन प्रतिवर्ष चलाया । फेरि इ राजाका पालामा अघि पशुपतिनाथका यक स्वामि आफ्ना स्वइक्षाले नेपाल छाडी विदा भै गया ।

फेरि इनपछि कोहि एक विमलानन्द नाम षोढान्यासि स्वामि आइ टंकेश्वरमा आसन गरि वस्याका छन् भंन्या षवर राजाले सुनि भेटन गया । सास्त्रार्थ गरी पशुपतिनाथका पूजक हराई पशुपतिनाथकन अर्पणकारि गरिदिया । देवपट्टनका लगामा सालिंदा असिनाको भय हुन्थ्यो इ स्वामिसित सम्मत गरि असिना निवारण निमित्त ज्यथाक्रमले पशुपतिनाथका पश्चिम दिसामा श्री दक्षिणामूर्ति ऋषि आवाहन गरि स्थापना गर्‍या । अगम मूर्ति भनि चलाइ गुठि राषि असिना निवारण गराया । फेरि इ राजाले देवपट्टनमा तिनाषाल भन्या थानमा इंट झीगटी धेरै पारि पोलि यथाक्रमले त्रोकि लैजांदा वेलामा राजाले आफै वोकि लैजांदा आफै वोकि लैगयाका देष्या र सवै जात प्रजाहरू आइ धर्म निमित्त अहोरात्रमा वसारिदिया । पशुपतिनाथका देवालय गंगा रानिका पालादेषि वनाइ राष्याका विगन्यामा भुवनेश्वरि रानि सहित मै देवालय ज्यथाक्रमले वनाइ वसाया ।

फेरि इ राजाका पालाका तिह्लौतिया ब्राह्मण धर्म इझातनले चांगुनारायणमा भोज षुवाउन जांदा गोत्रहत्या गर्‍या र तनका सर्वस्व सर्कार दाखिल भयो र राजाले ब्रह्मस्व षानु छैन भनी धन जम्मा गर्दा तिन लाष ३०००๐० भयो । इन राजाले यो धन षर्च गरि ठुलासिका भैरवका अग्रभागमा ठुलो लिंगाकार ढुंगाका देवालय वनाई अष्टधातु भाग गरि संजुक्त गरि भुवनलक्ष्मी रानिका नामले भुवनेश्वरि नाम सिलामूर्ति स्थापना गरि धेरै षेत गुठि राषि नित्यार्चन गराया । फेरि यहि धनले सिभुका सिंग जिर्न भयो भनी नयां साल वृक्ष ल्याइ लिंग षडा गरि भगवान्का मूर्ति पांचै सिलाका देवालय देषि पछिम दिसामा सारी सुनका पांचै मूर्ति वनाइ स्थापना गरिदिया । फेरि इनै धनले पशुपतिनाथका प्रजा हरि स्वामीसित मतो गरि सिर्वाचन चण्डिका प्रमाण सास्त्रमा प्रमाण गरि पशुपतिनाथ वर्षवंधन अस्यार्थ अगम्यागमन वस्तु अथित पाप क्षय हेतु निमित्त कैलासकुसुमारोहण नाम गरि प्रतिवर्ष चलाया । धेरै गुठि राषि दिया । यति गर्दा पनि धन धेरै वांकि रहंदा वज्रजोगिनी चांगुनारायणका देवालय अधिका पुरानु भनि जिर्णोद्धार गरिदिया । फेरि जयवागेश्वरिका देवालय २ पत्र यंकार गरि वनाया । यती गरि वांकी सबै भुषा प्यासा अभ्यागतहरूकन भोज गराइ धन समाप्त गर्‍या ।

इ राजाका पालामा अकस्मात् एक दिनका रात्रीमा जयवागेश्वरीमा चोर पसि सवै गहना चोरि धोकामा राषी वाहिर आइ पाटिमा वस्न आयो त्यतावाट चोर उठ्न नसकि रह्यो र सवै चिताइदारहरूले हाहाकार गरि षोज गरिरहंदा वेलामा इ राजा जाइ हेर्नु जांदा चोर धोका मि उठनु वोलनु नसकी रह्याको राजाले देष्या र देविका गहना यथास्थितै थियो । चोर मारि गहनाकन लगाइदिया । इ राजाका भाइ पार्थिवेन्द्र मल्ल पितृपक्षका आमावस्याका दिनमा मरण भया र ब्राह्मणद्वारा गरि कांतिपुरमा आफ्ना लगापात स्मेत दसवि कर्म चलाया । फेरि ई राजाका पालामा सवा जयसिंह रायले कासिमा अश्वमेघ यज्ञ गर्दा सपै मुलुक भरी कर लीकन रहंदा वेलामा इ राजाले सुन्या र हामीले पनि त्यो अश्वमेघ जज्ञको पुन्यमा भाग लिन्या हो भनी सुस्ती नगरि जग्यमा चाहिन्या वस्तु नेपालका चिज विज सौगात दी पठाइ सवा जयसिंह राय राजाकन षुसि गराया ।

फेरि इ राजाका पालामा श्रीगुह्येश्वरीका भक्त कांतिपूर नखेवहालका सुमंतभद्र नाम गर्‍याका कोहि येक

गुभाल थियो । नेपालमा आफ्नु गुण सिद्धि केहि प्रष्यांत नगरि आई लाग्दा गुभाल परेवा भै भाग्दा चील भै दुप्याले लमार्दा गुभाल सिषापाकुभित्र लुक्यो । आहां-पछि दुप्या लामाले ठुलो स्वरूप धारि तेस पाकुमाथि वसि उफ्री २ मिचन लाग्यो । उस्तै वषतमा सुमंतभद्रले श्रीगुह्येश्वरिकन आराधना गरि मलाई रक्षा गर भनि पुकार्दा श्रीगुह्येश्वरी प्रसन्न भै प्रगट भै दर्शन दिदा भया ।

यहां उप्रांत सुमंतभद्रले सहायता पाई मंत्र प्रयोग गरि दुप्या लामालाई मान्या । अद्यापि गुह्येश्वरी प्रगट भयाको ठाउँ केहि आकार वनाइ स्थापना गन्याको छ मानिस-हरू जाइ दर्शन गरि आउंछन् । यस कुरो गुप्तै थियो । यहाँपछि गरिव भै लासा गयाको थियो वाहा रहंदा वस्दा यक दिन कोठिवाल माहाजनहरूले यस गुभालकन रुपैया दि सुलिनका घर पठाया । उस भोटचानिले चांडै नदी विलम्व गर्दा झगरा भयो । वाडा रिसाइ फर्क्यो । पछि-वाट त्यो भोट्यानिले आफ्ना घ्यांपामा जाइ हेर्दा सव रक्त भै रह्याको देषि वहुतै मनमा फीक्का गरि तेस गुभालकन खोजन आयी । तेस गुवाहाललाइ पाइ घर लगि वहुतै प्रार्थना गरि रक्त भयाको जांड सवै जस्ताको तस्तो गराइ यक घ्यांपा भरि जांड वोकि घरसम्म पुन्याउन आयी । उस्तो करामंत यस गुभालको देषि मानिसहरूले मानीतां गरी पोसाक वदली दिया । यस्तै समये लासामा यस गुवा-हालको घर पट्टिको छोरा लक्षनि थियो र उस्को षवर लिन दुप्पा भन्याको लामाले मन्सुवा गरि मंत्र प्रयोग गरि वेरामि गर्दा यस गुभालले थाहा पाइ आराम गरि दिंदा यसै कुरामा मार्न षोजन्या दुइ जनाको तक्रार भै गुभालमाथि रिसाइ आइ लासाका मुष्य लामाले यस समय ठुलो तुषारा वृष्टि हुन्या योग छ येस्ता येस्ता तरहको धर्म गन्या मात्र पर्जाको रक्षा होला भनि सहरमा चुड्कि फिराया । यही कुरो वत्तीसकोठि महाजनहरूले सुनी तेस गुवाहालसंग सोध्या । यसमा केहि युक्ति उपकार गर्नको तिम्रो सामर्थ छ कि भनि सोधदा यस कुराको भय निवारण हुन्या जुक्ति म गरौंला भंदा यस कुरो सहरमा फैलिन जांदा लामासंग षवर पुग्यो र लामाले वोलाइ वातचित गर्दा म गरौंला भनि प्रतिज्ञा गन्यो । जुन तुषारो वृष्टि होला भन्याको थियो उस दीन तेस गुवा-हाल एक पहाडमाथी जाइ मंत्र प्रयोग गर्दा सव तुषारो वृष्टि सोहि पहाडमाथि मात्र भयो । यक दुइ दिनसम्म तुषारो वृष्टि भया उप्रांत तेस पाहाडवाट लासामा आयो । सवै दुनियाले तमासा हेर्नु गयाका थिया । ताहांपछि यस गुभाललाई वहुतै मानिता गरि लामाले प्रीति गरि आफ्ना साथमा राष्या ।

यस्तै समये यक दिन चिया षांदा यस गुवाहालले चिया नषाइ कचौराली चिया सवै छरिदियो र लामाले मैले दियाको चिया क्यान नषाई छन्यौ भन्दा तेस गुवा-लले भन्यो–अरू थोक केहि कारण होइन कांतिपूरका मेरा घरमा अग्निप्रवेस भयो र आगो निभायाको हो भंन्दा लामाले उस घरि चिठि लेषि फलाना दिन यस वषतमा यस गुवाहालको घरमा अग्नीप्रवेस भयाको हो की भनी बुझन मानिस पठाया । पछि यस लामाले तेस गुभाल-संग तिम्रो सामर्थ ठुलो छ कि मेरो सामर्थ ठुलो छ येस्मा परिक्षा गरौं भनी दुबैले पंछिका स्वरूप धारि उडचा । गुवाहालका वरावर लामा अकासीन सकेन । फेरि फटिंग्राका स्वरूप धारि षेतमा जाइ गहुंका वालाको टुप्पामा अडीदा गुवाहाल वस्याको गहुंका वोट ठाडै रह्या । लामा वस्याको गहुंको वाला निउरियो । फेरि पछि हामी दोवै जना अदृष्ट भै गहुंका वोटमा प्रवेस गरौं फलाना वोटमा छ भनी ठहराउनु भनी लामा अदृप्ट भयो गुभा-लले गहुंका वाला ठहराई यसै ठाउंमा तिम्रा जिउ रह्याको छ भनी ठहरायापछि गुवाहाल लुकदा लामाले वल्ल वल्ल गहुंका वोटमात्र ठहराउन सक्यो । यसै ठाउं छौ भनि ठहराउन सकेन । ताहांपछि दुवैले आफ्नु स्वरूप धारि तिमि धन्य मभंदा पनि वडो पुरूषार्थि रह्या छौ भनी आफ्ना घरमा संग ल्याइ राष्या । थोरै दिन रह्या उप्रांत गुभाल नेपाल आउनु निमित्त विदा माग्दा लामाले विदा दियन । यस गुवाहाललाई नेपाल जान दिने छैन भनी पह्रा चौकिराषी छोडचा यस गुवाहाल र येक मूर्ति लामाले वसाया । यस ठाउं वसि दोश्रा मूर्ति सहरमा फिर्दै थियो । लामाले भन्या घाटमा यस लामालाई उतारि नदिनु भनी राष्याको थियो । आफ्ना सामर्थ उच्छीनी नजानु भनी वाचा गराइ राष्याका थियो । केहि दिनपछि यस गुवाहालले नेपाल आउनुको मनसुवा गरी अनेक तरहसंग विदा माग्दा पनि बिदा नदिंदा यक दिन नेपाल आउनको इक्षा गरि घाटमा आउंदा घटवान्याले लामाको चिन्ह नभै तारि दिन्या छैन भन्या पछिवाट वहुतै गरिवि सोभाव गरि तारि देउ भनी अनेक तरहसंग भन्दा तारि दिन्या छैन तिमि आफै जान्या भया जाउ भन्दा तेस वांडाले वचन पाइ यक रूमाल नदि-माथि विछ्याइ उसमाथि वसि नदिमा हेलि आयो । लामाले भन्याको इनै मानिस रह्याछ भनि घटवान्या-

हरूले पछि लागि आउंदा भेटाउन सकेनन् । यस कुरो लामाले थाहा पायि नेपालमा चाँडो आइ सुमंत-भद्र गुबाहाल घर नपुग्दै घर पुगी २१४ भारी आलमाल बोकाइ जपमाला पुस्तकहरू चन्हि देषाइ तम्रा वावा मऱ्या भनी चिता संस्कार गराया । यसपछि गुवाहाल आइ चिता संस्कार गऱ्याको समाचार सुंदा लामाले छलि मलाइ अनर्थ गऱ्यो घर पस्न भयन भनी भोट फर्कि वाहाल वनाइ वाहालैमा सरिर त्याग गरि गुप्त गरि रह्या ।

फेरि इन राजाका पालामा लल्ला झा भन्याका ब्राह्मणले गुह्येश्वरिका कवच मंत्राकार वनाउँदा राजा वक्साई राजासहित भै इश्वरिकन चह्राया । वर्ष प्रति वालाचतुर्दसिका दिन अद्यापि सो कवच देविकन पहिरा-उंदछन् । इ राजा वहुतै ज्ञानि देविमाथि अति भक्ति मान् थिया । यस्ता राजा नेपालि सम्वत् ८०७ आषाढ शुक्ल त्रितिया सनिश्चरवारका दिन कांतिपुरका राजा नृपेन्द्रमल्ल पर्लोक भया । रानि आदि २४ स्त्री सति गया ।

अस्य पुत्र भुपालेन्द्रमल्ल भोग वर्ष १४ । इन राजाका पालामा विमलानन्द नाम षोढान्यास स्वामि श्री पशुपति नाथका पुजाहारि थिया । यहि समये दक्षिणबाट राघ-वानन्द नाम षोढान्यासि स्वामि दक्षिण देसबाट आइ श्री पशुपतिनाथको दर्शन आउंदा अघिका स्वामी विमला-नंदले राजा वक्साई राघवानन्दकन पूजाहारि गरि आफु विदा भै काशि जाइ उद्धार भै गया । राघवानन्द स्वामिले राजा बक्साइ अघि भयाको दमनारोहन भनि नेपाल रक्षा निर्मित्त पशुपतिनाथमा कर्म चलाया । फेरि स्वामीले यंत्रक्रमले मठ बनाइ पातालगंगा साधना गरि आफुले नित्य स्नान गरि लोकजन सबैल धन्य कहाइ पशुपति-नाथका नित्य सेवा गर्दै थिया । फेरि इ स्वामीले अघिका पवित्रारोहन जगाइ दिया । स्वामि बस्याका घर्मा वनाइ वर्ष प्रति चढाउदै थिया । इ स्वामिले पछि पनि आफुले वनायाको मठ भित्र वनाउने रित गरि चलाया । पवित्रारोहन दमनारोहनको षर्च स्वामि पायलको द्रव्य चलाउन भनि चलाया । फेरि इ स्वामिले श्री षण्ड चंदनमा यंत्र लेषि वडो गुप्त गरि नित्य जाइ पशुपति नाथका इसानमा राषि नित्य पूजा आवर्ण विधि गरि राजा प्रजा सबैले धन्यै कहाइ कर्म चलाइ रह्याका थिया ।

फेरि यस्तै समय कोही एक कांतिपुरको नेवारको विन्नि नाम तनले नित्य देस उत्तर भागमा लूटि इन्द्रा-यणि पिठमा रात्रि सेवा गर्नु जांदा येक दिनमा पिठविषे नेपालेश्वरि वछलादेवि आइ बस्दा वछलादेविका देवि-गणले सन्मान गऱ्याको देख्या र इ नेवार आइ स्वामि-कन भेटि इ कथा कहंदा स्वामिले नेवारको मनसुवा जानि राजा वक्साइ प्रेत चतुर्दसिका दिन युगादिदेषि नाना विधान पूजा गरि राष्याका नेपालपालेस्वरि वछलापिठकन पुसि गराइ अमावास्याका दिन प्रधानहरूका यावा प्रतिप्रदाका दिन स्वामि आफै आइ पशुपतिनाथ-कन रात्रि भर जगाइ इश्वर ईश्वरी कुतुहल लिला गराइ धार्नि ७ सेर १ सिंदुर छरि प्रतिवर्ष रथजात्रा गराया । फेरि इ स्वामिले राजा बुझाइ इ नेवार ववचिली नाम प्रधानले धेरै द्रव्य षर्च गऱ्यो भनी देवपट्टनका प्रधान गराइ दिया ।

अघि वावा नृपेन्द्रमल्लका पालामा भाइ महिपतेन्द्र मल्ललाई मंत्रिका षेलले बन्द गरि राष्या । सम्बत् ८०६ सालमा महिपतेन्द्र मल्ल भागि ललितपट्टनमा गया । नृपेन्द्र मल्ल राजाले तिमि संग सलुक गरि मिल्दछु मेरा भाइकन सौंपि पठाउ भना पठाउदा लौ भनी ललित-पट्टनका राजाले उत्तर दि सरन आउन्या कन मरण गर्नु छैन भनि महिपतेन्द्र मल्लकन आफ्ना राजकुलका चिस्वांचोकमा राषि भोलिपल्ट सवेरै कांतिपुर आया । श्री निवास मल्लले आफ्ना छोरा जोगनरेन्द्र मल्ललाइ महिपतेन्द्र मल्ल साथ ली आउनु भनी पठाया र जोग-नरेन्द्र मल्लले इश्वर दास प्रभृति परमानहरूलाई चौकि राषि मेरा चिह्न नपठाउंज्याल महिपतेन्द्र मल्लकन नल्याउनु भनि राषि आफु तषु दोभानमा आया । भक्त-पुर कांतिपुर ललितपट्टनका राजा तेषुदोभानमा आइ सत्य वाचा गऱ्या । ललितपट्टनका राजालाई कांतिपूर लग्या । यस दिनका रात्रीमा पोष्टिक किसि भन्याका प्रधान प्रभृति मानिस पठाइ भाइकन पठाउंदा पोष्टिक किसि नाम पर्मानले इश्वरदास काजिलाई भन्या राजा नृपेन्द्र मल्लका आज्ञा महिपतेन्द्र मल्लकन लिन आया भंदा इश्वरदास काजिले जोगनरेन्द्र मल्लका चीन्ह नआउंज्याल सोपिदिन्याछैन सेवा भंछु आसिर्वाद दिछु भंछौ भन्या आउ भंदा पोष्टिक किसि वहुतै रिसाइ कांतिपूर फर्क्या । जोगनरेन्द्र मल्ल कांतिपुरबाट फर्कंदा भेट भयो र पोष्टिक किसि आदि परमानहरूले घोडाको वाग समाइ कांतिपुर फिर्नुहोस् भनी जिद्दि गरि भन्या

तैंपनि जोग नरेन्द्र मल्लले वचन नसुनी ललितपट्टन फर्क्या ।

भोलि पल्ट चौकि रह्याका पर्मानहरू आफना आफना घर गया । यस्तै वेलामा कांतिपूरका राजाका मानिस षस मगरहरू आइ महिपतेन्द्र मल्ल वस्याको घरलाई घेऱ्या । जवर्जस्ति गरि घरभित्र पसि समात्न जांदा महिपतेन्द्र मल्लले झ्यालवाट अंगुलि वाहिर निकाली सारै रोइ हे पर्जा मलाई मार्न ला।ग्या ढोका षोलि कोठा-भित्र आउनु लाग्या मेरा जिव रक्षा गर भनि विंति गर्दा पर्जाहरूले सरन आयाकालाई यहांसम्म भयापछि अव क्या हेरि रहंछौ लौ समात लौ मार भनी जम्मा भै राजाकन घेर्न्याहिरूकन समाइ कुटि माऱ्या । कतिका हात भांच्या कतिका गोरा भांच्या सरिरवाट रगतका धारा वह्या कतिलाई लातले हान्या कतिलाई कुल्लोमा षांद्या कतिलाई कपाल फोऱ्या कति भागि गया तिनीहरू सबका हतियार लुटि लिया लवेदा पटुका पगरि समेत उतारि लिया कासीराम थाले कालु कठैया मुषियाहरूकन कुटि सक्यापछि राजकुलमा थुनि राष्या । कांतिपूरका मानिस-हरू अव त राजाहरू तेषु दोभानमा वसि सलुग गऱ्या । अव त पाटन जानु षुला भनि अह्राउंदा कांतिपूरवाट भागि गयाका मदन नाम ब्राह्मणकन समाइ जुंघा दाह्रि लुछी ल्याया । यस्ता तरहको कलह विचैबाट उठि सलुक नभै रहंदा यस्तैमा श्रीनिवास मल्ल पर्लोक भया ।

यहांपछि पाटनका परमानहरू चार जना सम्वत् ८०७ नष्ट आषाढ शुक्ल पूर्णिमाका दिन भुपतेन्द्र मल्ललाई कांतिपूरका राजालाई सोंपि सलुक गरि रस्ता षुलासा गरूं भनि जांदा यहि षवर थाहा पाइ महिपतेन्द्र मल्ल भाग्या । यहि षवर कांतिपूरका प्रधानहरूले थाहा पाइ ललितपट्का प्रधानहरूकन कांतिपूरमा थुनिराष्या ।

यहांपछि सम्बत् ८०७ आषाढ शुक्ल त्रितियामा शनिश्चर वारका दिन कांतिपूरका राजा नृपेन्द्र मल्ल पर्लोक भया । राजा भुपालेन्द्र मल्ल (उमेर) कचा उमेर हुनाले मंत्रिहरूले मनुग्य गर्दा यहांपछि चिकुटी नाम परमान् अरू परमानहरूसंग विरोध भै कांतिपूरका देव-पट्टनमा आइ श्रीपशुपतिनाथकन दर्शन गरि पूरान सुनि गोदान अन्न वस्त्रादि दान गरी रहन्या पर्मानकन राजा नृपेन्द्र मल्ल पर्लोक भयाको चार दिनपछि चिकुटीकन देवपट्टनदेषि कुटि टुपी लुछी कांतिपूर ल्याया । घोवि षोला पुग्दा चेष्टा हरायाको थियो । श्रेष्ठ महात षुसल पोड्या सव जातले षांद्या । यस्तै तर्हसंग समाइ ल्याउंदा यक जनाले कपालमा लाठाले वजार्दा रगतका धारा वह्यो । यहांपछि वंसिघर भन्याकाले एस रगत वह्याको थामि देउ सात हजार मोहर लेउ यो रगतको मोल ७ हजार मोहोर हो भंदा झनसारो विष्ठा मुत्र वाटामा रह्याको ली मुषमा जवरदस्ती गरी षांदि राखिदिया । यहाँ पछि चीकुटि वधसियर दुवैलाई गुत क्कटघरमा माऱ्या । चीकुटिको परिवारलाई जहां २ पायो तहां २ समाइ कुटी २ माऱ्या । तत्र त भाला भाताका छोराहरू भागी जान सकन्या मात्र वांच्या । पाटनमा भागी जान्या तौडिक वाहीक परमेक वालकहरू स्त्रिहरू मात्र वांच्या ।

यहा पछि लक्ष्मीनारायण जोसि मुल काजी भया पछि अघि पाटनका थुनी राष्याका काजीहरूकन छाडी पठाया । याहा पछि केही सामर्थ नभयाका महिपतेन्द्र मल्ल डराइ लुकि रह्याका राजपुत्रकन भाद्रपद शुक्ल ११ बुधबारका दिन राघवानंद स्वामीका घरमा लुकिरह्याका महिपतेन्द्र मल्लकन डोरिले वांधी तानातान गर्दा. राघ-वानन्द स्वीमीजे माफ गर २ भनी वुझाइ विंति गर्न आउन्या स्वामीकन भऱ्याङवाट षसालि दिया. महिपतेन्द्र मल्लकन अन्यायसित्र जीवहरण गऱ्या । मऱ्या उप्रांत सिर काटी ल्याई लक्ष्मीनारायण काजीले हेऱ्यो ।

आहापछि राघवानन्द स्वामी यस्ता अंन्याइका राज्यमा वस्नु छैन भनी ललितपट्टनमा आया. । यहांपछि राजपुत्र माऱ्याको प्रायश्चित गर्न निमित्त गरुडनारायण पशुपतिनाथ सिषनारायणमा जाइ पूजामान्य गऱ्या. । सव काजीमाथीको मुष्य काजी भै राजकाज गरी रह्याको थियो । यस्तै समय संवत् ८०८ श्रावण मैंन्हामा राजा जोगनरेन्द्र मल्ल काजी इश्वर दास कांतिपूर जाई भुपालेन्द्र मल्ल राजासंग भेट गऱ्या । यस कुरो भक्तपूरका राजा जितामित्र मल्लले षवर पाई कांतिपूर आया र लक्ष्मी नारायणका काजिले जितामित्र राजालाई भन्या हजुरका काजी भागीरामलाई षोसिदेउ गोर्षामा वस्नु जान्यालाई झीकाइ काजी गर ताहांपछि तिनै सहर मिलि रहुंला भंदा भक्तपुरका राजाले तिमिले भन्या माफिक काजिलाई षोसन्या छैन भनि रिसाइ फर्किगया ।

(क्रमशः)

# ऐतिहासिक पत्रस्तम्भ

**श्री दुर्गासहाय**

१ भागे जिल्लै सल्ल्यानाका अम्वलमध्ये छिल्ली सातसयपट्टिका देवकि
२ नन्द अचार्जका वृर्ता रामपुरगाउं १ चतुर्भुज दाहालको वांधा, सतिम
३ गांउं १ ईनि दुई गाउंका तपसिल वमोजिमका. घरले घोग्याका अड्डा
४ मा वसि, पूर्वबाट गयाका र पश्चिमबाट आयाका, कागत्या हुलाक यक
५ छिनको विलंव नगरि चलाउनु, हाम्रा विर्ता वांधाका कुरियाका ना
६ उमा दरियाको थियो, आफना विर्ता, बांधाका कुरियाले हुलाक वोक
७ नुपऱ्यापछि, हाम्रा षटउनले लाउनु पाउंन्यै हुं भनि, तिमीहरूले कप्ता
८ न विरूदत्त पांडेसित करायाछौ र, हाम्रा हजुरमा विंति गर्दा जाहेर भयो अ
९ वउप्रांत, तिम्रा विर्ता, बांधाका, रामपुर सतिम गाउका घर कुरियालाई
१० घोग्याका, अड्डामा आठौ प्रहर रूजू राषि जाहाबाट गयाका र. पश्चिम
११ वाट आयाका मोहर चिठिपत्रको हुलाक यक छिनको विलंव नगरि
१२ चलाउनु लालमोहर. वमोजिमका, हुलाकिलाई, सेर्मा, साउन्याफा
१३ गु, वेठ वेगार अरू झाराषारा माफ गरिवक्स्यौं, चिठि. पत्रका हुलाकमा ष
१४ टायाका घरले, लालमोहर. चिठपत्र. वाहेक अरू आउन्या. जान्या भा
१५ रिका हुलाक नवोकनु. चिठिपत्रको हुलाक. ल्याउदा. लैजांदा बाटा
१६ मा: रातदिनमा यक छिन् अट्क्यो, केही वितवल पऱ्यो भन्या हुला
१७ कमा. दरिआयाका घरलाई जातभनुसार भारि डंड सासना होला
१८ औ विर्ता बांधाका मालिकलाई अघिदेषि मानि आयाका कुरा. गाउं
१९ कुरियाले मांनु कुरियाको वसि पजंनि नगर्नु—

## तप्सील

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रामपुरगाउँ | — | — | १ | सतिमगाउं | — | — | १ |
| मुषिया दामोदर आचार्य | — | — | — | — | — | — | १ |
| देस्या रोकाया घर | — | — | १ | जेउन्या वस्न्यात घर | — | — | १ |
| तुलस्या रोकाय घर | — | — | १ | षलु पुन घर | — | — | १ |
| कमारा घर्ति घर | — | — | १ | धनराम पुन घर | — | — | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सुरविर बांठो घर | — | — | १ | रिष्या वस्न्यात घर | — | — | १ |
| कटु वांठो घर | — | — | १ | मंजित घर्ति घर | — | — | १ |
| ताज्या वस्न्यात घर | — | — | १ | धुत्या बुढा घर | — | — | १ |
| मनि घर्ति घर | — | — | १ | पठान्या डागी घर | — | — | १ |
| दुर्ग्या बाठो घर | — | — | १ | नँदुम तारो घर | — | — | १ |
| मन घर्ति घर | — | — | १ | कलचु राना घर | — | — | १ |
| अतिबल रोकाया घर | — | — | १ | चाम्या बुढा घर | — | — | १ |
| मन्या रोकाया घर | — | — | १ | सुईत्या षड्का घर | — | — | १ |
| परान्या वस्न्यात | — | — | १ | जसभान रोकाया घर | — | — | १ |

इति सम्वत् १८९८ साल मिति————————————————

१ स्वस्ति श्री गिरिराजेत्यादि श्रीमन्महाराजाधिराज कुमार कुमाराज्मज श्री श्री श्रीमच्चौतरिया फज्यजङ्ग षाह वर्मणेषु इत श्री

२ काजि सिंहवीर पांडेको कोटि कोटि स्यवा सतम् पुर्वक पत्रमिदम् इत नीक ताहां सदा सर्वदा कुशल आरोग्य रहनु भ

३ या सर्व वातमा हाम्रो सँभार होला आगे आहांको समाचार भलो छ भाद्र शुदी ७ रोज २ का मितिमा लेषियाको पत्र

४ ऐ शुदी १३ रोज २ का दिन आइपुग्यो हेरि अर्थ विस्तार बुझ्यां उप्रांत ¯¯१¯¯ का नाउंमा वुटवल जिल्लाभरको चुमा

५ उन तहसील गर्नु भनी सवाल पट्टा भयाका जगाका सिवानाभित्र पाहाड षंडबाट सुवेदार सेवकरामले जहसील् ग

६ रिलिदा दुवै थर तहसील्दारको तक्रार भै ताहां आउँदा पट्टामा नदरियाका जगामा जहसील गरिलिन्या सेवक रामबाट

७ चुमाउँन फिर्ता गराइ दियेनन् भंन्या र नवलपुर मेरा पट्टाका सिवानाभित्रका जगा मध्ये गाउँ १४ चार-पालाभित्रको

८ भनि कजाइ षानगीमा दरिएछ मेरा पट्टाका सिवानाभित्रका जगा कट्टि भयापछि मिन्हा देउ भनी इजरा-दारले ¯१

९ लाई लेष्याको रहेछ र हामिसंग विस्तार गर्नुभयो तसर्थ सवाल पट्टामा नदियाका जगामा सुवेदार सेवक

१० रामले तहसील गरि लियाको रहेछ भन्या ¯¯१¯¯ का कारिन्दाका जिम्मा दामकाम भराइदेउ काजि रणदल

११ पांडेले ९५ सालदेषि षायाका कजाञी षानगीको षुबा उतारि पठायाको छ कजाञी षानगीमा ती १४ गाउँ भर्ना

१२ भयाको छ भन्या लेषि पठाउ र ¯¯१¯¯ मा विंति गरि तेहि जगा थामिया पनी सट्टाभर्ना भया पनी लेषि आउला

१३ पट्टाको नक्कल पनी पठायाको छ हेर्न्या काम गर पट्टावाहेकको जगा हो भन्या क्या सहि सांचले षायाको रहेछ लेषि

१४ पठाउ जहांबाट जवाप आयामाफिक गरौंला भनी लेषि आयाका अर्थ चुमावनका कुरामा पाहाड मध्येसका

१५ दुबै थरलाई जोरि कुराकहांनी हूंदा पाहाडतर्फका ज्मादार नरबीर कार्कि मेजर तेजनारानले हाम्रा सुवेदार नेपा

१६ ल् गयाका छन् सबाल् पट्टा उठाइ आउन्या उनै हुन् रुपैया पैसा वहि पत्र पनी उनैसित गयो हामि त उनले ! ला

१७ या भह्मायाको काज गर्न्या हौं येस कुराको निरोपन गर्न हामि सकदौन भनि अघि पनी यहि कुरा जवाफ दिया अहिले प

१८ नी येहि कुरा गर्दा तेसो भया साधि पठाउँला र प्रत्युत्तर आयापछि जाउला हाल तिमिहरूले जानु हुंदैन भनी सेवकराम

१९ का ज्मादार मेजरहरूलाई जमानी ली र्गहि अट्काइ राषियाको छ सेवकराम र ञाहां छैन यो कुरा ञहीं छिनु भन्या

२० विनासेवकरामले छिनिवैन तसर्थ ताहांवाट सेवकराकलाई ञाहां पठाइवकस्या पनि इनहरूलाई ताहीं पठा दि

२१ नु भन्या र्मजि आया पनि ताहांवाट लेषिआयाबमोजिम गर्न्या गराउंन्या काम गरिन्यैछ यस कुराको प्रत्युत्तर चांडो

२२ लेषि आयाजाला मध्येस पहाड दुवैतर्फका दोभरा झगरा पऱ्याका गाउं तपसीलवमोजीम फर्दवाट जाहेर होला औ

२३ नवलपुरका गाउं १४ कजाञी षानगीमा दरिया नदरियाको तहकीत लेषि पठाउनु भनी लेषि आयाका कुरा कजाञी

२४ षानगीका पट्टामा भेडावारि भन्या जगाको १९१–लेषियाको रहेछ भेडावारि जगा अघि भन्या दस्कतले षायाका र

२५ ह्याछन् जांच भयादेषि कजाञी षानगीमा दरियाको रहेछ तेसैको लिग १४ गाउँ रहेछ यस कुराको फाट कौ

२६ सिवाट पट्टाहरूको नक्कल र जांचका ढडावाट जाहेरै होला कजाइ षानगीमा तेही गाउं थाम्न्या र सट्टा गर्न्या

२७ कुरालाई ८६।८७ सालदेषि भन्या कजाञी षानगीवाट षाइ र्चाच आयाका रह्याछन् अव र ताहांका त

२८ जवीजमा जो ठहर्छ आचकाल ञाहांको षैषवर जथास्थितै छ अवप्रांत पाया सुन्याको षवर पछि विंति गरि पठा

२९ उंला ताहांको छेम कुशल र षैषवरको शिक्षापत्र आउँदै रह्या गयाजाला किमधिकम् विज्ञचरणेषु इति स

३० म्वत् १८९८ साल मिति प्रथम आश्विन वदि ५ रोज २ मुकाम् तान्सेन शुभम्

श्री भाई श्री ५ सर्कार
१ २

१ स्वस्ति श्री मदतिप्रचण्ड भुजदण्डेत्यादि श्री श्री श्री महाराज जङ्गवहादुर रा[illegible]

२ जी. सी. वी. प्राइम्मिनिष्टर याण्ड कम्याण्डर ईन चिफ कस्य रुक्का

३ स्वस्ति श्री सकल मंगलालय कोटि कल्ल्यान चिरन्जिव श्री मद्राजकु

४ मार कुमारात्मज श्री भाइ कम्याण्डर ईन चिफ जनरल रणाउद्दीप सिंह कु

५ वर राणा पूर्वतर्फका कम्याण्डिङ जनरल भाई श्री धीरसम्मेर जङ्ग कुवर

६ राणाके शुभ आसिष ञाहां कुशल छ ताहां कुशल मंगल ह्वस् आगे ञा

७ हाको समाचार भलो छ माघ वदि ११ रोज २ का दिन लेष्याको पत्र ऐ सुदि

८ ४ रोज २ का दिन आइपुग्यो पत्रले सबै विस्तार जाहेर भयो उप्रांत भन्सारमा

९ माहाजन राकिहरूले ल्यायाको मालको महसुल लिन्या कुरामा नेपाल्या

१० माहाजनहरूले सहि हाल्याको र राकिहरूले उजुर गऱ्या भंन्या न

११ ञामुलुकको पुरोविन साहेवले सिवाना गर्दा फरक पाऱ्याको फेरि स

१२ च्याउनु भन्या हुकुम दियाको छ भंन्या याद्दास्त आउँदा कर्णेल सि

१३ ढिमान्सीं राजभंडारिलाई र निजका कारिन्दाहरूलाई सच्याउनु भनि

१४ लेषि पठाउन्या काम वढिया गऱ्याछौ फनेत भान्नरसिंका कुरामा

१५ वडा साहेबले भनि पठायाको षवर लेषिपठाउन्या काम वढिया हो

१६ हौवाप्रसाद हाति मऱ्याको विस्तार सहित तिमिहरूका कुशल क्षम

१७ को पत्र आउदा षुसि लाग्यो नेल ठोकियाकि वागकि केटिको नौ मै

१८ न्हा भयेछ नेलैमा सुतक्यारि भया वितवल पर्ला भनि ललितादेवी

१९ सानि आमाले —१— संग भनिछन् जो हुकुम भनि लेष्याका कुराला

२० ई नौ मैन्हा भयेछ भन्या नेल षोलिदिन्या काम गर्नु ञाहां —२—

२१ र हामिहरूका गाथमा आराम छ आज बिहानदेषि पानि पऱ्यो

२२ ईति सम्वत् १९०१ साल मिति माघ सुदि ५ रोज ३ मुकाम मोरंग बुढि
२३ षोला शुभ्म्

श्री ५ सर्कार

१

१ स्वस्ति श्री कंसनारायणेत्यादि श्री राजकुमारात्मज श्रीवावु प्रभू साहज्यू इत स्वस्ति श्री प्राइन्मिनिष्टर यान् कम्यान्
२ डर इन चीफ जनरल जङ्गवहादुर कुंवरके कस्य आसिसपूर्वक पत्रमिदं आहां कुशल है ताहां कुशल
३ सर्वदाका चाहिये जीसमो भला होय आगे हम्रा उपर मेहरवानगी कर्को पौष वदि २ रोज ५ मु लेषाहुवा पत्र मा
४ घ सुदि ६ मो आय पहूचा वीस्तार मालुम भया वहुत षुसी षातीर्ज्मा भया आपने हम्को इआह कीया तो हम्रा ग्रव
५ रीस होगा उप्रांन्त वुटवल पाल्ही नवलपुर मणिहाक षजहनी स्युराज वो गैह्र मुलुक तराइ तृवेनी सोअराजक
६ ल्हेकै कारक लेनेको कागद वुझावनेके सो वहुत बेस्तर है सफाइ चाहता है हम सो दर्वारकै आमहरफत वन्द रहल ते
७ सो आजुतक रहीगयावो हमार हुकुम वुटलवो गैह्र सो वन्द भया तेसे मणिरत्न न हमको कागद वुझाया न दर्वा
८ रमो कागद बुझाया न तोमो नफाका रुपैया हमको हिया सभ उसके तलुक है आप मालीक है जव नेमो दर्वार सो
९ फारषती हम्रा नाव सोदि आय देभा हमारे तरफ सो आपके यास इतला है जे मणिरत्न सो कागद बुझि ले
१० ना मो नफाका दामकाम हम्रा तर्फका बुझाय देही सो नहि बुझाया मणिरत्न जैकिस्न पुरी देवान गुल्लाद षा
११ वदम्मन षा स्युराजको फौज्दार रामअवतारसिंह प्रभाकर उपाध्या २ साल रहे वेलकुल मुनफाका रुपैया षाय ली
१२ या हामको कागद न हि बुझाया न तो हमको कीन्जु समुझते है १ सो ना मेहरवानगी है से अव आप मालीक है
१३ जवने सो हम्रा रुपैयाका नीसाका होय हजुर सो फारषती मीलै सो कर्ना मणिरत्नसो कागद बुझना दर्वारकै रु
१४ पैया जब नदेना परैत वन मणिरत्न देहि फारक लेहि हमार दामकाम इलाकेको वझि गैल है से १ सालके षा ३ सा
१५ लके वुटवलवा गैह्र हमके मुलुक दि आन देइ हम ज्मा देव हम्रा पत्र लेको प्रह्लादसिंघ सिपाही दर्वारमो गये सो हा
१६ ल नहि मौलासे आप मालीक है हरिसुरती सो जबनेमो हमार वनै सेकर वहो इह म वृद्ध भये आस्रा भरोसा आ
१७ पका है वुटल डिष्ठा मुषीआवो मणिरत्नके षत आपको जात है मणिरत्न कारिन्दा दर्वार के पसंन्द वो सलाह सो है
१८ दर्वारकै दामकाम नहि बुझाया वो हम्रा बेलकुल ज्मा षा पलीयासे आप दुनो त बुझी लेना जब नकीन्जु हमको
१९ वक्त होगा तव न हम्रा है अवर सर्कारका है षजहनीमो ७ सात गाउँ इस्तमरार हजुरसो हमको वक्त भया सो
२० शिवनीधि सुब्बाने जप्त करि लीया प्रगनेषी नायक पु २ पर्सा माटि हुकी वसंतपुर वो गैह्र ज्मा मौजा ४ सो जैरा
२१ जगीर सुब्बा रत्नमान जप्त करि लीया आप मालीक है जीसमो वहालीका १ साल मोहर करायको भेजना
२२ ज्यादा अर्ज इति सम्वत् १९०४ साल मिति माघ शुदि ८ रोज ७ मुकाम चीलवा शुभ्म्

| श्री कुमारी | श्री ५ वादसाह | ............... | श्री ५ सर्कार |
|---|---|---|---|
| १ | २ | ३ | ४ |

अर्जि.............................................................................................................

उप्रांन्त करुणानिधान श्रावण शुदी १५ ऐजसौ लगायेत भाद्रशुदी १५ रोजतक मैन्हा १ को स्याहा रपोट र २५ साल कार्तिक वदी १४ देषि २६ साल कार्तिक वदी १४ रोजतक वर्ष १ को धपोट् आवर्ज्ये ज्मा २ कागज येसै अर्जिका संग चढाई पठायाको छु दाषिल होला योसमेत २२ सालदेषि २५ सालतक वर्ष ४ को धपोट् आवर्ज्ये "१" चोकमा दाषिल गर्‍याको छु मैले गरेको ल्हासा नाईक्या रकम र आमदानि षर्चमा मर्मिह्ला मेहर भयापछि सोवमोजिम धपोट आवर्ज्ये रपोट षडा गरि "१" चोक तहसित अडामा बुझाउँदा हुँ मर्मिन्हाको सनद जो मेहेर हुन्या नभै अघावै धपोट आवर्ज्ये लेषी चढाउँदामा मर्मिन्हाका वेहोरामा मिलन जावैन र कागजको मात्र षर्च वडन जाला भन्ने वेहोराले लेषन ढिल् भयाको हो येस वेहोरा वुझी सेवक पर करुणा राषि वक्स्या जावस् पुराना चिन्तारिन अम्वाका षरिदारले नीज अम्वाले भोट्या भारदारसंग धेरै घुस षाई पुरानु रितिथिती भोट्याको रहेछ भनी हालका अम्वाहरूले नीज पुराना अम्वाका षरिदारलाई चिन जान भनी ठिंन्दुपुर पुग्याका पत्री ल्याई ढडा कागजपत्रबाट १।२ हजार षायाको कायेल भयो र सो वेहोरा चिन्मा साधि पठाया "२" बाट" हजूरमा प्रमाण वक्सि आउन्या अव चांडै आइपुग्छ भन्छन् अझसम्म आईपुग्याको छैन येस कुरामा मैले अझसंम पनि प्रमाण आएन कसो होला भनि चिनिञा भारादार फापुणहरूसित बुझि हेर्दा यो वेहोरा निस्र्यै नै आउँछ धन्दा नमान्नुहवस् भन्छन् येस कुरामा मैले पनि निमेषको सोझो चिताई भरमगदूर हजुर्का सिछे वडापत्र मेहरवमोजिम गरेको छु पछि आउन्या त्येई तारिन अम्वा पनि आश्विण शुदी ७ रोज मा टिगरीसम्म जांचवुझ गर्न ईन्को पालो हो भनी जान्छन् भन्ने कुरा भैं रहेछ लामागुरूको पनी आश्विण शुदी ६ का दिन भेवुं गुम्वामा सवारि हुन्छ भन्ने र्हि वरपर झुम झुममा दिया तेस्मा सवैले सामेल हुनु भन्ने भैरहेछ मलाई पनी ३० घोडा ज्मा गरि वेस वेस पोसाक लगाई सामेल हुन आउनुपर्छ अघिदेषिको रित हुनाले भन्याको हो भन्या र अघिदेषिको रित् हो भन्या वेस हो म पनी आउला भन्ने जवाफ दिञां अघि दारोगा राजविरले अफिम र मुजुर्को प्वाष दियावापत् का. दाम राङ्जुं काजि सेजुं काजि ईनीहरूले तिर्नुपर्न्या रहेछ र इनीहरूसित रुपैञा देउ भनी वारम्वार भन्दा आज भोलि दिपठाउंछौ भनी आजतक टार्दा र राङ्जुङ काजि मर्दा ई काजिहरूका घर घर मन्न पठायी भयन भनी कासेलमात गै ति काजिहरूसित यो व्यहोराका दाम ईनिहरूले दियेनन् ई दाम ईनिहरूले नदीयाको क्या अर्थ हो तिर्नु पर्दैन र हो की कसो हो यो जवाफ मलाई देउ भनी मैले भन्दा यो तिर्नु पर्ण निस्र्यै हो हामि तिर्छौं भनी सेजुं काजि रोपकारमा थिया र भन्ये छोववा काजिले ई दाम तिर्नुंपर्छ भनी मसित भनेका थिया अव तिरि पठाउंछन् धन्दा नमान्नुहवस् भनि राष्याछन् अझ पठाउनाको याद केहि छैन निज दारोगाले यो अफिम विकेन येति काम गरिदेउ भनी हामिसित विन्ति गर्दा हामीलाई ढेसा लगाई दियाको हो यो दाम हामि तिरी पठाउन्यै थिञ्यू कप्तानले येति वेहोरामा पनि कासेलमा गै जाहेर गराउनुपर्णे जोग्ये होईन भन्ने कुरो वाहिरफेरा गरे अरे भन्ने सुन्या र

मैले पनि दिनुपर्णे हक रूपैंआ हुन् भन्या अझसम्म नदि टाऱ्यापछि ‾‾४‾‾ का रुपैंआ हुन् ‾‾४‾‾ को सोझोनिमित्त कासेल्मा जाहेर मैले गराईदिआ रूपै आ चांडै तिरी पठाउन् येति कुरामा मदेषि फाट्न्या छैनन् फाट्छन् भन्या निसाफ मा फाटुन् कसैले पनि आफ्ना ‾‾४‾‾ को हक गर्नै पर्छ भनी पठाआं अरू आहांको हाल सुरथ यथायोग्य छ सेवक्का अर्जिका वेहोरामा घटवड पऱ्याको होला छेमा करुणा राषि वक्स्या जावस् शुभमस्तु शुभम्

ईत सेवक कपतान जित्मार्न्सिह सिलवाल क्षेत्रीको दीनप्रति सांज सवेरको कोटि कोटी सलाम सलाम सलाम ईति स सम्वत् १९०७ साल मिति आश्विण वदी १ रोज ६ मुकाम ल्हासा अडा शुभम्

# पालुङ्को मानवशास्त्रीय सर्वेक्षणको संक्षिप्त प्रतिवेदन

## स्थिति

*ऋषिकेशवराज रेग्मी*

काठमाडौं देखि ४२ माइल टाढा पालुङ भन्ने ठाउं छ । यो मकवानपुर जिल्लाभित्र पर्छ र नारायणी अञ्चलअन्तर्गत यो गाउँ पंचायत पर्छ । डांडै डाडाले चारैतिर घेरिएको पालुङ समुद्रको सतहभन्दा करीव ५७२८ फिट माथि पर्दछ । चारैतिरका खैरा, काला र हरिया पहाड देखेर हृदयमा मातृभूमि प्रति एक विशाल उद्गार आयो । डांडा रमाइलो गाउँका घरहरूलाई हेरिरहें । एक मानवशास्त्री को दृष्टिमा कुनै पनि घर र राता माटाले पोतेका भित्ता र खरले छाइएका छानाहरूले धेरै कुराको दृष्टान्त दिन्छ । मलाई पनि त्यस्तै घरघरमा गएर, गाउले जीवनको अध्ययन गर्नु थियो ।

सोल्टु गाउंबाट तल झर्दै ओर्लिएको सोल्टु खोला पश्चिमतिरबाट ओर्लेको छ र उत्तरतिरबाट अंगारेगाउंको छेउबाट ओर्लेको पाण्डुकेश्वर खोलाको बीचमा रहेको पालुङ शहर गाउँ पहाडको फेदमा स्थित छ । यो गाउँमा जम्मा सन्ताउन्न वटा मात्र सानासाना घरहरू छन् । घरहरू प्राय: खोला अथवा बगरमा पाइने दर्शनढुंगाले बनेका छन् । झ्याल ढोकाहरू पुराना खालका छन र घरको छाना खरले छाइएका छन् । कुनै कुनै घर टिनले पनि छाइएका छन् ।

घरहरू बेग्लाबेग्लै पर पर गरी बनेको भने यस गाउँमा पाइन्न । घरहरू प्राय: नजीक नजीक र संगसंगै जोडिएका छन् । घरहरूको उचाइ प्राय: ३५।४० फिट- सम्मको छ । ढोकाहरूको उचाइ पनि खूब कम छ । भूईं माटोले लिपिएको र धेरैजसो घरको भूईंमा सुक्कु- लनै ओछ्याइएको पाइन्छ । घरको पछाडि वा अगाडि सबैजसो परिवारको सानो बारी पाइन्छ जहां उनीहरू तर्कारी आदि रोप्ने गर्छन् ।

गाउंका लस्करे घरहरूबाट करीब ५।६ फिटको सडक जान्छ । सडक ठूलठूला ढुंगाले छापिएका छन् । पाटन र भक्तपुरमा झैं गल्लीहरू साना साना नै पाइन्छन् । तर पाटन र भक्तपुरमा जस्तो अधिकांश घरका झ्याल र मन्दिर कलात्मक छैनन् ।

यहां एउटा सबैभन्दा जेठो घर छ । घरधनीको भनाइअनुसार, घर करीब ५।६ सय वर्ष पुरानो हो । यो घर श्रेष्ठ परिवारको हो । मल्ल राजाको पालाको घर हो भनेर उनलाई लाग्छ । तर प्रमाण भने केही देखिदैन । यसो हेर्दा घर निकै पुरानो र जीर्ण देखिन्छ । तर घरको झ्याल र ढोकामा कुनै कुंदाइ देखिदैन । तर झ्यालमाथिको प्वालमा एउटा काठको कलात्मक गरुड देखिन्छ । (फलक नं १ क)

जेठो घरको वरिपरि फोहरमैला छ । घरवासीहरूले अगाडि चोकमानै गाई बस्तु पालेका छन् । फोहोरमैला नराख्नको लागि हामीले अनुरोध गर्‍यौं । समय र परि- स्थितिले हाम्रो शहरलाई अर्कै रूपको तुल्याए पनि गाउं घरको अवस्थामा कुनै परिवर्तन देखिदैन । पंचायतमा उठेकाहरूले पनि गाउंको गल्लीहरू सफा राख्न ध्यान नदिएको कुरानै देखियो ।

यसरी पालुङका घरहरू श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहका पालाका भन्दा जेठा र पुराना

छन् । तर यहां आधुनिकताको हावा भर्खै आइपुगेको भने देखिएन । मानिसहरू फोहरमैलादेखि डराउन्नन् र उनीहरूको हृदय परिवर्तन पनि भर्खै भैसकेको छैन ।

यहां कुनै स्वास्थ्यकेन्द्र छैन । मानिसहरू धामीझांक्री फुकफाक र वैद्यादिमा विश्वास गर्छन् । पहिले पहिले यहांका मानिसहरू बिरामी पर्दा अब मरे भनेर कात्रो पनि खोज्न लाग्दथे । कति मान्छेहरू काठमाण्डूमा औषधी-उपचार गर्नको लागि लग्दा बीच बाटैमा पर्दथे । त्रिभुवन-राजपथ खुलेदेखि बल्ल यो फांटले अलिकति औषधीको गन्ध र अरू मान्छेहरूको स्पर्श पाउन थाल्यो । यहां कुनै पनि औषधीको पसल छैन । वैद्यले फुकफाक गर्छ, नाडी हेर्छ । हावा लाग्यो, बोक्सी लाग्यो भन्दै अक्षता र धूप सल्काएर रोग हटाउन खोज्छ । तर यी झांक्री-हरूप्रतिको विश्वास शनैः शनैः लोप भैरहेछ ।

## यातायात

यातायातको साधन त्रिभुवन राजपथ नै हो । बस ट्रक आदि चल्छ । गाउंभित्रैसम्म जाने कुनै मोटर चल्न सक्ने बाटो छैन । जहांसम्म राजपथ छ त्यहांसम्म बसमा चढेर अनि पछि पैदल नै यात्रा गर्नुपर्छ । कृषकहरू प्रायः सडकसम्म आफैंले बोकेर धान, चामल र अरू चीजबीज-हरू पुऱ्याउंछन् । 'गाउं फर्क अभियान' अन्तर्गत गाउँ-पंचायतले बखर गाउँबाट फेदी गाउँसम्म मोटर चल्ने बाटो खन्दै रहेछ ।

## निवासी

यस पंचायतअन्तर्गत पर्ने अरू बार्डका गाउँहरूमा मिश्रित जनसंख्या छ । यस पंचायतमा नेवार, क्षेत्री (बस्नेत, थापा, कार्की) ब्राह्मण, दमाईं, कामी सबै थरिका नेपाली आफू आंफूमा मिलेर बसेका छन् । तर पालुङ्-शहरमा भने २।४ घरबाहेक सबै नेवारहरूलेनै बसोबास गर्छन् । यी मध्ये श्रेष्ठहरूको संख्या ठूलो छ । श्रेष्ठ-बांहेक बलामी, लबट, नाउहरू पनि छन् । चाहे जति-सुकै संख्या भए तापनि पालुङका व्यक्तिहरू आफूआफूमा र वरपरका गाउंहरूका व्यक्तिहरूसंग मिलीजुली, सह-योगको भावना लिई बसेको पाइन्छ । गाउँलेहरूले आपनो समस्या राम्ररी बुझेका छन्, तर ठोस योजना र कार्य-क्रमको अभाव र कमजोर आर्थिक अवस्थाले गर्दा विवश भई बसेको पाइन्छ ।

श्रेष्ठहरू जो यहां मल्ल राजाको पालादेखि नै आएका हुन् । मूल घरचाहिं पाटन नै हो भन्ने यहांका श्रेष्ठहरूको भनाइ छ । ( फलक नं. १ ख )

## श्रेष्ठहरू कसरी पालुङमा आए ?

पालुङमा श्रेष्ठहरू करीब छ सय वर्षअगाडि आएका थिए । यिनीहरूको पुर्ख्यौली घर पाटन हो भन्ने उनी-हरूको चालचलन, रीतिस्थिति, झ्याल ढोका र घरका नमूनाहरू र ईश्वरका विभिन्न स्थान र मन्दिरबाट पनि झल्किन्छ ।

मल्ल राजाको पालामा उनीहरू पाटनमा नै बसेका थिए । मल्ल राजाको पालामा श्री श्रेष्ठहरूले लुकेर टक मार्ने कामसम्म गरे । त्यसको फलस्वरूप उनीहरूलाई पकडाउ आयो । टक मार्ने सांचोसम्म फेला पारियो । त्यसपछि मल्लराजाको र भाई भारदारका अगाडि यिनीहरूलाई राखियो । दण्डसजायँ दिनुपर्ने नै निर्णय गरियो र यिनी-हरूलाई उपयुक्त ठाउँ खोजेर काठमाण्डू उपत्यकाको नै बाहिर पठाउने निर्णय भयो । गैरकानूनी कारबाईले दुनियांमा हाहाकार मच्चिन थालेकोले उनीहरूलाई बसो-बास गर्न पालुङमा पठाइयो । पालुङको फांट खेतीपाती गर्न योग्य भएकोले र चार पांचवटा खोलाबाट बग्ने पानी पनि प्रशस्त भएको तथा हावापानी ज्यादै अनुकूल भएकोले पालुङ गैं श्रेष्ठहरू तिनै खोलाको किनार किनार-मा बसोबास गर्न थाले ।

यसरी श्रेष्ठहरूलाई पाटनबाट विस्थापित हुनुपऱ्यो । उनीहरूको सामाजिक जीवन उथलपुथल भयो नै, तर यिनीहरू सबै धैर्यवान् थिए । आफूले गरेको कामको दण्ड स्वीकार गरेर नै यिनीहरू पालुङमा बसोबास गर्न आएका हुन् ।

पालुङ खोलाको किनारमा ढुंगाहरू प्रशस्त पाइन्थ्यो र पालुङमा हालसालै पनि घरको छानामां प्रयोग गर्ने ढुंगा ठूलो संख्यामा फेला परेको छ । यी नै दर्शनढुंगा-हरूले घरहरू बनाउन थालियो ।

यी श्रेष्ठहरूलाई सामाजिक तथा नित्य जीवनमा काम गर्न विभिन्न कामदारहरूको पनि आवश्यक थियो। त्यति वेला जातपातको ठूलो महत्व र चासो थियो । त्यसो हुनाले यी श्रेष्ठहरूसंगै उनीहरूको गाउँमा बसोबास गर्ने गरी ३।४ परिवार दमाई, कामी, नाऊ आदिहरू पनि आए । यातायातको असुविधा र चारैतिर पहाड, बनजंगल खोलानाला भएकोले यी निवासीहरू आफ्नो गाउँ र फाँट छाडेर कतै पनि जान सकेनन् । यसरी उनीहरू अनुमानित पांच, छ सय वर्षदेखि पालुङमा प्रायः उही स्थिति, उही रीतिमा पूरा किसान भै शान्तिपूर्वक बसिरहेका छन् ।

## पालुङ भन्ने नाम कसरी रह्यो ?

पालुङ भन्ने शब्दको अर्थ, पा–ठूलो. लोंङ–ढुंगा भन्ने छ । यो ढुंगा करीब ४।५ सय वर्ष पुरानो छ। उक्त ढुंगाको लम्बाई १३½ हात र चौडाई ४½ हात छ । यत्रो लामो च्याप्टो ढुंगा पाउनु दुर्लभनै हुन्छ । त्यत्रो आकार भएको लामो ढुंगा नेपालमा निकै कम ठाउँमा देखिएका छन् ।

यो ढुंगा कसरी आयो भन्ने कुराको पनि आफ्नै रमाइलो इतिहास र परंपरागत विश्वास छ । यस विषयमा प्रश्न उठाउँदा गाउँका बूढापाकाहरूले समेत एउटै अर्थ लगाए । मल्ल राजाका पालामा नै केही व्यक्तिहरूले उक्त ठूलो ढुंगा पाटन लग्न भनी ल्याएका थिए । तर त्यो ढुंगा पालुङमा ल्याएर राख्दा पछि त्यहाँबाट पचासौं मानिसहरूले उठाउन कोशिश गर्दा पनि उठाउन सकेनन् । यसरी विश्वास गरिन्छ, त्यो ढुंगा छ सय वर्षदेखि जहांको तहीं छ ।

## ढुंगालाई किन उठाइएन ?

ढुंगा लामो र गरुंगो मात्र नभै स्थानीय मानिसहरूको त्यस ढुंगामा दैवी शक्ति रहेको दृढ विश्वास छ। ढुंगा राखेकै ५।६ फिट पर भगवतीको मन्दिर छ। भनिन्छ–भगवती स्वयं पालो–पालों भएकोले र देवीको शक्ति त्यस ढुंगामा भएकोले नै धेरैले त्यसलाई उठाउन सकेनन् । वास्तवमा यो ढुंगा पाटनका राजाका लागि ल्याउने व्यवस्था गरिएको थियो । तर ढुंगा ओसार्न उठाउन नसकिने खबर पाएर राजाले पनि भैगयो भनी पुनः कुनै प्रयास गरेनन् । यसरी उक्त ठाउँको पालो (पालुङ) भन्ने नाम भयो । मल्लकालीन वास्तुकला र धातुकलाले बनेका अन्य उल्लेखनीय कुनै पनि चीज पाइएनन् ।

## तलेजुको भग्नावशेष, भगवतीको मूर्ति, बन्दूकको नाल, ढुंगाको दमाहा, माटाको सिक्का र माटाको फूलदानी आकारका भाँडाहरू

मल्लकालीन समयदेखि तलेजुको मन्दिर पालुङशहरको बीचमा रहेको छ भन्ने कुराको पुष्टि त्यहाँ प्राप्त तलेजु भगवतीको सुन्दर मूर्तिबाटनै पर्याप्ति हुन्छ। मूर्तिको कुंदाई र बनोट राम्रै छ । ढुंगामा कुंदिएको यो मूर्ति करीब एक वर्षअघि जग खन्दा पाइयो ।

पालुङ शहर गाउँ पञ्चायतले उक्त भग्नावशेषलाई खनेर त्यहाँ गाई भैंसी राख्ने काञ्जिहाउस बनाउने भनी ढुंगा र माटो खनेर काम शुरू गरे । काम शुरू गरेपछि उक्त ठाउं, जो एक सानो ढिस्को जस्तो छ, बाट मूर्ति प्राप्त भयो । मूर्ति प्राप्त भएपछि पुनः बन्दूकको नाल, ढुंगाको दमाहा, माटाको सिक्का, फलामे ओदान र माटाको फूलदानी आकारका भांडा पाइयो। (फलक नं. २ ख)

त्यसमा माटाको सिक्का र फूलदानी आकारका भांडा भने पाउन सकिएन । त्यहांका गाउँहरूले महत्व थाहा नपाई वास्ता नराखेकोले देख्न पाइएन । उक्त माटाको सिक्कामा अक्षरहरू पनि थिए भन्ने गाउँलेको भनाइ छ । बन्दूकको नाल, ओदान, दमाहा र मूर्ति भने अझै पनि पञ्चायतभवनमा नै छ। उक्त प्राप्त भएका वस्तुहरूले पालुङ गाउँ निक्कै पुरानो देखिन्छ। ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण छ भन्ने कुराको पुष्टि गर्दछ । काठमाडौंदेखि उक्त गाउँ धेरै टाढा पनि नरहेकोले र यहाँका बासिन्दाहरू बिशेष गरेर नेवार, पाटनबाटै विस्थापित भएकाले, पालुङको तलेजुको मन्दिर पाटनको जस्तै कलाकौशलले युक्त हुने कुरामा विश्वास गर्न सकिन्छ। यसरी उक्त ढिस्काको वैज्ञानिक विधिले उत्खनन गरिएको खण्डमा पुरातात्विक महत्वका वस्तुहरू उपलब्ध हुनेछन् भन्ने कुरामा विश्वास गर्न सकिन्छ। पालुङशहर पञ्चायतमा अरू आठ गाउँहरू पनि पर्दछन् । चीजहरू पाएको भने पालुङशहर पञ्चायतमा हो ।

## पालुङ्मा मनाइने चाडपर्वहरू

सर्वेक्षण गर्न गएको समयमा कुनै पनि चाडपर्व भइरहेको थिएन । त्यसैले आफ्नै आंखाले केही हेर्न पाइएन । सामान्यतया यस गाउँका मानिसहरू सबैनै कृषिमा निर्भर भएकाले र साधारण जीवन व्यतीत गरिरहेकाले आफ्नो परम्परागत चलिआएको संस्कृति र परंपरालाई अक्षुण्ण कायम राखिनै रहेका छन् । दशैं, तिहार, गुठी, औसी, जनैपूर्णे र अन्य सामाजिक चाडपर्वहरू नै यहाँ प्रचलित छन् । दशैं खूब धूमधामसंग मनाइन्छ । बौद्धधर्मको सम्मिश्रण यहाँको समाजमा पनि देख्न पाइन्छ । अरू ठाउँमा झैं यहाँ पनि सबै समूहका नेपाली आपसमा मिलेर कुनै पनि धर्मसम्बन्धी संकुचित भावना नलिएर आ–आफ्नो संस्कृति रीतिस्थिति तथा परम्परामा कायम छन् । यो परम्परा नेपालको गौरव हो । दशैंमा बलि दिइन्छ र टाढाटाढाबाट आफन्तहरू मिलेर आई श्रद्धापूर्वक यो चाड धूमधामसंग मनाइन्छ । तिहार पनि बाहुन, क्षेत्री, नेवार, कार्की आदिले मनाउँछन् ।

## मेला र जात्राहरू

माघे संक्रान्तिमा शंखमूलमा मेला लाग्दछ । गाउँका बूढा बूढी, युवक युवतीदेखि लिएर सबै जना स्नानादि गर्दछन् र त्यस पुण्य तीर्थमा आफ्नो श्रद्धा भक्ति चढाउंछन् । पश्चिमबाट सोल्टु खोला, उत्तरबाट महादेव खोला, दक्षिणबाट हात्तीपाइला खोलाहरू एकै ठाउँमा आएर मिल्दछन् । यिनै तीन खोलाको संगमलाई शंखमूल भनिन्छ । यसै स्थानको चौरमा जनैपूर्णेको दिन हिलेजात्रा मनाइन्छ । गाउँका सबै मानिसहरू उक्त दिन यहां जम्मा हुन्छन् । इन्द्रायणी मेलामा इन्द्रायणी देवी, भैरव, गणेश आदिको खट पनि घुमाइन्छ । त्यसका लागि पाटन हरिसिद्धिबाट एक आचार्य पनि आउँछन् । इन्द्रायणी मेला तीन वर्षको एक पटक इन्द्रायणी देवीको चौरमा लाग्छ । यस किसिमको मेला बाली बिग्रेको वेलामा र गाउँमा रोगव्याध लागेका समयमा शान्तिको रूपमा बडो श्रद्धा भक्तिले मनाइन्छ । यो परम्परा पनि कुनै बखत ठूलो रोगव्याध वा अनिकाल परेको समयदेखि नै चलेको हुनुपर्छ । (फलक नं. ३ क ।)

## आर्थिक व्यवस्था

गाउँका करीब शत प्रतिशत व्यक्तिहरू कृषक छन् । (फलक नं ४ क )सबैभन्दा धनी मानिसको जमीन डेढ देखि दुई विघासम्म भएको देखिन्छ । धरैंजसोसंग दुइ रोपनी, कसै कसैको चार, छ आठ रोपनीसम्म जमीन छ । जीवननिर्वाहका लागि यहांका निवासी विशेष गरी मकै धान र आलुको खेती गर्छन् । यहाँ गरा बनाएर खेती गर्ने चलन निकै लोकप्रिय छ । उब्जिएको धान भकारीमा अन्न जम्मा गर्ने अनुभव यिनीहरूको जीवनमा कहिल्यै भएन । दुई छाक खान पनि निकै धौ धौ पर्दछ ।

पालुङको हावापानी र जमीन आलुको खेतीका लागी प्रख्यात छ । प्रत्येक परिवारैपिच्छे वर्षमा चार सय पांच सय धार्नीसंम आलु हुन्छ । प्रत्येक माटामा उब्जेको आलुले अरू दैनिक खर्चको लागि मद्दत गरेको छ । पालुङबाट मात्र प्रत्येक वर्ष दुई तीन लाख रुपियांको आलु भारततिर निकासी हुंदोरहेछ । सेतो र रातो दुवै थरीको आलु खूबै उब्जन्छ । प्रत्येक परिवारको लुगाफाटो, नून, जीरा, चीनी, चिया, साबुन आदि आलु बेचेर आएको पैसाबाट नै किनिन्छ । यसरी पालुङको मानिसहरूको आर्थिक स्रोतको मुख्य आधार आलुनै छ । औसत आयतर्फ विचार गर्दा प्रतिव्यक्तिको वार्षिक आय चालिस रुपियां पनि छैन ।

अघि पनि भनियो, यस गाउं पञ्चायतका सबैजसो परिवारको मुख्य पेशा कृषिनै हो । २।४ अन्य परिवार कृषिको साथै मजदूरी पनि गर्दछन् । कृषिऔजारहरू उही पुरानो हलो र कोदाली छन् । वैज्ञानिक तरीकाले कृषि उब्जाउ गर्न अझै यिनीहरूले चाख लिएका छैनन् । रासायनिक मल लिन र किन्न यिनीहरूसंग पैसा छैन । त्यसैले यिनीहरूले हजारौं वर्ष पुरानो कृषि प्रणाली अपनाइरहेका छन् । (फलक नं ४ ख)

## साक्षरता

पालुङलाई केवल शिक्षाका दृष्टिले हेर्ने हो भने जम्मा एउटा हाइ स्कूल छ । तर लेखक जुन गाउँपञ्चायतको सर्वेक्षण गर्न गएको थियो त्यस पञ्चायतमा केवल एउटा प्राइमरी स्कूल मात्र थियो । यसमा ७२ जना विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् । प्राइमरी स्कूलभित्र छात्रहरू भूइंमा बसेर पढ्ने गर्छन् ।

## सामाजिक चेतना

पालुङका मानिसमा सामाजिक चेतना केही मात्रामा नभएको होइन । तर यो चेतना गतिशील छैन । यहाँका

निवासीहरूको आफ्ना केटाकेटीहरूलाई स्कूल पठाउने र रोगबाट टाढा राख्ने मन छ । तर यसका निम्ति धारा, पानी, स्कूल, अस्पतालको समुचित व्यवस्था भइदिए हुन्थ्यो भन्ने उनीहरूको हार्दिक चाहना छ । पालुङनिवासीमा जागृत चेतना र मानसिक परिवर्तनले यहाँको सामाजिक जीवनमा क्रमशः परिवर्तन ल्याउँदैछ ।

## जनसंख्या

पालुङगलाई दुइ पञ्चायतमा विभाजन गरिएको छ। एउटालाई पालुङ (शहर) गाउँपञ्चायत भनिन्छ र अर्कोलाई शिखरकोट गाउंपञ्चायत। दुवै पञ्चायतमा गरी आठ हजार जतिको जनसंख्या छ । लेखकले सर्वेक्षण गरेको पालुङ (शहर) गाउं पञ्चायतको जन संख्या करीब चार हजार जतिको छ। जनसंख्याको घनत्वलाई दृष्टिमा राख्दा जग्गा र आर्थिक आम्दानी ज्यादै थोरै देखिन्छ ।

## मयलको रुख

यो मयलको रुख एक ऐतिहासिक रूखको रूपमा पालुङ्को ठूलो बेशी फांटमा रहेको छ । त्यहांका रैथाने बूढापाकाहरूको भनाइअनुसार यसको उमेर करीव छ, सात सय वर्ष अनुमान गरिएको छ । रुख झम्म परेको छ । जराहरू निकै फैलेका छन् । रूखले फल पनि दिंदैछ। रूखको फेदमा उत्तरपट्टि खनिराखेको ठूलो गहिरो प्वाल छ। गाउंलेहरूको विश्वासअनुसार त्यस प्वालमा सुनचांदी र पैसा गाडिएको छ ।

करीब साठी वर्षअगाडि उक्त रूखको फेदमा गाउँलेहरूले करीब प्रन्ध्र फिटसम्म खनेका थिए । खन्दाखन्दै रात परेछ रे। जुनेली रात थियो, खन्न गएका मानिसहरू अवाक् भए, गहिराइ बढ्दै गयो, तर अचानक आंधीबेहरी आयो र आकाशभरी कालो बादल लाग्यो । उनीहरूले त्यो खनेको क्रमलाई जरी राख्न सकेनन् । त्यसपछि अंधकारमा छामछाम छुमछुम गर्दै फेदीगाउंतिरबाटै बगेको खोलामा पुगेछन् । पछि त्यही खोलाको किनारै किनार पालुङशहरमा फर्केछन् । त्यसपछि गाउँलेहरूले त्यो मयलको रूखलाई एक दैवी शक्तिको प्रतीक मान्न थाले । त्यस रूखमा ईश्वर लुकेको र त्यहाँ केही गडबडी गर्न हुंदैन भन्ने विश्वासमा गाउँलेहरू अझै पनि बसेका छन् ।

गाउँलेहरूको, त्यहाँ ठूलो धनको खानी छ भन्ने अझ पनि विश्वास छ, तर गएर खन्न हुँदैन । खनेमा गाउँमा रोगव्याध र विघ्न आउनेछ भन्ने उनीहरूको भनाइ छ।

उक्त रूख एक चिनियां मान्छेले लगाएर त्यहीं सुन आदि गाडेर गएको हो भन्ने पनि लोकपरम्परा र विश्वास छ । करीब छ सात सय वर्षअगाडि एउटा चिनियां यात्री त्यहाँ घुम्दै फिर्दै आएका थिए र उनीसंग पालुङ्को एउटा नक्सा थियो रे। फेदीगाउँमाथिको टुटेधारामा एउटा ठूलो ढुंगो अद्यावधि छ। त्यहां निकै धन निक्लन्छ भन्ने विचारमा उनी आएका थिए । तर गाउँलेहरूले उनलाई टुटेधारा अर्कै ठाउँमा पर्छ भनेर छकाएछन् । त्यसपछि ती चिनियां यात्रीले ठूलो बेशी फांटमा आएर उक्त मयलको बोट लगाएछन् । त्यसपछि उक्त मयलको रूख एक अनौठो रहस्य र लोकपरम्परा बोकेर आजसम्म पनि फांटको बीचमा उभिइएको छ । गाउंका युवकयुवती केटाकेटीहरू गएर फल खान्छन् र रूखको फेदमा गहिरो प्वालमा लुकेका इतिहासको आपसमा रमाइलो गनथन गर्छन् ।

## उपसंहार

पालुङ्को सामाजिक, आर्थिक, शैक्षिक गतिबिधि, परिवारको दिनचर्या र जीवन केवल पुरानै ढांचामा नै चलिरहेको छ भन्नु अत्युक्ति नहोला । विज्ञान र टेक्नोलजीको महान् सफलताको युगमा पनि पालुङनिवासी आफ्नो परम्परागत सामाजिक जीवनबाट अलग हुन सकेका छैनन् । बारम्बार आइपर्ने आर्थिक दबाव र दैवी प्रकोपबाट मुक्ति पाउन केवल ईश्वरबाट वरदान माग्नु नै उनीहरूको धर्म र कर्तव्य भइसकेको छ ।

आफ्नो धर्मपम्परा र संस्कृतिमा उनीहरूको अटूट विश्वास छ । आफ्नो गाउँमा चेतना आओस् र गाउँका घरघरमा शिक्षाको बत्ती बलोस् भन्ने अभिलाषा पनि छ । आधुनिक कृषिऔजार मल र, उन्नत जातका बीजहरूको उपयोग गर्न चाहेका छन् । कृषि र आलुको खेतीमा आश्रित यहांका निवासीमा साझा सहकारिताको भावना नभएको होइन । समय र युगको परिवर्तनका साथसाथै पालुङनिवासी पनि सक्रिय रूपले राष्ट्रिय नवजागरणको महान् कार्यमा सहभागी हुन प्रयत्नशील छन् ।



पालुङ सहर गाउ पञ्चायत
मैनाङ
खोरिया
कार्की गाउं (अम्रे)
धारा
केरी गाउ
पालुङ
सहर
पालुङ
खोला
गैरी गाउं
धारा
शिखर कोट
पोडे गाउं
खानी गाउं
राज पथ
उ
पु
प
द





क, सबभन्दा पुरानो मानिएको बीचको ठूलो घरसहित पालुङ शहरको अगाडिपट्टिको दृश्य ।

ख, तमाखु खाइरहेका गाउँका वयोवृद्ध सज्जन ।

फलक नं. २



क, पालुङ शहरको नामकरणको रूपमा मानिएको चेप्टो ठूलो ढुङ्गो ।

ख, कांजीहाउस खन्दा पाइएका वस्तुहरू ।



फलक नं. ३





क, स्थानीय दुइ जोगी ।

ख, फेदी गाउँतिरका दुइजना भद्र महिला ।



क, हिउंदे बालीका निम्ति खेतमा काम गरिरहेका किसानहरू ।



ख, वनबाट स्याउला लिएर फर्केका महिलाहरू ।

# नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण

*शङ्करमान राजवंशी*

## वि. सं. १८२५ को श्रीमहोद्दामकीर्तिको घण्टाभिलेख

**परिचय—**

यो घण्टा नुवाकोटका धामीको घरमा छ। नुवाकोट भैरवीमन्दिरमा रहेको यो घण्टा सिक्री चुँडिएर खसेकोले घरमा ल्याई सुरक्षित गरी राखेको हो भन्ने धामीको भनाइ छ। यस घण्टाभिलेखमा श्री महोद्दामकीर्तिबाट भैरवीलाई घण्टा चढाइएको कुरा छ।

**मूल—**

**नमः श्रीभैरव्यै ॥ ॥ श्री विक्रम सम्वत् १८२५ ॥ ।**

**श्रीशाकेपञ्चनेत्रद्विपधरणिमितेऽस्मिन्नभस्याद्यपक्षे**<br>
**पञ्चाम्यां (गुरौ) घण्टाध्यतरदरिहरिर्भैरवीप्रीतये सः ॥**<br>
**स्वामिश्रीवीरभद्रात्मजनृपवरनरभूपालसूनुर्महीयान्**<br>
**पृथ्वीनारायणस्य क्षितिपतिमुकुटालंकृतेर्भ्रातृरत्नम्॥१॥**<br>
**तुहिनगिरिसुताङ्घ्रिद्वन्द्वसच्चञ्चरीको**<br>
**मदनसुभगरूपभ्रान्तसत्सुन्दरीकः ॥**<br>
**सकलगुणिगुणज्ञो भूतले वीरमूर्ति—**<br>
**जंयति बुधमनोज्ञः श्री महोद्दामकीर्तिः ॥२॥**

**अर्थ--**

श्री भैरवीलाई नमस्कार। विक्रम संम्वत् १८२५ भाद्र कृष्ण पञ्चमी बृहस्पतिवारका दिन शत्रु नाश गर्ने भैरवीलाई खुशी पार्नानिमित्त श्रीमहोद्दामकीर्तिले घण्टा चढाउनुभयो। स्वस्ति श्री वीरभद्रका छोरा राजामा श्रेष्ठ नरभूपाल हुनुभयो। उहाँका छोरा (महोद्दामकीर्ति) राजमुकुटले सिंगारिएका पृथ्वीनारायणका ठूला असल भाइ हुनुहुन्छ। हिमालयपर्वतकी छोरी पार्वतीका दुइचरणले खूब चंकिला भएका कामदेव झैंराम्रो रूपले सुन्दरीलाई भ्रम गर्ने भएका सबै गुनीहरूको गुन चिन्ने पृथ्वीमा वीर मूर्ति भएका विद्वान्को मनको कुरा बुझ्ने श्रीमहोद्दामकीर्ति ठूला हुनुहुन्छ।

**टिप्पणी—**

यस घण्टाभिलेखमा श्रीमहोद्दामकीर्तिका तीन पुस्ताको नाम उल्लेख गरिएको छ। यसबाट वीरभद्रका छोरा नरभूपाल, नरभूपालका छोरा पृथ्वीनारायण, पृथ्वीनारायण-का ठूला भाइ महोद्दामकीर्ति हुन् भन्ने स्पष्ट छ। यी महोद्दामकीर्तिलाई श्री ५ पृथ्वीनारायण शाहले वि. सं. १८१९ मा मकवानपुर विजय गर्न सेनापति गरी पठाएका थिए। अहिले यिनले नुवाकोट भैरवीको आराधना गर्न लागेका रहेछन्। यही वर्ष भाद्र शुक्ल चतुर्दशीका दिन पृथ्वीनारायणले कान्तिपुर पनि विजय गरे।

यस अभिलेखमा उल्लिखित मितिमा वारको दुइ अक्षर किच्चिएर अस्पष्ट हुन गएका छन्। श्लोकको छन्द मिलाई कोष्ठमा गुरौ पाठ पढिएको छ। महीना र पक्षका विषयमा चाहिं 'नभस्याद्यपक्षे' भन्ने स्पष्ट छ। यहाँ ('नभसि+आद्यपक्षे') भनी सन्धि छुट्टचाई अर्थ गरेमा श्रावणमा पहिलो पक्षमा भन्ने हुन्छ। तर 'नभस्य×आद्यपक्षे' भनी सन्धि छुटचाई अर्थ गरेमा भाद्रको पहिलो पक्षमा भन्ने हुन्छ। यो वर्ष श्रावणमा अधिमास परेको छ। गणना गरी हेर्दा

**( पूर्णान्तमानबाट )**

| पक्ष | महीना | वार |
|---|---|---|
| पहिलो | श्रावण कृष्ण पञ्चमी | सोम |
| दोस्रो | अधिक श्रावण शुक्ल पञ्चमी | मंगल |

| | | |
|---|---|---|
| पहिलो | अधिक श्रावण कृष्ण पञ्चमी | बुध |
| दोस्रो | शुद्ध श्रावण शुक्ल पञ्चमी | बुध |
| पहिलो | भाद्र कृष्ण पञ्चमी | बृहस्पति |
| दोस्रो | भाद्र शुक्ल पञ्चमी | शुक्र |

( अमान्तमानबाट )

| [ पक्ष | महीना ] | वार |
|---|---|---|
| [ दोस्रो | आषाढ कृष्ण पञ्चमी ] | सोम |
| [ पहिलो | अधिक श्रावण शुक्ल पञ्चमी ] | मङ्गल |
| [ दोस्रो | अधिक श्रावण कृष्ण पञ्चमी [ | बुध |
| [ पहिलो | शुद्ध श्रावण शुक्ल पञ्चमी ] | बुध |
| [ दोश्रो | श्रावण कृष्ण पञ्चमी ] | बृहस्पति |
| [ पहिलो | भाद्र शुक्ल पञ्चमी ] | शुक्र |

**यस प्रकारले वार पर्न आएका छन् ।**

पूर्णान्तमान भनेको कृष्णपक्षको प्रतिपदादेखि महीना शुरू गरी पूर्णिमाको अन्त्यमा महीना समाप्त गर्ने चलन हो । अमान्तमान भनेको चाहिँ शुक्ल पक्षको प्रतिपदादेखि अमावास्याको अन्त्यमा महीना समाप्त गर्ने चलन हो ।

गोरखाका शाहका पत्रमा प्रायः पूर्णान्तिमान नै मानेको पाइन्छ । त्यसकारण यस अभिलेखमा पूर्णान्तिमानबाट भाद्र कृष्ण पञ्चमी बृहस्पति वार भनी अर्थ गरिएको हो ।

## वि. सं. १८३१ श्रावण शुदि ७ को श्री अधिराजकुमार बहादुर शाहको रुक्कापत्र

**परिचय—**

यो रुक्कापत्र श्रीअधिराजकुमार बहादुर शाहबाट धौकलसिंहका नाउँमा लेखिगएको हो । यसमा ज्ञानदेउ धामीको सापटी रुपियाँ भरिदेऊ भन्ने कुरा छ । मुकाम नुवाकोट छ । यो पत्रको सक्कल नुवाकोट धामीसँग छ ।

### श्रीदुर्गासहाय

**स्वस्ति श्रीमन्महाराजाधिराजकुमार श्रीमद्‌वाहादुरसाह-कस्य रुक्का**

आगे धौकलसिह प्रति आहां हामीले वस्ता षर्च गर्न लियाका रुपैया साढे १२।। बाह्र ज्ञानदेउ धामिका सापट गरि काम चलाञाथ्यौं इ रुपैया आहा आयाका षर्चमाहा दिया इ भयैन तस्कारण ताहां रुक्का गरी पठायाको हो साढे बाह्र १२।। रुपैया ज्ञानदेउ धामिका चाडो गरी भरिदेउ गर्ज माहां सापट लियाका हुन् सर्वथा इ सम्वत् १८३१ श्रावण शुदि ७ रोज १ मुकाम नुवाकोट शुभम्—

**टिप्पणी—**

यी बहादुर शाह श्री ५ पृथ्वीनारायणका छोरा श्री प्रतापसिंहका भाइ हुन् । वि. सं. १८३४ मा प्रतापसिंह स्वर्ग हुँदा प्रतापसिंहका छोरा रणबहादुर बालक थिए । राज्यभार राजमाता राजेन्द्रलक्ष्मीले चलाउनुपरेको थियो । त्यस वेला यिनै देवर बहादुर शाहका सल्लाहबाट राज्य चलाइएको थियो । पछि देवरभाउज्यूको परस्पर वैमनस्य हुन जांदा केही काल यी बहादुर शाह विदेशिनुपरेको थियो । राजेन्द्रलक्ष्मीको देहावसानपछि बहादुर शाहले फेरि आई राजकाज चलाए । यसपछि यी बहादुर शाहले नेपाल राज्य पश्चिममा सतलजसम्म बढाइदिएका थिए ।

यी बहादुर शाह यस वेला नुवाकोटमा थिए भन्ने यस पत्रबाट थाहा हुन्छ । बहादुर शाहलाई नुवाकोटमा रहंदा खर्चले गर्ज परेको रहेछ । सो गर्ज टार्न बहादुर शाहले नुवाकोटका धामी ज्ञानदेउसँग सांढे १२ रुपियाँ सापट लिई खर्च चलाएका रहेछन् । यो साढे १२ रुपियाँ भनेको अहिलेको जस्तो रुपियाँ थिएन । त्यस वेलाको साढे १२ रुपियां भनेको ठूलो कुरो थियो । यसको ठीक शयवर्षपछि जङ्गबहादुरका पालामा १ रुपियांले १ मुरी धान पाइन्थ्यो भन्ने कुरा वि. सं. १९३१ को जङ्गबहादुरको रुक्कापत्रबाट थाहा हुन्छ* । यसैले अनुमान हुन्छ बहादुर शाहका पालामा साढे १२ रुपियाँले कति मुरी धान पाइंदो हो ।

यस पत्रमा उल्लिखित धौकलसिंह साँगाचोकको लडाईमा वीरगति हुने शिवरामसिंह बस्नेतका कान्छा छोरा हुन्★ । यी धौकलसिंह यस वेला कहाँ थिए यो कुरो यस पत्रबाट थाहा हुन सकेन ।

(*) प्राचीन नेपाल अंक ७ को ३१–३३ पृष्ठ

(★) संस्कृत सन्देश १ वर्ष ५ अंक ४ पृष्ठ

## वि. सं. १८३२ ज्येष्ठ शुदि ८ को श्रीप्रतापसिंह शाहको रुक्का लालमोहर

**परिचय—**

यो रुक्का लालमोहर श्री ५ प्रतापसिंह शाहबाट पश्चिम १ नंम्बर नुवाकोट धामीलाई लेखिगएको हो । यसमा नुवाकोटदरबार चांडो छाउनू भनी लेखिएको छ। यसको सक्कल नुवाकोट धामीसँग छ ।

श्रीदुर्गासहाय

**स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का**

आगे धामी प्रति ताहांको दर्वार छाउन्या धामि षलकको भारा हो षर किन्न रुपैया नौ ९ नांग्या षतृहरू हात पठाइदियाको छ षर किन्न्या छन् त्यो दर्वार चांडो छाइदेउ सर्वथा ३ इति सम्वत् १८३२ साल ज्येष्ठ शुदि ८ रोज ३ शुभं

## वि. सं. १८३३ ज्येष्ठ वदि ९ को श्री ५ प्रतापसिंह शाहको रुक्का लालमोहर

**परिचय—**

यो रुक्का लालमोहर श्री ५ प्रतापसिंह शाहबाट पश्चिम १ नम्बर नुवाकोटका ज्ञानदेउ धामीलाई लेखिगएको हो । यसमा गाउँ व्यांसीको दरबारको व्यवस्था गर्ने बारेको कुरा छ । यो पत्रको सक्कल नुवाकोट धामीसँग छ ।

श्रीदुर्गासहाय

**स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का**

आगे ग्यन्देउ धामिप्रति ताहा दर्वार छाइंया कि छायाको छैन नछायाको भया तेरो षलक डको लैजाकन गाउँव्यासिका दर्वार जाहा छावन पर्न्या छ चाडो गरि छाव बाकि गाव दर्वारका वरिपरि पनि फमक गरि प्रगलाई नजिक गरी प्रगेलनु छैन प्रगेल्याका ठाउंमा कसिगर पात राषनु छैन चाडो गर इति सम्वत् १८३३ साल जेष्ठ वदि ९ रोज १ शुभम्

**टिप्पणी—**

वि. सं. १८३१ मा श्री ५ पृथ्वीनारायणको देहावसान भएपछि पृथ्वीनारायणका जेठा छोरा प्रतापसिंह शाहले राजगद्दी ग्रहण गरे । यी प्रतापसिंहका पालामा सुखीमसंग नेपालको गडबडी भएको थियो । सो गडबडीलाई प्रतापसिंहले साम्य पारेका थिए । प्रतापसिंहका पालामा नेपाल राज्यको विस्तार हुन नपाउँदै प्रतापसिंहको स्वर्गवास भयो ।

श्री ५ प्रतापसिंहबाट नुवाकोटका धामी ज्ञानदेउका नाउँमा लेखिगएका माथिका दुइ लालमोहरमा नुवाकोट गाउँ व्यांसीका दरवार छाउनानिमित्त खर किन्न ९ रुपियां पठाएको तथा चांडै छाइसक्नू भनी ताकिता भएको उल्लेख छ। यसबाट यस ताका नुवाकोट व्यांसीमा पनि दरवार बन्न लागेको रहेछ भन्ने स्पष्ट छ। नुवाकोट व्यांसीको दरवार खरले छाइएको थियो भन्ने कुरा माथिको पत्रले थाहा भएको छ ।

## वि. सं. १८३५ आषाढ शुदि ११ को श्री ५ रणबहादुर शाहको रुक्का ललामोहर

**परिचय—**

यो रुक्का लालमोहर श्री रणबहादुर शाहबाट पश्चिम १ नम्बर नुवाकोटका कृष्ण धामीका नाउँमा लेखि गएको हो । यसमा संक्रान्ति खर्चमा निमित्त चामल पठाइदेऊ भनी लेखिएको छ । यो पत्रको सक्कल नुवाकोट धामीसंग छ ।

श्रीदुर्गासहाय

**स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का**

आगे कृष्ण धामी प्रति संक्रान्तिका षर्चकन चावल मुरि १० तम्रा धामी षलक डको भारा गरि चावल वोकायर सनिसर वारका दिन चावल काठमाडौं आइपुगन्या गरि पठाउ इति सम्वत् १८३५ साल आषाड सुदि ११ रोज १ शुभम्

## वि. सं. १८४३ मघ वदि १० को श्री ५ रणबहादुर शाहको लालमोहर

**परिचय—**

यो लालमोहर श्री ५ रणबहादुर शाहबाट संन्यासी गिरिधर भारती हरिवन गजराज गिरीका नाउँमा लेखिगएको हो । यसमा मुलुकभरका संन्यासीको रकम दण्ड कुण्ड अपुताली भात भान्सा आदिको व्यवस्था तथा महन्त्याइँ बाँधिएका कुरा छन् । यो पत्रको सक्कल नुवाकोट धामीसंग छ ।

श्रीदुर्गासहाय

स्वस्ति श्री गौरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज रणबहादुर साहबहादुर सम्सेर जङ्ग देवानाम्सदा समरविजयीनाम् आगे महंत गिर्द्धर भार्तिके हरिवन गजराज गिरिके भेरिपूर्व माहानदि पश्चिम हाम्रा भरमुलुकमा संन्यासिको रकम् दंडकुण्ड मोरो अपुतालि षत् छित् जातको भात भान्सा जोजो अम्वलि दारका अम्वलमा संन्यासि हुन् षत्छित्मा चौथाइ अपुतालि चाद्रायिनमा दसउंद अमालिले षानु रकम चल्न दिनु माझि दनवार कुमाल दरै हाइ चेवां थामि एतिले परापूर्वका रितसंग महंत मंडलि मान्नु संन्यासि भित्रको रितिथिति परापूर्वदेषि भैआयाको चौताराका महंतका विर्ता वाहिक सर्व कलम्को महंत्याई नंडल्याइ वक्स्युं आफ्ना षातिर्जामासित माम्ला गरि भोग्य गर ईति सम्वत् १८४३ साल मिति माघ वदि १० रोज १ मोकाम काठमाडौं शुभम्

| | |
|---|---|
| मारफत रणजित पांडे | रुजु वलभद्र साह |
| मारफत सिवनारायण षत्री | रुजु अभिमान सिंह |
| | रुजु हरिवंस |
| | रुजु वम्साह |

## वि. सं. १८४७ चैत्र शुदि ६ को श्री ५ रणबहादुर शाहको रुक्का लालमोहर

**परिचय—**

यो रुक्का लालमोहर श्री ५ रणबहादुर शाहबाट पश्चिम १ नम्बर नुवाकोटका कृष्ण धामीका नाउँमा लेखिगएको हो । काजी रणसुर पांडे दामोदर पांडे खटाइ पठाएको छ उनीसंग बसी जे जे गर्नुपर्ने काम अडकाउ नगरी कोटको काम चांडै सिद्धयाउनू भन्ने कुरा यस पत्रमा लेखिएको छ । यो पत्रको सक्कल नुवाकोट धामीसंग छ ।

श्रीदुर्गासहाय

**स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का**

आगे कृष्ण धामीप्रति ताहा कोटको काम गर्नकन कर्मि पनि आया ताहां माटो चिर्पट पानी तला छापनु तिम्रा घोडा लाग्यो ' ताहां काजि रणसुर पाडे दामोदर पांडेसंग वसि ज्याज्या गर्नुपर्न्या काज षट्टा नगरि चांडो सिद्ध गर्नुपर्छ वर्ष लाग्यो यहि साल सिध्यावनु छ इति सम्वत् १८४७ साल चैत्र शुदि ६ रोज ७ मुकाम कान्तिपुर शुभम्

## वि. सं. १८४९ मार्ग शुदि ४ को श्री ५ रणबहादुर शाहको रुक्का लालमोहर

**परिचय—**

यो रुक्का लालमोहर श्री ५ रणबहादुरशाहबाट पश्चिम १ नम्बर नुवाकोटका कृष्ण धामीका नाउँमा लेखिगएको हो । नुवाकोट दरवार बनाउना निमित्त अमरसिंह थापा डिठ्ठा लक्ष्मी नारायणलाई खटाई पठाएको छ । तिमी तीन जना भई काम ताकितीसाथ गर भन्ने कुरा यस पत्रमा लेखेको छ । यो पत्रको सक्कल नुवाकोट धामीसंग छ ।

श्रीदुर्गासहाय

**स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का**

आगे कृष्ण धामीप्रति नुवाकोटको दर्वार वनाउन अमरसिं थापा सुवेदार लक्ष्मिनारायण डिठालाई पठायाको छ तिमि तिनै जना वसि ज्याज्या काम गर्न्या हो सो ताकित गरि काम गर तिम्रा धामीषलकले पनि पानी भर्नु माटो मोछनु षट वांधनु अरू ज्याज्या काम परि आयाको काज गर ईति सम्वत् १८४९ साल मार्ग शुदि ४ रोज ७ शुभम्

**टिप्पणी—**

यी रणबहादुर शाह श्री ५ प्रतापसिंह शाहका छोरा हुन् । वि. सं. १८३४ मा प्रतापसिंह शाहको मृत्यु भए-पछि यी रणबहादुर शाह राजगद्दीमा बसेका हुन् । तर त्यस बेला रणबहादुर शाह नाबालक थिए । नाबालक राजाबाट राजकाज चलाउन सम्भव थिएन । त्यसैले अरू राजप्रतिनिधि भई राजकाज चलाइएको थियो । नुवाकोटका कृष्ण धामीलाई लेखेको वि. सं. १८३५ आषाढको रुक्कापत्रमा संक्रान्तिको खर्चका निमित्त चामल झिकाइएको कुरा छ । सो साउने संक्रान्ति चाडको पर्व हो । सो पर्व आजसम्म मनाई आइरहेको छ । उक्त पत्रबाट त्यसताका विशेष खजाना नुवाकोट दरबारबाट आउँदो रहेछ भन्ने बुझिन्छ । वि. सं. १८४३ माघमा महन्त गिरिधर भारतीलाई गरिदिएको महन्त्याइँ मण्डलीको लालमोहरमा भेरीपूर्व महानदी पश्चिमपट्टि संन्यासी रकम कलमको अखत्यारी दिएको कुरा छ । यसबाट वि. सं. १८४३ मा नेपालराज्यको विस्तार पश्चिममा भेरी पुगिसकेको स्पष्ट प्रमाणित हुन्छ । तिनताक संन्यासी महंतको प्रभाव राजदरबारमा राम्रोसंग परिसकेको थियो । त्यसैको फलस्वरूप रणबहादुर स्वामी निर्वाणानन्दको नामले संन्यासी बनेका थिए । नुवाकोटका कृष्ण धामी-लाई लेखेको वि. सं. १८४७ को पत्रबाट नुवाकोटमा कोट मरमत गरेको र वि. सं. १९४९ को पत्रबाट नुवा-कोट दरवारको मरमत गरेको प्रमाणित हुन्छ । यस बेला बहादुर शाह नायबी थिए । रणबहादुरको नाममा बहादुर शाहबाट राजकाज चलाइएको थियो ।

## वि. सं. १८५७ को श्री देवकन्याले राखेको घण्टाभिलेख

**परिचय—**

वि. सं. १८५७ मार्ग शुक्ल १५ मा त्रिभुवन सचिवकी पत्नी श्री देवकन्याले नुवाकोट भैरवीलाई चढाएको घण्टामा रहेको यो अभिलेख हो । यो घण्टा भैरवी-स्थानमा छ ।

स्वस्ति श्री ३ भैरव्यै नमो नमः ।। ।। श्रीशालि-वाहनीयशके युग्मनयनाश्वेक १७२२ मिते प्रजापतिसंवत्सरे श्रीसूर्यदक्षिनायने हेमन्ततौ मार्गशीर्षमासे शुक्लपक्षे पूर्णि-मायां पुण्यतिथौ सोमवासरे रोहणीनक्षेत्रे सिद्धियोगे वव-करणे वसुमुहूर्त्ते वृश्चिकराशिस्थिते सवितरि वृषराशिस्थिते चंद्रे कर्कटराशिस्थिते देवगुरावन्येषु ग्रहेषु यथा स्थान स्थितेषु श्री भैरवीदेवताप्रीतये काश्यपगोत्र श्री त्रिभुवनसिंह सचिवपत्न्या श्रीदेवकन्यानामवत्या समर्पितैषा सोपकरण-घण्टा ।। इति श्रीविक्रमार्कसंवत्सरे १८५६ श्रीनेपाल सम्वत ९२१ शुभमस्तु ।। तवल धार्नि १ श्रीमहामाया सहायः ।। थ्व घण्टा ज्या याकह्म व्यापारी यलदेस नकवाहालया श्रीतओधिकजु पुत्र श्री धनवृद्धिजु शुभः ।। ।।

**अनुवाद—**

स्वस्ति श्री ३ भैरवीलाई नमस्कार । श्रीशालिवाहन-शाके १७२२ प्रजापतिसंवत्सरमा श्रीसूर्य दक्षिणायन भएको वेलामा हेमन्त ऋतुमा मार्ग महीना शुक्ल पक्ष पूर्णिमाको पुण्यतिथिमा सोमवारमा रोहिणीनक्षत्र सिद्धियोग ववकरण वसुमुहूर्तमा वृश्चिकराशिमा सूर्य वृष राशिमा चन्द्र कर्कट-राशिमा बृहस्पति अरू ग्रह यथास्थानमा रहेका वेलामा श्रीभैरवीदेवी प्रीतिका निमित्त काश्यपगोत्रका श्रीत्रिभुवन-सिंह सचिवकी पत्नी श्रीदेवकन्याले सामानसहित यो घण्टा चढाइयो । इति श्री विक्रम संम्बत् १८५६ श्रीनेपाली संवत् ९२१ शुभ होस् । तौल धार्नी १ श्रीमहामाया सहाय । यो घण्टा बनाउने व्यापारी पाटन नकबहालको श्रीतओधिकजुको छोरा श्री धनवृद्धिजु शुभ ।। ।।

**टिप्पणी—**

यी त्रिभुवन पाटने काजी धनवन्तका नाति हुन् । त्रिभुवनको बाबुको नाउँ वीरनरसिंह हो । वि. सं. १८६१ मा शेरबहादुर शाहद्वारा रणबहादुर शाह यिनैको घरमा मारिएका थिए । शेरबहादुर शाहको मतियारको दोष लगाई भीमसेन थापाले यी त्रिभुवन काजीलाई मराएका थिए । यी खवास प्रधान हुन् । (पूर्णिमा १२ अंक ४८ पृष्ठ, १८ अंक १२३ पृष्ठ) ।

## वि. सं. १८५८ को दामोदर पांडेले राखेको घण्टाभिलेख

**परिचय—**

वि. सं. १८५८ आषाढ शुक्ल ४ मा मन्त्री दामोदर पांडेले स्वास्नी छोरासहित भई नुवाकोट भैरवीलाई चढाएको घण्टामा रहेको अभिलेख हो । यो घण्टा नुवाकोट भैरवीस्थानमा छ ।

वर्षेऽष्टेन्द्रियनागभूपतिमिते १८५८ श्रीविक्रमीये रवौ
कर्कस्थे शुचिमासि भौमदिवसे शुक्ले चतुर्थ्यां तिथौ
पत्न्या साकमयोध्यया ससुतया श्रीभैरवीप्रीतये
घंटैषा सचिवेन रम्यनिनदा दामोदरेणार्पिता ।।१।।
ज्येष्ठः श्रीकरवीरसंज्ञक उमापादारविन्दार्चको
(वि) ख्यातो रणजङ्ग इत्यभिधया तस्यानुजो वीर्य्यवान्
युद्धे शूरस्सतो रणदलः श्रीकीर्तिवम्संज्ञक
स्तस्माच्छ्रीललितादिवम्म इति तत्पुत्रारिपुत्रा सदा ।।२।।

अनुवाद—

विक्रम संम्वत् १८५८ कर्कटमा सूर्य बसेका बेला आषाढ शुक्ल चतुर्थी तिथिमा पत्नी अयोध्या र छोरा सहित भई श्रीभैरवी प्रीतिका निमित्त मन्त्री दामोदरले यो राम्रो आवाज आउने घण्टा चढाइयो। तिनका छोरा जेठा पार्वतीको चरणकमललाई पूजा गर्ने श्रीकरवीर, तिनका भाइ पराक्रमी प्रख्यात, रणजङ्ग, युद्धमा शूरा सज्जन रण दल, श्रीकीर्तिवम श्रीललितवम थिए।

टिप्पणी—

यी दामोदर पांडे भीमराज पाँडेका नाति काजी कालु पांडेका छोरा हुन्। यिनको जन्म वि सं. १८०८ मा भएको हो। पृथ्वीनारायणका पालादेखि यिनले वीरत्वको काम गरिआएका थिए। वि. सं. १८४३ मा बहादुर शाहले पश्चिम विजयको काम गर्दा यिनले पनि काम गरेका थिए। वि. सं. १८४८ मा नेपालले भोटमा आक्रमण गर्दा दिगर्चाको युद्धमा पनि यिनले विशेष काम गरेका थिए। वि. सं. १८४९ को नेपाल चीनयुद्धमा पनि यिनले विशेष काम गरेका थिए। वि. सं. १९६० मा रणबहादुर काशीबाट फर्केपछि यी दामोदर पांडे मारिए। यिनका छोरा करवीर, रणजङ्ग, रणदल, मुग्लान पसे। (पूर्णिमा २० अंक ३२० पृष्ठ)

---

**प्राचीन नेपाल अंक ९ को पृष्ठ २९ पंक्ति १५ मा योगप्रकाश मल्लको ताडपत्र मूलमा श्रीश्री जय योगप्रकाश हुनुपर्नेमा योग छूट भै जय प्रकाश मात्र भएकोले संच्याई पढ्न अनुरोध छ।**

**शंकरमान**

# लिच्छविकालीन केही ब्रम्हाका मूर्तिहरू

*बाबुकृष्ण रिजाल*

वैदिक कालदेखिनै ब्रह्मा हिन्दूहरूका लागि एक अत्यन्त प्रख्यात देवताको रूपमा देखापरेका छन् । ऋग्वेदमा यी देवतालाई विश्वकर्मा ब्राह्मणस्पति, हिरण्यगर्भ, प्रजापति ब्रह्मा आदि नामबाट सम्बोधन गरिएको पाइन्छ ।

वैदिक कालमा ब्रह्माको काम जगत्को सृष्टि गर्नु तथा यज्ञको संचार गर्नु रहेको छ । शतपथ ब्राह्मणको भनाइअनुसार प्रजापतिले पृथ्वीको रक्षा गर्ने मत्स्य कच्छप वराहको अवतार लिएका थिए । यी अवतारहरू लिएको श्रेय पछि पौराणिक कालमा विष्णुलाई दिइयो ।

मुण्डक उपनिषद्मा ब्रह्माको पहिलो पटक स्पष्ट रूप देखाइएको छ यसअनुसार ब्रह्मा देवताहरूमा पहिलो विश्वको सृष्टि गर्ने र जगत्को पालन गर्ने—"ब्रह्मा देवानां प्रथमः संबभूव विश्वस्य कर्ता भुवनस्य गोप्ता" भनेर लेखेको छ । मनुस्मृतिले पनि ब्रह्मालाई "सर्वलोक पितामहः" भनेर सम्बोधन गरेको छ ।

भारतवर्षमा भक्तियुगको प्रादुर्भाव भएपछि वैदिक देवताहरूको महत्व धमाधम लोप हुन थाल्यो । शिव तथा विष्णुको महत्व ज्यादा बढ्न गयो । शिव तथा विष्णुको जस्तो ब्रह्माको कुनै आफ्नो संप्रदाय खडा हुन सकेन । तर यसो भए तापनि भारतवर्षमा अरू देवी देवताहरूको जस्तै ब्रह्माको पनि अनेक मूर्तिहरू बने । यी देवतालाई बौद्ध तथा जैनहरूले समेत आफ-आफ्नो पारिवारिक देवताको रूपमा ग्रहण गरेका छन । हिन्दूहरूले ब्रह्माबाट शिव तथा पार्वतीको विवाह गराएर सृष्टि रचेको कल्पना गरे । बौद्धहरूको विश्वासअनुसार गौतम बुद्धको जन्म हुनासाथ उनलाई पृथ्वीमा ग्रहण गरे र ब्रह्माले विश्वको रक्षा गरे । जैनहरूले पनि ब्रह्मालाई शीतलनाथको साथमा रहने यक्ष या दिक्पालको रूपमा ग्रहण गरेका छन् ।

यसप्रकार पौराणिक कालपछि शिव तथा सावित्रीको श्राप परेर ब्रह्माको मूर्तिलाई स्वतन्त्र रूपमा मन्दिर बनाएर पूजा गर्ने चलन छोडे तापनि जन साधारणको हृदयबाट ब्रह्माको महत्व घट्न गएको देखिदैन, भारतमा ब्रह्माको सबभन्दा महत्वपूर्ण तथा प्रख्यात मन्दिर अजमेर नजीकैको पुष्कर तीर्थमा बनेको छ । यहां ब्रह्मालाई पूजा गर्ने र भक्ति दर्शाउने भक्तहरूको भीड हमेशा लागिनै रहन्छ ।

ब्रह्माको सबभन्दा प्रचलित मूर्ति बनाउने विधान वृहत्संहितामा पाइन्छ । जसअनुसार ब्रह्माको हातमा कमण्डलु हुनु, चतुर्मुख धारण गरेर कमलको आसनमा बस्नु—"ब्रह्मा कमण्डलुकरश्चतुर्मुखः पङ्कजासनस्थश्च" वृहत्संहितामा ब्रह्माको कति हात हुनुपर्छ र यी देवताले कमण्डलुबाहेक के के आयुध धारण गर्नुपर्छ भन्ने कुराको उल्लेख छैन । यस्तो हुनुको कारण प्राचीन कालमा यी देवता शायद दुइ हात मात्र भएका बोधिसत्वको रूपमा कल्पना गरिएका थिए होलान्, जसको एक हातमा कमण्डलु र अर्को हात अभयदानको रूपमा देखाएको होस् । जेहोस् ब्रह्माको सबभन्दा प्राचीन मूर्ति कुषाण कालदेखिको मात्र पाइएको छ जुन भारतको मथुरा संग्रहालयमा राखिएको छ । कुषाण कालमा बनेका ब्रह्माको मूर्तिमा यी देवतालाई चतुर्मुख चतुर्वाहु तथा जटामुकुट भएका देखाइएको छ ।

नेपाली कलाको शुरूआत कैलेदेखि भएको हो निश्चित रूपले भन्न गाह्रो छ । यहां कलाको क्रमबद्ध

इतिहास केवल ई. ५ शताब्दीदेखिको मात्र पाइन्छ । तर द्वितीय तथा तृतीय शताब्दीका लिच्छविकालको भन्दा भिन्नै ढांचामा बनेका केही मूर्ति हाल पुरातत्त्व विभागअन्तर्गतको छाउनीस्थित राष्ट्रिय संग्रहालयमा प्रदर्शित गरिएका छन् जसको आधारमा यति भन्न सकिन्छ नेपालमा पनि भारतमा जस्तै भक्तियुगको प्रादुर्भाव भएपछिनै मूर्तिकलाको शुरूआत हुन गएको छ जुन प्रामाणिक इतिहास शुरू भएको समयभन्दा अधिको छ । नेपालको इतिहासलाई प्रामाणिक आधारमा मानदेवभन्दा अगाडि पुर्‍याउन सकिएको छैन तसर्थ राष्ट्रिय संग्रहालयमा रहेको मूर्तिलाई किरातकालीन भन्न नसके तापनि नेपालमा मूर्तिकलाको शुरूआत भारतबाट समुद्रगुप्तले लखेटेपछि नेपालमा आएका लिच्छविहरूबाट मात्र भएको हो भनी मान्न सकिंदैन ।

भारतमा जस्तै नेपालमा पनि कुषाण कालदेखिकै ब्रह्माका मूर्तिहरू नपाइए तापनि नेपालमा द्वितीय शताब्दीको यक्षवोधिसत्वको मूर्ति र मथुराको समकालीन घटनागको मूर्ति पाइसकिएको छ । ★ ५ देखि ८ शताब्दीभित्र बनेका कैयौं देवी देवताका मूर्तिहरू पाइन्छन् जसमध्ये तीन प्रख्यात ब्रह्माका मूर्तिहरूको यहां वर्णन गरिन्छ ।

लिच्छविकालीन अभिलेखसहितको सबभन्दा महत्व-पूर्ण ब्रह्माको मूर्ति चाँगागाउँस्थित वकुटोलमा राखिएको छ । यो मूर्ति खँरो रङ्गको बलौटे ढुङ्गामा प्रभावमण्डल सहित कुंदिएको छ । यसलाई छुट्टै यौटा जलद्रोणिमाथि राखिएको छ । संपूर्ण शिलापट्टको माप $21\frac{1}{2}'' \times 12\frac{1}{2}''$ को छ र मूर्तिको मात्र उचाइ चाहिं १४" छ । यो मूर्तिलाई स्थानीय जनताहरू जोलेश्वर महादेव भनी पूजा गर्दछन् । यो मूर्तिको मुख ३ छ जुन डाँठसहितको फुलेको कमलका योगमुद्रामा राखिएको छ । मूर्तिको दुइ हातमध्ये दाहिने हातमा अक्षयमाला र बायाँ हातमा अमृतघट लिएको देखिन्छ । शायद अक्षयमाला लिएकै हातले पुस्तक पनि लिएको र अमृतघट लिएको हातले श्रुव पनि ग्रहण गरेको जस्तो देखाइएको छ । दायां बायां तर्फको शिरमा केवल साधारण जटा मुकुट देखा-इएको छ, तर बीचको शिरमा चाहिं जटा मुकुटमाथि व्याघ्रमुखी किरीट, मुकुट लगाइदिएको छ । मध्यभागको मुखमा दाह्रीको सट्टा जुङ्गा भएको देखाइएको छ । शरीरमा देब्रे कुमबाट छातीसम्म झर्ने गरी मृगजिन लाएको छ । यज्ञोपवीत कटिसम्म झरेको छ जुन नाभिमुनि दुइ सुर्काउने पारेर बांधेको कटिबन्धनमा विलीन भएको छ । मूर्तिको नारीमा केवल साधारण किसिमको गोलो बालाबाहेक अरू कुनै गहना लगाइदिएको छैन । जीउको कटिभन्दा माथिको भाग खुला राखेर पुष्ट शरीर देखाएको छ । शरीरको तल्लो भागमा साधारण बुट्टाको पारदर्शी धोती छ जुन घुंडाभन्दा मुनिसम्मै झरेको छ । कमलासनमुनिको डाँठको दायां बायां एक एक भक्त भक्तिनीहरू छन् जसको हात नमस्कार गरेको र माल्यार्पण गरेको मुद्रामा छ । मूर्तिको पछाडिपट्टि रहेको चार कुने आकारको शिलापट्टको दायांतिरको भागमा पुष्पलता र मकरमुख छ र बायांपट्टिको भाग फुटिसकेको छ । मूर्तिको शिरको पछाडि अण्डाकार प्रभामण्डल छ जुन बिलकुल सादा भएकोले तेजोमण्डल जस्तो देखिन्छ । कमलासनको मुनितिर लिच्छवी अक्षरले "कुवेर गुप्त" "अनीक गुप्त" भनेर लेखेको छ ।*

ब्रह्माको अर्को महत्वपूर्ण मूर्ति देवपाटनमा छ । यो पशुपतिबाट बौद्धतिर जाने मूल सडकको पश्चिमतिर अलिकति ओर्लेपछि खेतमा चौतारोमाथि राखिएको छ । यो मूर्ति करीव २ फुट अग्लो छ र गाढा कालो खरानी रङ्गको बलौटे ढुङ्गाबाट बनेको छ । मूर्तिलाई कलाकारले चारैतिरबाट हेर्न हुने गरी चतुर्मुखी बनाएको छ । चारैतिरको शिर जटा मुकुटले युक्त रहेको र शिरोभागलाई छुट्टचाउन कुमसम्म लट्केको तीन लहरे जटा देखाएको छ । मुखमा कतै पनि दारी जुङ्गा देखाएको छैन । गहनाको नाममा पनि घाँटीनिरै एक लहरे मोतीको माला लगाइदिएको छ । त्यसपछि दुइ लहरे बाटिएको यज्ञोपवीत र झन्डै मूठीभरको उदरबन्द–जसको दायां बायां कटिमा सुर्काउने पारेको छ–लगाइदिएको छ । धोती पारदर्शी छ र यसका फुर्काहरू पछिल्तिरको फिलाका दायांबायांपट्टि मुजा परेर झरेका छन् । मृगाजिन कुममा राख्नुको सट्टा कमला-सनको माथि ओछ्याएर राखेको छ । मूर्तिको केवल २

★ हेर्नुहोस् 'प्राचीन नेपाल' अक ४, पृष्ठ ३७–३९

* यस मूर्तिका सम्बन्धमा नेपाली ललितकला संस्थानको "नाफा आर्ट मेगेजीन १९७०" मा प्रकाशित श्री रमेशजङ्ग थापाको लेख मननयोग्य छ ।



चतुर्मुखी ब्रह्मा, देवपत्तन (गाइने टोल)।



चतुर्मुखी ब्रह्मा आर्याघाटपारी, देवपत्तन।

हात छ । दायां हातमा अक्षमाला र बायां हातमा कमण्डलु राखिदिएको छ । यति राम्रा योगासनमा बसेका ब्रह्मालाई हाल कसैले पूजा गर्दैन । (फलक नं. ५ क)

लिच्छविकालको अन्तिम तर ज्यादै राम्रो एक अर्को ब्रह्माको मूर्ति पशुपति आर्यघाटबाट मृगस्थलीतिर जांदा खुड्किलाको उत्तरतिर पर्ने भित्ताको एक खोपामा देखिन्छ । राम्रो स्याहार गर्न नसक्नाले यो मूर्तिको शिलापट्टको बायां भाग फुटिसकेको छ । केवल दायां-पट्टिको भागमा हिमालयको कन्दरामा रहेर तपस्या गर्दा गर्दा कङ्काल शरीर भएका दुई ब्रह्मर्षिहरूको चित्रण गरिएको छ । मूर्तिको शिलापट्टको माप १२" × १२" को छ । यसको बलौटे ढुङ्गा पनि देवपाटनका ब्रह्माको जस्तै गाडा कालो खरानी रङ्गको छ । यो मूर्तिमा ब्रह्मा प्रफुल्ल कमलासनमा योगमुद्रामा बसेका छन् । देवताको तीन मुख छ र शिरमा कलात्मक किसिमको जटा मुकुट छ । गालामा रत्नग्रीवाबाहेक अरू कुनै गहना छैन । देब्रेपट्टिको कुमबाट मृगको टाउको र खुट्टा सहितको मृगाजिन लट्केका छ । त्यसपछि साधारण खालको यज्ञोपवीत काखसम्म झरेको छ ।

वस्त्र शरीरको तल्लो भागमा मात्र लगाएको छ । यी ब्रह्माको पनि चापागाउँको ब्रह्माको जस्तै उदर बन्ध नभएर केवल नाभिमुनि सुर्काउने पारेर कटि बन्ध लगाएको देखिन्छ । यो ब्रह्माको मूर्तिमा चांहि देवताको हात चार देखाइएको छ जसको आयुध माथि उठेका दायां हातमा क्रमशः अक्षमाला र पुस्तक रहेको छ र तलका दुइ हातमध्ये दाहिने हातमा कमण्डलु र बायां हातमा स्रुव लिएको देखिन्छ । दाहिनेतिरको तल्लो हात अलि फुटेको हुनाले कमण्डलु स्पष्ट चिनिदैन ।

ब्रह्माका दाहिनेपट्टिको शिलापट्टमा देखाइएका ब्रह्मर्षि-हरूमा तल रहेका चाहिं प्रलम्ब पादासनमा रहेका र माथिका चांहि ऋषि भर्खर हिमालयको कन्दराबाट निस्कन लागेका हुनाले कटिभन्दा माथिको भाग जिउ मात्र देखिन्छ । ऋषिहरूको पनि हातमा जपमाला र अमृतघट देखाइएको छ । (फलक नं. ५ ख)

# नेपाली कलामा बुद्धजीवनी

*पं. हेमराज शाक्य*

काठमाडौं उपत्यकाभित्र बुद्ध बोधिसत्व अवलोकितेश्वर आर्यताराका प्रस्तरमूर्ति यत्रतत्र देख्दछौं । परन्तु बोधिसत्व जीवनकालमा गरिएका जातककथासम्बन्धी शिलामा बौद्धकिन्नरीजातक कथा उत्कीर्ण गर्न लगाइएको एउटा प्रमाण* सिवाय अरू देखापर्दैन भने पनि अत्युक्ति हुँदैन । चित्रकला भन्ने बौद्ध कला प्रदर्शनी [ बहिद्यो ] देखाइने वेला बौद्धविहारमा—विश्वन्तर, महासत्व, कवीरकुमार, मणिचूडराज एवं शृङ्गकेतु राजा आदिको जातककथा उल्लिखित सुन्दर चित्रकला अंकित तुलापौ, विलंपौ, पौवाहा प्रदर्शित गराउने चलन थियो★ । बुद्धजीवनीसम्बन्धी क्रमबद्ध घटना नदेखिए तापनि बुद्धचर्या भएको ठाउँको घटनालाई अनुस्मरण गरेर श्रद्धापूर्वक ठाउँ ठाउँमा प्रस्तरकला निर्माण गर्न लगाइएको निम्न लिखित प्रमाणबाट ज्ञान हुन्छ ।

(१) श्वेतकेतु बोधिसत्व ······ भिंछे वाहानन्नी ।

(२) लुम्बिनी बुद्धजन्म ······ देउपाटन सुनधारा✤

(३) महाभिनिष्क्रमण, साक्षिस्वरूप । छन्दक र अश्वसहित उपस्थित भएको बुद्धमूर्ति ······ भक्तपुर सिद्धपोखरीको उत्तरद्वारनेर ।

(४) बोधिवृक्षको मुनि बुद्ध ··· ··· ललितपुर आलुकोहिटी ।

(५) बुद्धप्रति मार आक्रमण ······ काठमाडौं यंगाहिटी●

(६) मुचलिन्दनागासन बुद्ध ······ बनेपा दथुटोल ।

(७) धर्मचक्रमुद्रा बुद्ध ······ ललितपुर गुईटोल ।

(८) बोधिसत्व उपचारिक सहित बुद्ध ······ ललितपुर चपटटोल ।

(९) स्वर्गावतरित बुद्ध ······ ललितपुर क्वन्तिवही ।

(१०) बुद्ध महापरिनिर्वाण ······ ललितपुर भिंछेवाहानन्नी ।

बुद्धजीवनी, जन्मैदेखि महापरिनिर्वाणसम्मको विषयलाई लिएर अद्यापि उपलब्ध हुन आएकोमा ललितपुर भिंछेवाहानन्नी स्थित चैत्यको वेदिकामुनि रहेको १२" × ८" इञ्च साइजको प्रस्तरको एउटा मात्र देखेको छु । यसमा पनि सन्तोषजनकरूपमा बुद्धजीवनीको प्रमुख घटनाहरू जम्मै उत्कीर्ण भएको देखिंदैन । केवल श्वेतकेतुबोधिसत्व, बुद्धजन्म, धर्मचक्र देशाटन एवं महापरिनिर्वाण यतिमात्र अङ्कित भएका छन् ।

प्रस्तरकलालाई छोडेर क्रमबद्ध इतिहासको कथनअनुसार एउटै ठाउँमा सन्तोजनकरूपमा राम्रै पंक्ति मिलाएर कलापूर्ण गरी कुंदिएको आजसम्मको अनुसन्धानद्वारा प्राप्त हुन आएको एउटै प्रस्तुत छ काष्ठपत्रमा उत्कीर्णित बुद्धजीवनचरित्र अन्दाजी १२ हात लामो भएको । यो ललितपुर लोकाकीर्ति महाविहार [ नकवहील ] प्रवेशद्वारको माथि रहेको पश्चिमाभिमुख कोटाझ्यालको झल्लरको रूपमा सुशोभित छ । यो बुद्धजीवनी काष्ठकलाको दृष्टिले विचार गर्‍यो भने अनुमानित १५ औं शताब्दीको

* पूर्णिमा वर्ष १ अंक २ ★ बौद्धकला अनुसन्धान, सितु पत्रिका ३ अक

✤ हाल पुरातत्व विभाग अन्तर्गतको राष्ट्रिय संग्रहालय, छाउनीमा ।

● हाल पुरातत्व विभाग अन्तर्गतको राष्ट्रिय संग्रहालय, छाउनीमा ।



बुद्धको जन्म ।



बुद्ध संन्यास ग्रहण ।



बुद्धले दुष्कर तप गर्दा निर्बल भएकोले देवपुत्रहरूद्वारा बलप्रदान गरिएको ।



बुद्धको महानिर्वाण ।

कलाको नमूना मान्न सकिन्छ । आजसम्म कुनै पनि विद्वान्ले नेपाली यस काष्ठमय बुद्धजीवनी कहीं उल्लेख गरे जस्तो लाग्दैन । एउटा आश्चर्यको विषय यो छ, नेपाल बुद्धको जन्मभूमि भएर पनि बुद्धजीवनीको चित्रण यसरी अनुक्रम मिलाई कुंदी राखिएको यही एउटाबाहेक अरू कतै प्रकाशमा आएको जस्तो लाग्दैन । यसरी यो अद्वितीय सुन्दर काष्ठकला लोकाकीर्ति महाविहारको अस्तित्व मात्र होइन नेपाली कलाका निमित्त पनि गौरवको विषय बनेको छ ।

प्रसङ्गवश उक्त काष्ठपत्रमा उत्कीर्णित कलात्मक बुद्धजीवनी घटनाक्रम १२ को संक्षिप्त विवरण यहां प्रस्तुत गरिदिएको छु ।—

[१] लुम्बिनी बुद्धजन्म, महामायादेवी शालभञ्जिका समाती शान्तिपूर्वक उभिइरहेकी। (फलक नं. ६ क)

[२] महाभिनिष्क्रमणपछि अनोमा नदी पार गरी स्वयं चूडाकर्म गरिरहेको दृश्य। (फलक नं. ६ ख)

[३] ज्ञान अन्वेषणका लागि तीर्थङ्करहरूको सत्संगतमा परी एउटा जंगलमा बसी आफ्नो शिरोपरि योगमुद्रा गरिरहेको अवस्था ।

[४] आखिर आरादकाराम, उदकरामपुत्र आदि तीर्थङ्करहरूको योगाभ्यासले पनि यथार्थ दु:खबाट मुक्त हुने सम्बोधिज्ञान प्राप्त हुने होइन भनी आफूलाई पूरा अनुभव भइसकेपछि, नैरञ्जना नदीका किनारमा बसी अनुत्तर बोधि प्राप्तिको लागि ६ वर्षसम्म दुष्करचर्या [आष्फानिक योग] गर्नुभयो । यसरी दुष्करचर्या गर्नुभएकोले सारै निर्बली भै प्राणान्तसंम भएको अवस्थामा स्वर्गबाट आई सर्वार्थसिद्ध कुमारका कञ्चट दुवैतिर ओजस्वी बल वृद्धि हुने पौष्टिक पदार्थ समाविष्ट गरिरहेको देखिन्छ। (फलक नं. ७ क)

[क] शुद्धोदन र गौतमी सहवास ।
[ख] यशोधराको उपोषधव्रत ।
[ग] " अन्त:पुर शय्यासन ।

[५] चार दिशा घुम्न जांदा एक शान्तभेष भिक्षु देखापरेको ।

[६] बोधिवृक्षमुनि बज्रासन गरेर बसिरहेको वेला मारको आक्रमण सम्बन्धी दृश्य ।

[७] ऋषिपत्तन मृगदा वनमा श्रावकबोधि धर्मचक्र प्रवर्तन गरिरहेको ।

[८] सात दिन सात ठाउँसम्म समाधिमा बसिरहेको वेला एक दिन घनघोर वृष्टि शुरू भयो । त्यस वेला शान्तिनायक भगवान् बुद्धको स्वागतार्थ मुचलिन्द नागराज आएर आरक्षा गरेको दृश्य ।

[९] तुषिता भुवनमा राज भएकी बुद्धजननी महामायादेवीलाई अभिधर्म विषय धर्मचक्र प्रवर्तन गरिसकेपछि, असंख्य देवपुत्र तथा अप्सराहरूसहित ६८ लाख योजन प्रमाणले विस्तार भएको दिव्य सोपानबाट ओर्लिएको समय देवराज इन्द्रले दिव्यछत्रद्वारा स्वागत गरेको भव्य जुलूसको बीच बुद्ध मर्त्यमण्डलमा अवतरित भएको दृश्य ।

[१०] आफ्नो जन्मभूमि कपिलवस्तु महानगर शुभागमन भएको समय आफ्नै पिता शुद्धोदन महाराजसंग कुशलवार्ता भइरहेको, पितापुत्र समागम भएको झलक ।

[११] बुद्धले गर्नुपर्ने सम्पूर्ण कार्यक्रम समाप्त भएपछि शालोद्यानमा नश्वर शरीरलाई उत्सर्ग गरेर परमानन्दपूर्वक महापरिनिर्वाण भइरहेको दृश्य । (फलक नं. ७ ख)

# वाभू तथा राजग्रामको भौगोलिक निर्णय

*मोहनप्रसाद खनाल*

"नेपाल मण्डलेश्वर" यक्ष मल्लको मृत्यु भएको करीब ३ वर्षपछि उनका एकजना छोरा रत्न मल्लले वि. सं. १५४१ मा पुस्तैनी अधिकार जमाएर शक्तिशाली भएका वैश्य महापात्रहरूलाई परास्त गरी कान्तिपुरमा एकलौटी शासन जमाउनुको साथै भक्तपुरको अधीनमा रहेको ललितपुरमा समेत आफ्नो प्रभाव फैलाएका थिए।

यसरी यक्ष मल्लका सन्तानमा कलहको बीउ रोपिंदा ललितपुरका एकजना महापात्र विष्णु सिंह स्वतन्त्र हुन पुगे। हुँदाहुँदै नेपाल उपत्यकाभित्रमानै पनि तीन स्वतन्त्र राज्यहरू खडा भए।

यी तीन राज्यहरूमा पनि एकले पाए अर्कोलाई सिध्याउने अझ कहिले त दुइ राज्य मिलेर एउटामाथि आइलाग्ने भएको हुँदा यहाँ देशरक्षाको लागि राज्यको मुख्य मुख्य ठाउँमा बलिया गढ परखाल तथा किल्लाहरू प्रशस्तमात्रामा बनाइएका हुन्थे। यस्ता खालका गढ, किल्लाहरूमा अर्को राज्यले अधिकार जमायो भने आफ्नो देशनै खतरामा पर्ने हुंदा गढ किल्लाहरूको त्यस ताका बढी सतर्कतासाथ रक्षा गरिएको हुन्थ्यो। यस प्रकारका महत्वपूर्ण किल्लाहरूमध्ये भक्तपुर राज्यको एक वाभू नामक किल्लाबारे संशोधन गर्नु आवश्यक भएको हुंदा निर्णय यहाँ दिइन्छ।

"लुभुबाट पाउभर जति पूर्वपट्टि सोमलिङ्गबाट आधा कोश जति उत्तरपट्टि ओभू पर्दछ। ओभू ठिमीबाट चाहिं आधा कोश जति नैर्ऋत्य दिशामा पर्दछ।'

[संशोधन मण्डलका सदस्य रामजी, तेवारी भोलानाथ पौडेल, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी र धनबज्र बज्राचार्यहरूद्वारा सम्पादित ऐतिहासिक पत्र संग्रह दोस्रो भागको पृष्ठ ५५ मा र इतिहास संशोधनको प्रमाण प्रमेयको पृष्ठ १५१ तथा ११० मा]

यो अशुद्ध छ।

**—कारण**

भक्तपुर राज्यको मुख्य किल्ला भएर रहेको वाभूलाई कान्तिपुरका शासकहरू प्रायः आँखा लगाउँदथे तापनि आफ्नो एकलो शक्तिलेमात्र कब्जा गर्न संभव नभएकोलेनै ललितपुर तथा गोरखाको सहायताले आक्रमण गर्दथे। वि. सं. १७६२ मा ललितपुरका राजा योगनरेन्द्र मल्ल वाभू कब्जा गर्न स्वयं फौज ली हिंडे, तीनतिरबाट वाभूलाई घेरियो। राजा योगनरेन्द्र मल्ल चाँगुमा गै बसे। भक्तपुरका राजा भूपतीन्द्र मल्ल छोरासहित बनेपामा सरे। वाभूमा अधिकार नजमाएसम्म दरबार नफर्कने विचार योगनरेन्द्र मल्लले गरेका थिए। त्यसैकारण यिनी दशैंमा पनि दरबार नगई चाँगुमानै बसेर उपाध्यायद्वारा नै जो गर्नुपर्ने दशैंको विधान गराए, तर अकस्मात् वि. सं. १७६२ कार्तिक शुक्ल एकादशी बुधवारका दिन योगनरेन्द्र मल्लको मृत्यु भयो। आफ्ना राजा अकस्मात् मरेकाले ललितपुरका सैन्य सबै फर्किए। त्यति वेलासम्म पनि वाभू दखल हुन सकेको थिएन। शनिश्चर वारका राती भक्तपुरेहरूले खुशी हुंदै कान्तिपुरेहरूलाई धपाए। माथि उल्लिखित घटनाहरूबाट आधा कोश जति नैर्ऋत्य दिशामा थिएन भन्ने कुरा स्पष्ट हुन्छ।

यदि वाभू ठिमीबाट आधा कोश जति नैर्ऋत्य दिशामा पर्ने भएको भए वाभू कब्जा गर्न गएका योगनरेन्द्र मल्ल चाँगुमा गएर बस्नु नपर्ने, फेरि त्यति टाढाको

किल्लामा आक्रमण हुँदामानै भक्तपुरका राजा भूपतीन्द्र मल्ल छोरासहित बनेपामा गएर बस्नु पर्देनथियो । तथा सं. ७९५ आश्विन शुदि ६ मा भक्तपुरका राजा जितामित्र मल्लले गरिदिएको तल आउने पत्रमा वाभूको चार किल्ला खुलाउँदा "कासाङ खुसिन उतरता" भनी खस्याङखुसुङ खोलाबाट उत्तर भनी किटेकोबाटनै पनि सो कुरा यथार्थसंग खुल्न आउने हुंदानै वाभू चांगु तथा भक्तपुरको बीचतिरनै थियो भन्ने स्पष्ट हुन्छ ।

प्रमाण

